# रामेछाप जिल्लाका नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिको
स्नातकोत्तर तह द्वितीय वर्ष दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी
कृष्णप्रसाद अधिकारी
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ


२०६३

शोधनिर्देशक
तुलसीमान श्रेष्ठ
प्राध्यापक

# रामेछाप जिल्लाका नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत**
**रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिको**
**स्नातकोत्तर तह द्वितीय वर्ष दसौँ पत्रको**
**प्रयोजनका लागि प्रस्तुत**

**शोधपत्र**

**शोधार्थी**
**कृष्णप्रसाद अधिकारी**
**रत्नराज्यलक्ष्मी क्याम्पस**
**प्रदर्शनीमार्ग, काठमाडौँ**

**२०६३**

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसको नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको ऐच्छिक दसौं पत्रको प्रयोजनका लागि शोधार्थी श्री कृष्णप्रसाद अधिकारी '**रामेछाप जिल्लाका नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण**' शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै मिहिनेतसाथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि म रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०६३/६/

तुलसीमान श्रेष्ठ<br>
प्राध्यापक<br>
रत्नराज्यलक्ष्मी क्याम्पस<br>
प्रदर्शनीमार्ग, काठमाडौं

## शोधपत्रको मूल्याङ्कन समिति

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत यस रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभागका छात्र श्री कृष्णप्रसाद अधिकारी (२०६०-२०६२) ले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका निम्ति तयार पार्नु भएको '**रामेछाप जिल्लाका नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण**' शीर्षकको शोधपत्र सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ---------------- | ---------------- | ---------------- |
| (तुलसीमान श्रेष्ठ) | (हरिप्रसाद पराजुली) | (....................) |
| शोधनिर्देशक | विभागीय प्रमुख | वाह्य परीक्षक |

मितिः २०६३/६/

# कृतज्ञताज्ञापन

'रामेछाप जिल्लाको नेपाली लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण' शीर्षकको प्रस्तुत शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु तुलसीमान श्रेष्ठको निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति व्यस्त समयमा पनि कुनै झर्को नमानी आफ्नो अमूल्य समय, सुझाव, प्रेरणा दिई मार्गनिर्देशन गर्नु हुने गुरूप्रति म सदा ऋणी रहने छु ।

शोधप्रस्ताव स्वीकृत गरी बेलाबेलामा आवश्यक निर्देशन र सुझाव प्रदान गर्नुहुने श्रद्धेय गुरुवर, रत्नराज्यलक्ष्मी क्याम्पसका नेपाली विभागका प्रमुख श्री हरिप्रसाद पराजुलीज्यूमा कृतज्ञता ज्ञापन गर्दछु र लेखनकार्यमा हौसला दिनुहुने क्याम्पसका सम्पूर्ण गुरुज्यूहरूप्रति म कृतार्थ छु ।

अन्तमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्ग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

कृष्णप्रसाद अधिकारी

**विषयसूची**


| | |
|---|---|
| | **पेज** |
| **परिच्छेद एक : शोधप्रस्ताव** | **१–६** |
| १. शोधशीर्षक | १ |
| २. शोधार्थीको नाम | १ |
| ३. विषयपरिचय | १ |
| ४. समस्याकथन | २ |
| ५. शोधको उद्देश्य | २ |
| ६. पूर्वकार्यको समीक्षा | ३ |
| ७. प्राक्कल्पना | ५ |
| ८. शोधकार्यको औचित्य | ५ |
| ९. शोधकार्यको सीमाङ्कन | ५ |
| १०. शोधविधि | ५ |
| ११. समय विभाजन | ५ |
| १२. शोधपत्रको रूपरेखा | ६ |
| **परिच्छेद दुई : रामेछाप जिल्लाको सङ्क्षिप्त परिचय** | **७–१६** |
| २.१ पृष्ठभूमि | ७ |
| २.२ रामेछाप जिल्लाको ऐतिहासिक पृष्ठभूमि | ७ |
| २.३ रामेछाप जिल्लाको भौगोलिक परिचय | ८ |
| २.४ नदीनाला, झरना तथा तालहरू | ९ |
| २.५ प्रमुख स्थलहरू | ९ |
| २.६ स्थानीय निकायको विभाजन | १० |
| २.७ शैक्षिक तथा सामाजिक अवस्था | ११ |
| २.८ साहित्यिक अवस्था | १२ |
| २.९ निष्कर्ष | १५ |
| **परिच्छेद तीन : लोकगीतको परिभाषा, वर्गीकरण,** तत्त्व **र नेपाली लोकगीतका विशेषता** | **१७–३०** |
| ३.१ पृष्ठभूमि | १७ |
| ३.२ लोकगीतको परिभाषा | १७ |
| ३.३ लोकगीतको वर्गीकरण | २० |

| | |
|---|---|
| ३.४ लोकगीतका तत्त्व | २४ |
| ३.५ नेपाली लोकगीतका विशेषता | २६ |
| ३.६ निष्कर्ष | ३० |
| **परिच्छेद चार : रामेछापका लोकगीतको परिचय र वर्गीकरण** | **३१–७४** |
| ४.१ पृष्ठभूमि | ३१ |
| ४.२ रामेछापका लोकगीतको परिचय र वर्गीकरण | ३२ |
| ४.३ रामेछापका विशेष लोकगीतहरू | ३२ |
| ४.३.१ धार्मिक गीतहरू | ३३ |
| ४.३.१.१ आरती | ३३ |
| ४.३.१.२ भजन | ३५ |
| ४.३.१.३ कीर्तन | ३८ |
| ४.३.१.४ व्रतगीत | ३८ |
| ४.३.२ संस्कार गीत | ३९ |
| ४.३.२.१ रत्यौलीगीत | ४० |
| ४.३.२.२ आशिका | ४२ |
| ४.३.२.३ माझीको मृत्यु संस्कारमा गाइने गीत | ४३ |
| ४.३.३ पर्वगीत | ४४ |
| ४.३.३.१ तजिका गीत | ४५ |
| ४.३.३.२ मालसिरी | ४७ |
| ४.३.३.३ भैलो | ४९ |
| ४.३.३.४ देउसी | ५० |
| ४.३.३.५ मारुनी | ५१ |
| ४.३.४ श्रमगीत/कर्मगीत | ५२ |
| ४.३.४.१ गोडेलो | ५३ |
| ४.३.४.२ असारेगीत | ५४ |
| ४.३.४.३ दाइँगीत | ५५ |
| ४.४ रामेछापका सामान्य गीतहरू | ५६ |
| ४.४.१ झ्याउरे | ५६ |
| ४.४.२ रसिया | ५८ |
| ४.४.३ चुड्केगीत | ५९ |

४.४.४ सँगिनी ६१
४.४.५ सेलो ६२
४.४.६ टुङ्नागीत ६३
४.४.७ दमाईगीत ६४
४.४.८ दोहोरीगीत / जुहारीगीत ६५
४.४.९ बालगीत ६८
४.४.९.१ लल्लोरी/निँदरी ७०
४.४.१० जागरणगीत ७१
४.४.११ निष्कर्ष ७३
**परिच्छेद पाँच : रामेछापका लोकगीतको विशेषता ७५-१०३**
५.१ रामेछापका लोकगीतमा लोकजीवनको प्रतिबिम्ब ७५
५.१.१ सामाजिक चित्रण ७५
५.१.२ साँस्कृतिक चित्रण ७८
५.१.३ आर्थिक चित्रण ७९
५.२ रामेछापका लोकगीतको स्वरूप र शैली ८१
५.२.१ स्वरूप ८१
५.२.२ शैली ८४
५.२.२.१ भाषिकाको प्रभाव ८४
५.२.२.२ लयविधान ८६
५.२.२.३ अलङ्कार ८९
५.२.२.४ शब्दशक्ति ९६
५.२.२.५ रसानुभूति ९७
५.३ निष्कर्ष १०२
**परिच्छेद - छ : उपसंहार (मूल्याङ्कनात्मक निष्कर्ष) १०४**
**परिशिष्ट क**
**सन्दर्भग्रन्थसूची**

# संक्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| मि. | = | मिटर |
| गा.वि.स. | = | गाउँ विकास समिति |
| वि.सं. | = | विक्रम सम्वत् |
| पृ. | = | पृष्ठ |
| एम.ए. | = | मास्टर अफ आर्टस् |
| त्रि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| बी.ए. | = | व्याच्लर अफ आर्टस् |
| आई.ए. | = | इन्टरमेडियट अफ आर्टस् |

## परिच्छेद एक

## शोधप्रस्ताव

### १. शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक ‘रामेछाप जिल्लामा प्रचलित नेपाली लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण’ रहेको छ ।

### २. शोधार्थीको नाम

कृष्णप्रसाद अधिकारी

### ४. विषयपरिचय

लोकजीवनमा मानिसहरूले आफ्ना दुःख-सुखका अनुभूतिहरू तथा पीरवेदनाहरूलाई आफ्नो आवाजद्वारा लयात्मक रूपमा प्रस्तुत गर्ने विधा नै लोकगीत हो । चूडामणि बन्धुका अनुसार “लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ” (बन्धु, २०५८ : ११५)

वैदिककालमा पूर्वीय धरातलका आर्यहरूले सामवेदका ॠचाहरूलाई कण्ठ गरेर सारस्वरसहित गाउने गरेको र यो परम्परा लिपिको विकास हुनुभन्दा अघिदेखि नै श्रुतिपरम्परामै सर्दै आएको पाइन्छ । सङ्गीतको बीज तथा आदिमरूपलाई खोजी गर्दा यसको मूल भने प्रामाणिक रूपमा सामवेदलाई नै मान्न सकिन्छ । प्रदीप रिमालका अनुसार “प्राचीन आर्यहरूले पुस्तौं-पुस्तासम्म सामवेद मुखाग्र पार्दै आए जस्तै लोकगीत पनि पुस्तौं-पुस्तादेखि जनजिब्रोमा झुन्डिँदै आएको हुन्छ” (रिमाल, २०२८ : १) ।

प्राचीन समयदेखि निरन्तर स्वच्छन्द रूपमा झरना जस्तै ग्रामीण जनजीवनमा बहँदै आएको लोकगीतको परम्परा र इतिहास धेरै पुरानो रहेको पाइन्छ ।

लोकगीतहरू विभिन्न ठाउँ र परिवेश अनुसार फरक फरक किसिमका हुन्छन् । नेपाल क्षेत्रफलका हिसाबले एउटा सानो राष्ट्र भए तापनि यहाँ जातीय विविधता, भौगोलिक विविधता, सामाजिक विविधता र साँस्कृतिक विविधताका कारणले ठूलो राष्ट्र मान्न सकिन्छ । यस्ता विविध विषमताका कारण यहाँका विभिन्न

क्षेत्रहरूमा धेरै किसिमका लोकगीतहरू पाइन्छन् । पूर्वमा सङगिनी, मध्यपहाडमा झ्याउरे तथा पश्चिमी क्षेत्रमा देउडा जस्ता लोकगीतहरू पाइनु यसका महत्त्वपूर्ण उदाहरणहरू हुन् ।

रामेछाप राजधानीको पूर्वमा रहेको नेपालको मध्यपहाडी क्षेत्रमा पर्ने गाउँ नै गाउँले भरिएको जिल्ला हो । यहाँ, बाहुन, क्षत्री, तामाङ्ग, मगर, आदिजस्ता जातिहरूको बसोवास रहेको छ । यहाँका वासिन्दाहरू आ-आफ्नै भाषा प्रयोग गर्ने भए तापनि चाडपर्व तथा मेलाहरूमा नेपाली भाषाका लोकगीतहरू नै गाउने गर्दछन् । यहाँका लोकगीतहरूमा झ्याउरे, चुड्के, सेलो, टुङ्ना, रसिया, संगिनी, मारुनी, असारे, दाइँगीत तथा विभिन्न धार्मिक भजन र आरतीगीतहरू विशेषरूपमा रहेका पाइन्छन् ।

रामेछापका विभिन्न ठाउँहरूमा धेरै किसिमका लोकगीतहरू प्रचलित भए तापनि तिनीहरूको खोजी गरी वर्गीकरण र विश्लेषण गर्ने कार्य त्यति सशक्त रूपमा नभएकाले तिनीहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण अपेक्षित ठहर्दछ ।

## ५. समस्याकथन

प्रस्तुत शोध निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छः-

क. रामेछाप जिल्लाको ऐतिहासिक, भौगोलिक तथा सामाजिक अवस्था कस्तो छ ?

ख. लोकगीतको परिभाषा, वर्गीकरण तथा नेपाली लोकगीतका विशेषता के-कस्ता छन् ?

ग. रामेछाप जिल्लामा के-कस्ता नेपाली लोकगीतहरू पाइन्छन् ?

घ. रामेछापमा पाइने नेपाली लोकगीतहरूका विशेषता के-कस्ता छन् ?

## ६. शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन्:

क. रामेछाप जिल्लाको ऐतिहासिक, भौगोलिक तथा सामाजिक स्थितिको वर्णन गर्नु,

ख. लोकगीतको परिभाषा, वर्गीकरण तथा नेपाली लोकगीतका विशेषताहरूको निरूपण गर्नु,

ग. रामेछाप जिल्लामा पाइने नेपाली लोकगीतहरूको सङ्कलन र वर्गीकरण गर्नु,

घ. रामेछाप जिल्लामा पाइने नेपाली लोकगीतहरूको विश्लेषण गर्नु,

## ७. पूर्वकार्यको समीक्षा

रामेछाप जिल्लामा पाइने नेपाली लोकगीतहरूको बारेमा लेखिएका कुनै लेख तथा पुस्तक र पत्रपत्रिकाहरू पाइएका छैनन् । त्यसैले यस शीर्षक अन्तर्गत पूर्वकार्य नभएको पुष्टि हुन्छ । नेपाली लोकगीतको अध्ययन र अनुसन्धान गर्ने कार्य भने हिजो आज तीब्ररूपमा बढ्दै आएको पाइन्छ । नेपाली लोकगीतका बारेमा भएका महत्त्वपूर्ण अध्ययन र विचारहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ-

कृष्णप्रसाद पराजुलीका अनुसार "लोकगीत नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई गतिशीलता दिनेगर्छ" (पराजुली, २०२७: २६) ।

प्रदीप रिमालले 'कर्णाली लोकसंस्कृति खण्ड ५' (२०२८) कृतिमा कर्णाली क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको बारेमा चर्चा गर्दै लोकगीतलाई लोकसंस्कृतिको महत्त्वपूर्ण अङ्ग मानेका छन् ।

दामोदर पन्तले आफ्नो शोधपत्र (त्रि.वि.,एम.ए) मा सरलता विश्वव्यापकता, मार्मिकता, रागात्मकता, सूक्ष्म तर प्रभावोत्पादक चरित्र चित्रण, देशकालको अङ्कन आदि लोकगीतका विशेषता हुन् (पन्त, २०३८ः ८) भनी बताएका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) कृतिमा लोकगीत मानवहृदयगत प्राकृत तथा अनुभूत भावनाहरूका उद्वेगको तीब्रतम अनुभूति हो, जो साँचो सामूहिक तिख्खर लयप्रधान हुन्छ भन्ने कुरा व्यक्त गर्दै नेपाली लोकगीतहरूलाई ७ प्रकारमा वर्गीकरण गरेका छन् ।

विषयवस्तुमा तीब्रता शैलीमा सरलता नेपाली लोकगीतका प्रमुख पक्ष हुन् । आफ्नै पनका लयात्मकता र अभिव्यक्तिको स्वाभाविकता पनि यसका राम्रा पक्ष हुन् ( पौड्याल, २०४३ः १९) ।

सत्यमोहन जोशीले लोकगीतको परिभाषा दिनेक्रममा "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो । जुन मातृभाषाका नाताले मानव समाजमा नैसर्गिक रूपले सुख-दुःखका अभावमा दया, माया, प्रेमभाव अभिव्यक्त हुँदा स्वयमेय उद्गारको रूपमा निस्केर लयदार तरजमा काव्यमयी शैली भै सृजना हुन्छन्" (बन्धु, २०५८ः ११३) भनेका छन् ।

चूडामणि बन्धुले नेपाली लोकगीतको परम्परा, विशेषता तथा संरचना प्रस्तुत गर्ने क्रममा "विभिन्न उमेरका बेग्ला बेग्लै भाषा र संस्कृति भएका समुदायहरूमा लोकगीतले सबैको हृदयलाई एउटै बिन्दुमा ल्याउँछ" (बन्धु २०५८:११५) भन्ने कुरा बताएका छन् ।

संस्कृतमा लोक भनेको माथिका सात र तलका सात भुवन मिलेर बनेको चौध भुवन भन्ने सङ्केत गरे तापनि विश्वकोशमा लोकशब्दको अर्थ आदिम जातिका ती सर्वव्यक्ति जसको सम्बन्ध (मेल) बाट यो समाज वनेको छ भन्ने अर्थ लगाइएको छ । लोकगीत भनेको पनि त्यसै अन्तर्गत पर्दछ (सिंह, २०५८:१०) ।

तुलसीमान श्रेष्ठले 'झ्याउरे गीतको बनोट र भेद' (२०६०) शीर्षकको लेखमा पूर्वीपहाडको सँगिनी, मध्यपहाडी क्षेत्रको सेलो, रोइला, कौरा, झ्याउरे, ख्याली, काठमाडौं उपत्यका वरिपरि काँठका रसिया र पश्चिमपहाडी क्षेत्रका देउडा आदिले सिङ्गो नेपाललाई नै व्युँझाएका छन् भन्ने कुरा बताएका छन् ।

कतिपय हाम्रा चाडपर्व, उत्सव लोकगीत गाएरैमात्र पूरा गरिन्छन् (नेपाल, २०६१: १५) ।

तुलसीमान श्रेष्ठले 'कौरा नृत्यको विश्लेषण' (२०६१) शीर्षकको लेखमा कौरा नृत्य तथा गीतको बारेमा चर्चा गर्दै भावना अभिव्यक्त हुनु, सरल, सरस र सहज हुनु, कथ्य भाषाको प्रयोगले मीठास प्रदान गर्नु अनि मानव हृदयलाई च्वास्स छुनु लोकगीतका विशेषता हुन् भन्ने कुरा बताएका छन् ।

नेपाली लोकगीतको अध्ययन अनुसन्धानका क्रममा प्रकाशित भएका कृतिहरूमा कालीभक्त पन्तको 'हाम्रो साँस्कृतिक इतिहास' (२०२८), धर्मराज थापाको 'गण्डकीको सुसेली' (२०३०), काजीमान कन्दङ्वा र विपिनदेव ढुङ्गेलको 'नानीका गीत' (२०३६) नेपाल राष्ट्रिय विद्यापीठको 'नेपाली लोकगीत सङ्ग्रह' (२०३७), सावित्री मल्लको 'पाल्पाका लोकगीत अध्ययन र विश्लेषण' (२०५२), धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१), कृष्णप्रसाद पराजुलीको 'नेपाली लोकसाहित्यको आलोक' (२०५७) साथै चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य' (२०५८) जस्ता महत्त्वपूर्ण कृतिहरू साथै त्रिभुवन विश्वविद्यालय नेपाली विभाग अन्तर्गतका एम.ए.का शोधपत्रहरूले लोकगीतको अध्ययनलाई व्यापक बनाएका छन् ।

**८. प्राक्कल्पना**

रामेछाप जिललामा झ्याउरे, चुट्का, सेलो, टुङ्ना, मारुनी, सँगिनी, रसिया तथा असारे गीतका साथै विभिन्न आरती र भजनजस्ता गीतहरू पाइन्छन् ।

**९. शोधकार्यको औचित्य**

लोकगीतले लोकको चिनारी बोकेको हुन्छ अर्थात जुन ठाउँको लोकगीत हो त्यसले त्यो ठाउँको रहन-सहन, संस्कृति र एउटा सम्पूर्ण परिचय बोकेको हुन्छ । रामेछाप जिल्लाका लोकगीतहरूले पनि त्यहाँको परिवेश र त्यस ठाउँको सम्पूर्ण चिनारी बोकेको छ । रामेछापमा पाइने लोकगीतहरूको समग्ररूपमा सङ्कलन र मूल्याङ्कन नभएको हुनाले प्रस्तुत शोधकार्यको औचित्य भएको छ ।

**१०. शोधकार्यको सीमाङ्कन**

रामेछाप जिल्लामा विभिन्न भाषाभाषीका विभिन्न संस्कृति झल्काउने लोकगीतहरू पाइन्छन् तर प्रस्तुत शोधमा त्यहाँ प्रचलित नेपाली लोकगीतहरूकोमात्र विश्लेषण गरिएको छ ।

**११. शोधविधि**

११.१ **सामग्री–सङ्कलन विधि**

प्रस्तुत शोधकार्य गर्दा मूलतः क्षेत्रीय पद्धतिबाट तथा  अन्तर्वार्ताका माध्यमबाट गरिएको छ र आवश्यकता अनुसार पुस्तकालयीय पद्धति अपनाइएको छ ।

११.२ **सामग्री विश्लेषण विधि**

यस शोधकार्यमा सङ्कलित सामग्रीहरूलाई विश्लेषण गर्दा व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

**१२. समय विभाजन**

शोधकार्य गर्न तोकिएको आठ महिनाको समयावधिलाई निम्नानुसार विभाजन गरिएको छ :

| | |
|---|---|
| सामग्री सङ्कलन | : दुई महिना |
| सामग्रीको विश्लेषण, लेखन र परिष्कार | : चारमहिना |
| टङ्कन गाताबन्दी र प्रस्तुतीकरण | : दुई महिना |

**१३. शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : रामेछाप जिल्लाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : लोकगीतको परिभाषा, वर्गीकरण, नेपाली लोकगीतका विशेषता र तत्त्व ।

चौथो परिच्छेद : रामेछापका लोकगीतको परिचय र वर्गीकरण

पाँचौ परिच्छेद : रामेछापका लोकगीतको विशेषता

छैटौं परिच्छेद : शोधनिष्कर्ष (उपसंहार)

# परिच्छेद दुई

# रामेछाप जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ पृष्ठभूमि

रामेछाप जिल्ला भौगोलिक विविधता भएको एउटा पहाडी जिल्ला हो । यहाँको भौगोलिक बनावटलाई हेर्दा यहाँ अग्ला-अग्ला पहाडदेखि लिएर होचा र केही समथर भू-भागहरू पनि छन् । जलस्रोतका रूपमा रहेका साना-साना खोला र झरनाहरूदेखि लिएर नाम चलेका ठूला-ठूला नदीहरू पनि रहेका छन् । विभिन्न ताल तथा पोखरीहरूले रामेछापको सुन्दरतालाई अझ सुन्दर बनाएका छन् । विभिन्न मन्दिरहरू, डाँडाहरू तथा हिमाली दृष्यहरूले मानिसहरूको मन जित्न सफल हुन्छन् । रामेछाप पहाडी जिल्ला भएकाले यहाँ धेरैजसो ठाउँहरूमा चिसो हावापानी छ भने केही ठाउँमा भने केहीमात्रामा गर्मी खाल्को हावापानी पाइन्छ । जातीय विविधतालाई दृष्टिगत गर्दा यहाँ विविध जातिहरूको बसोबास रहेको पाइन्छ । सबै जातिहरू मिश्रितरूपमा बसोवास गर्दै यहाँको समाज निर्माण भएको छ । साँस्कृतिक अवस्था पनि यहाँ विभिन्न खाल्को पाइन्छ । त्यसैले पनि रामेछापमा विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् ।

## २.२ रामेछाप जिल्लाको ऐतिहासिक पृष्ठभूमि

नेपालको एकीकरण हुनुभन्दा अगाडि रामेछाप सिन्धुलीगढीबाट सञ्चालित राज्य थियो भने केही पूर्वको भू-भागमा दोलखाका मल्ल राजाहरूको निगरानीमा शासन व्यवस्था सञ्चालित थियो । राम वनवास जाँदा आफू हिँडेको छाप त्यस ठाउँमा रहेकोले त्यस ठाउँलाई रामको छाप भन्दाभन्दै अपभ्रंश भएर रामेछाप भएको हो भन्ने एकप्रकारको किंवदन्ती पाइन्छ । अर्को किंवदन्ती अनुसार सिन्धुलीगढीका राजाको रामे नाम गरेको एउटा कोरी छोरो थियो । राजाको छोरो कोरी भएकाले राजालाई सँगै राख्न पनि अप्ठयारो लागेको र बाहिरू पठाउन पनि आफ्नो मनले नमान्ने थियो । त्यसैले उनले आफ्ना भारदारहरूसँग सल्लाह गरेर कोलोञ्जोर  भन्ने ठाउँमा बडाहाकिम बनाई पठाएका थिए तर रामे सानैमा कोरी भएकाले राम्रोसँग पढ्न लेख्न जान्दैनथ्यो । कोलोञ्जोर माथिको जङ्गगमा घाँस-दाउरा लिन जाने हरूेक व्यक्तिले रामेको ल्याचे छाप लिएर अर्थात रामेको स्वीकृतिपत्र लिएर मात्र घाँस दाउरा काट्न पाइन्थ्यो । त्यसैले सबैले त्यस ठाउँलाई रामेको छाप भन्न लागे र पछि रामेको छापबाट ‘रामेछाप’ हुन गयो ।

राणाकालमा माल अड्डादेखि गौडा, गोश्वारा कार्यालय समेत रामेछापमा नै रहेका थिए । स्थानीय विकास तथा सुशासनको लागि छुट्टै स्वशासित संस्थाको रूपमा राजनीतिक तथा प्रशासनिक रेखाङ्कन सुरु गरियो । वि.सं. २०१८ साल अघिसम्म ३५ वटा तहशील (जिल्ला) मध्ये पहाडका २३ जिल्लाभित्र पूर्व २ नं. रामेछाप अन्तर्गत हालको रामेछाप लगायत दोलखा र सिन्धुली समेतको संयुक्त प्रशासनिक अड्डाको रूपमा बडाहाकीमको कार्यलय रामेछाप डाँडामा राखिएको थियो । २०१८ सालमा ७५ जिल्ला विभाजन पछि हालको रामेछापको परिवर्तित भू-आकारमा आएको राजनीतिक तथा प्रशासनिक इकाइको नाम रामेछाप नै रहन गएको थियो । रामेछापको पुरानो सदरमुकाम रामेछाप डाँडामा थियो भने हालको सदरमुकाम मन्थली रहेको छ ।

## २.३ रामेछाप जिल्लाको भौगोलिक परिचय

नेपालको मध्यामाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने जनकपुर अञ्चलका पाहाडी जिल्लामध्येको एक जिल्लाका रूपमा रामेछाप रहेको छ । रामेछापको भौगोलिक अवस्थितिलाई हेर्दा २७°२८' देखि २७°५०' उत्तरी आक्षांश र ८५°५०' देखि ८६°३५' मा देशान्तर रहेको छ । रामेछाप जिल्लाको क्षेत्रफल १५६४.३२ वर्ग किलोमिटर छ (नागरिक वडापत्र, २०६०:१) । रामेछाप जिल्लाको पूर्वी सीमानामा ओखलढुङ्गा र सोलुखुम्बू जिल्ला पर्दछन् भने दक्षिणमा सिन्धुली जिल्ला रहेको छ । त्यस्तै पश्चिममा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला तथा उत्तरमा दोलखा र सिन्धुपाल्चोक जिल्ला रहेका छन् । लाम्चो आकारमा पूर्वबाट पश्चिमतर्फ फैलिंदै उत्तरतर्फ फैलिएको रामेछापलाई मानचित्रमा हेर्दा हलो आकारको देखिन्छ । रामेछाप जिल्लाको सबैभन्दा अग्लो स्थान नुम्बुरचुली (पाथीभरा) ६९५८ मिटरको उचाइ रहेको छ भने सबैभन्दा होचो स्थान लिखु र सुनकोसीको संगम कोलोञ्जोरघाट ३७९ मिटरको उचाइमा रहेको छ । रामेछापको कूलक्षेत्रफल मध्येको ३२% (प्रतिशत) जमीन खेतीयोग्य छ भने ५०% (प्रतिशत) भू-भाग वनजङ्गल र झाडीले ढाकेको छ । घाँसेमैदान ५% ( प्रतिशत) रहेको छ र बाँकी १३% (प्रतिशत) भू-भाग हिउँ, हिमनदी, एयरपोर्ट, बलौटे जमिन, बाँझो जमिन तथा जलाशयले ओगटेको छ । प्रमुख वनस्पतिहरूमा साल, खयर, बेल, चिलाउने, सिसौं, जामुन, आँप, कटहरू, अम्बा, केरा, अमला जस्ता उपोष्णसदाबहार वनस्पति, बर, उत्तीस, गुराँस, ओखर, पलाँस, गोब्रेसल्ला, वनमारा, जुनार, कागती आदि जस्ता पत्झड वनस्पति, धूपीसल्लो, चिराइतो, जटामसी, बोझो आदिजस्ता सदाबहारकोणधारी वनस्पति, लेकाली वास्नादार वनस्पतिहरू तथा झ्याउ, लेउ जस्ता शीतमरुस्थलीय वनस्पतिहरू पाइन्छन् । यहाँका खनिजसाधनमा फलाम

प्रमुख रूपमा रहेको छ । फलामका लागि ठोसे विशेष प्रसिद्ध छ । अन्य खनिज साधनमा स्लेटढुङ्गा, तामा, म्याग्नेसाइट, मार्वल, चुन, शिलाजित रहेका छन् तर हाल खानीका रूपमा भने सञ्चालित छैनन् । रामेछापका लोकगीतहरूको अध्ययनका लागि त्यहाँको भौगोलिक अवस्थाको पनि आवश्यकता रहेको छ ।

## २.४ नदीनाला, झरना तथा तालहरू

नेपाल जलस्रोतका क्षेत्रमा धनी देश हो । नेपालमा नदीनाला, झरना तथा तालहरू प्रशस्त मात्रामा रहेका छन् । रामेछाप जिल्लामा पनि प्रशस्त मात्रामा नदीनाला, झरना तथा तालहरू रहेका छन् । रामेछापका प्रमुख जलाधारका रूपमा रहेका नदीहरूमा सुनकोसी, तामाकोसी, लिखु र खिम्तीखोला पर्दछन् भने उपजलाधारका रूपमा खानीखोला, चौंरीखोला, गोपीखोला, मिल्तीखोला, भटौलीखोला, बफरखोला, तिल्पुङ्खोला, कठजोर-रणजोर-सुकाजोर खोला, हलुवाखोला, दार्खाखोला, पलातीखोला, फुन्द्रीखोला, फलाटेखोला, पोकुखोला, साप्सुखोला, पिप्राङ्खोला, रामदिङ्गखोला, भुजीखोला आदि रहेका छन् । उपर्युक्त जलाधारक्षेत्रका रूपमा रहेका नदीहरूमध्ये केही नदीबाट विद्युत उत्पादन भइरहेको छ भने केहीबाट सिंचाई तथा खानेपानीका योजनाहरू सम्पन्न भएका छन् । यसैगरी रामेछापका प्रमुख ताल तथा पोखरीहरूमा जटापोखरी, पाँचपोखरी, बहुलापोखरी,  कालापोखरी भालेपोखरी, तीनलाल पोखरी, यालाम्छे पोखरी आदि पर्दछन् । यी पोखरीहरूमध्ये धेरै पोखरीहरूमा जनैपूर्णिमा र अन्य केही समयमा मेला लाग्ने गर्दछ । यी पोखरीहरू धार्मिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छन् । रामेछापमा गाइने लोकगीतहरूमा यी नदीनाला, झरना तथा तालहरूका नाम समावेश भएका पाइन्छन् । त्यसैले यस्ता नदीनाला, झरना तथा तालहरूको अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

## २.५ प्रमुख स्थलहरू

रामेछापका प्रमुख स्थलहरूलाई हेर्दा विहानीको घाममा सुनौला देखिने नुम्बुर हिमाल (पाथीभरा चुली) लाई अग्रस्थानमा लिन सकिन्छ । पर्यटकहरूको मन जित्न सफल अन्य हिमालहरूमा लिखुचुली, पनायोटामा, गोकुल चुली, रामदिङ्चुली, गाको शिर हिमाल आदि पर्दछन् । महाभारत सृङ्खलाको सबैभन्दा अग्लो चचुराको रूपमा रहेको शैलुङ्गडाँडा (३१४८ मि.) नेपाली गीतमा धेरै आइरहने शब्द बनेको छ । त्यसैले पनि शैलुङ्गडाँडालाई एक महत्वपूर्ण स्थानका रूपमा लिन सकिन्छ । शैलुङ्ग डाँडामै रहेको शैलुङ्गेश्वर महादेव एक प्रमुख तीर्थस्थलका रूपमा चिनिन्छ, जुन ठाउँमा मेला भर्न काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, रामेछापका साथै अन्य ठाउँबाट

भक्तजनहरू आउने गर्छन । शैलुङ्गडाँडा पछि रामेछापमा पर्ने मुख्य डाँडाहरूमा गिद्धेडाँडा (३१४८ मि), तामेडाँडा (३१०६ मि.), अग्लेश्वर डाँडा (२२९५ मि.), दमकोटीडाँडा (२४२० मि.) आदि पर्दछन् । रामेछापका प्रमुख भञ्ज्याङहरूमा दोरम्बा, गाल्पा, धोबी, साँवाडाँडा, लाप्चाने, कुकुरकाटे, गुराँसे, सेर्दिङ आदि पर्दछन् । धेरै अन्न उत्पादनका लागि तथा उब्जनीमा प्रख्यात र समथर भू-भाग भनेर चिनिने प्रमुखबेंसी तथा टारहरूमा खिम्तीबेंसी, हलेदेबेंसी (तिल्पुङ्बेसी), मुगीटार, हात्तीटार, चियाटार, साँघुटार, पोकुबेंसी, राताटार आदि पर्छन । चुचुरे गा.वि.स.मा पर्ने जटापोखरी र पाँचपोखरी तीर्थस्थलका रूपमा प्रसिद्ध रहेका छन् । यहाँ जनै पूर्णिमाको दिनमा ठूलो मेला लाग्दछ र हजारौ तीर्थयात्रीहरू यहाँ मेला भर्न आउँछन् र यहाँ रहेको महादेवको मन्दिरमा दर्शन गरेर फर्कन्छन् । त्यस्तै गुम्देल गा.वि.स.मा रहेको भालेपोखरी पनि प्रसिद्ध मानिन्छ । तामाकोशीको किनारमा रहेको रामेछापको सदरमुकाम मन्थलीलाई पनि रमणीय स्थलका रूपमा लिइन्छ । माथितिरको भागमा हरियो जङ्गल बीचमा बजार तथा तल्लो भागमा बगेको स्वच्छ र सफा तामाकोशीको रमणीय दृष्यले मन्थलीलाई मनमोहक बनाएको छ । जुन ठाउँमा मन अड्छ अर्थात् ‘मनः स्थली’ बाट मन्थलीको नामकरण भएको छ । रामेछाप जुनारको लागि विशेष प्रसिद्ध छ र बेलको लागि पनि प्रसिद्धि कमाएको छ । ठोसेको फलाम खानीले पनि नेपालमा राणाकालदेखि नै ठूलो प्रसिद्धि कमाएको छ ।

### २.६ स्थानीय निकायको विभाजन

वि.सं. २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा स्थापित रामेछापलाई हाल विभिन्न स्थानीय निकायमा विभाजन गरिएको छ । जिल्लासदरमुकाम मन्थली रहेको रामेछापलाई २ निर्वाचन क्षेत्रमा र ११ इलाकामा विभाजन गरिएको छ । रामेछापमा जम्मा ५५ वटा गा.वि.स रहेका छन् तथा ४९५ वटा वडाहरू रहेका छन् । रामेछापको निर्वाचन क्षेत्र १ र २ लाई तामाकोशीले छुट्टयाएको छ । त्यसैले कोसीवारि र कोसीपारिका क्षेत्रहरू भनेर चिनिने गर्छन् । क्षेत्र नं १ मा पर्ने गा.वि.स.हरू गुम्देल, वाम्तीभण्डार, कुभुकास्थली, चचुरे, ठोसे, सैपु, दुरागाउँ, भुजी, गुत्पेश्वर, प्रिती, रस्नालु, बेलाली, नामाडी, फर्पु, बिजुलीकोट, गोठगाउँ, नागदह, खिम्ती, तिल्पुङ्ग, साँघुटार, देउराली, हिमगंगा, रामपुर, ओखेनी, रामेछाप, सुकाजोर, सालु, सुनारपानी कठजोर, गरी २९ वटा गा.वि.स पर्दछन् भने क्षेत्र नं. २ अन्तर्गत भटौली, चिसापानी पकरवास, गेलु, चनखु, पुरानागाउँ, भदौरे, गौश्वारा, पिंखुरी, टोकरपुर, दोरम्बा, डडुवा, फुलासी, लखनपुर,

गुन्सी, दिमीपोखरी, हिलेदेवी, वेथान, खनियापानी, राकाथुम, मभ्कुवा, भीरपानी, माकादुम, खाँडादेवी मन्थली र भलुवजोर गरी २६ वटा गा.वि.स. हरू पर्दछन् ।

## २.७ शैक्षिक तथा सामाजिक अवस्था

नेपाल हिन्दूराष्ट्र भएकाले यहाँ प्राचीन समयदेखि नै धर्मिक शास्त्रहरूको प्रभुत्व रहँदै आएको छ । वेद, पुराण तथा ज्योतिष र अन्य धार्मिक ग्रन्थहरूको अध्ययन र अध्यापन पुरानो समयमा नै थियो । रामेछापमा पनि गुरुका घरमा गएर पढ्ने चलन पहिले देखि नै विशेष गरी बाहुन सम्प्रदायमा रहेको पाइन्छ । वेद, पुराण र अन्यकर्मकाण्डका विषयहरू घरैमा बसेर आफ्ना नयाँ पिँढीहरूलाई सिकाउने प्रचलन थियो । जुन घरमा अभिभावक त्यति जान्ने खाल्का थिएनन्, त्यस घरका छोराहरूलाई अन्य गुरुका घरमा पढ्न पठाइन्थ्यो । ज्योतिषशिक्षा र सामान्य पात्रो हेर्ने जस्ता कुराहरू भने ब्राह्मणभन्दा बाहेकका अन्य जातिहरूले पनि सिक्ने गरेको पाइन्छ । सरकारी स्तरबाट विद्यालयको स्थापना हुनुभन्दा पूर्वकालमा चौरमा बसेर तथा खरीले ढुङ्गामा लेखेर, ढलोटमा लेखेर तथा काठका पाटीहरूमा लेखेर पढाउने प्रचलन थियो । औपचारिक रूपमा भने राणाशासनको अन्त्यपछि अर्थात् वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि रामेछाप डाँडामा 'गौरीशङकर' विद्यालयको स्थापना भयो । रामेछाप जिल्लामा हाल ३५५ वटा प्राथमिक विद्यालयहरू रहेका छन् भने ४० वटा निम्न माध्यमिक, ४९ वटा माध्यमिक र ८ वटा उच्च माध्यमिक विद्यालयहरू रहेका छन् । सरकारी स्तरबाट सञ्चालित विद्यालयहरूको सङ्ख्या जम्मा ४५२ रहेको छ भने फाटफुट रुपमा १-२ वटा निजी विद्यालयहरू पनि सञ्चालित छन् । क्याम्पसको सङ्ख्या भने महेन्द्रोदय बहुमुखी क्याम्पस तथा गौरीशङ्कर वृहत शिक्षा क्याम्पस गरी २ वटा रहेका छन् । कुल साक्षरता जम्मा ४४.५४ प्रतिशत रहेको छ भने कुल साक्षरताको ६१.५० प्रतिशत पुरुष साक्षरता र २७.२४ प्रतिशत महिला साक्षरता रहेको छ ।

रामेछापको सामाजिक अवस्था विविध जातिहरूको मिश्रणबाट बनेको छ । बाहुन, क्षत्री, नेवार, गुरुङ, मगर, तामाङ, शेर्पा, सुनुवार, माभ्की, हाइयु, कामी, दमाई, सार्की, वादी जस्ता जातिहरू रामेछापका विभिन्न ठाउँहरूमा बसोवास गर्दै आएका छन् । बाहुन, क्षत्री, कामी दमाई र सार्की जस्ता जातिहरू मिश्रित रूपमा सबैठाउँमा छन् भने शेर्पा जातिहरू विशेष गरी रामेछापको माथिल्लो भाग (हिमाली क्षेत्र) अर्थात् वाम्ती, चुचुरे र गुम्देल गा.वि.समा बढी संख्यामा रहेका छन् । त्यसैगरी चिसापानी र ठोसे जस्ता ठाउँहरूमा नेवार सम्प्रदायको बाहुल्यता रहेको छ । मगर, तामाङ र गुरुङहरू विभिन्न इलाकामा पाइन्छन् भने माभ्कीहरूको वस्ती खिम्तिखोला,

तामाकोशी र सुनकोशीको किनारमा रहेको छ । त्यस्तै रामेछापमा मात्रै रहेको हाइयू जाति रामेछाप गा.वि.स.मा एक ठाउँमा मात्रै रहेको छ र वादीजातिहरू पनि रामेछापमा एक ठाउँमा मात्रै रहेका छन् । तर वादीहरू भने अन्य जिल्लामा पनि पाइने जाति हुन् । रामेछापमा उत्पादन हुने प्रमुख अन्नबालीहरूमा कोदो, मकै, फापर, धान, गहुँ, जौ, तोरी, आदि पर्दछन् । फलफूलहरूमा मुख्य गरी जुनार, सुन्तला, ज्यामिर, भोगटे निबुवा, कागती आदि पाइन्छन् भने आलु, अलैंची, अदुवा र विभिन्न जातका जडिबुटीहरू निर्यातजन्य उत्पादनका रूपमा रहेका छन् । रायो, तोरी, मुला, बन्दा, काउली, फर्सी, लसुन, प्याज आदिजस्ता तरकारी बालीहरू यहाँ उत्पादन हुन्छन् । धेरै किसिमका अन्न, फलफूल तथा तरकारीहरू यहाँ उत्पादन भए तापनि रामेछापको जुनार विशेष गरी नेपालभरी नै प्रसिद्ध रहेको छ । यहाँका जातिहरूले यिनै फलफूल तथा अन्नवालीहरू लगाउँदा यिनीहरूसँग सम्बन्धित भएर भाका हालेर गीत गाउने गर्दछन् ।

रामेछापका मानिसहरूले गर्ने मुख्य संस्कारहरूमा जन्म, न्वारान, व्रतबन्ध, विवाह, पास्नी तथा अन्य मृत्युसंस्कारहरू छन् । यस्ता संस्कारहरू विभिन्न जातिहरूले गर्ने भए तापनि आ-आफ्नै प्रकारले सम्पन्न गरिन्छन् अर्थात फरक-फरक तरिकाले सम्पन्न हुन्छन् । माझीहरूले मृत्युसंस्कारमा मादलको उल्टो तालमा गीत गाउँदै नाच्ने गर्दछन् । त्यस्तै क्षत्री, वाहुन र अन्य सम्प्रदायमा विवाहमा रत्यौली खेल्ने चलन तथा विहेमा आशिक दिने जस्ता कुराहरू गीतद्वारा नै सम्पन्न हुन्छन् । मुख्य चाडपर्वहरूमा दशैं, तिहार, ठूलोएकादशी, बालचतुर्दशी, माघेसङ्क्रान्ति, ऋृषिपञ्चमी, तीज आदि पर्दछन् । यस्ता पर्वहरूमा जात्रा लाग्ने र विभिन्न प्रकारका गीत गाउने गरिन्छ ।

रामेछापका मानिसहरू दौरा, सुरुवाल, टोपी, कमिज, इष्टकोट जस्ता लुगाहरू लगाउँछन् साथै तामाङ जातिको आफ्नै पहिरून छ । गोठालाका रूपमा भेडीगोठ बस्ने गुरुङ तथा तामाङहरू कोटको रूपमा भेडाको ऊनद्वारा बनेको लुकुनी लगाउँछन् । शेर्पाहरू बख्खु लगाउँछन् भने माझीहरू प्रायः कमिज र कछाड लगाउँछन् । यसैगरी विभिन्न जातिहरूले गर्मी र जाडोको स्थान अनुसारका लुगाहरू लगाएको पाइन्छ । यसरी लगाइएका पहिरनहरूको वर्णन गीतमा पनि समेटिएको पाइन्छ ।

## २.८ साहित्यिक अवस्था

रामेछापको भू-वनोट उत्तर-दक्षिण लाम्चो आकारमा फैलिएको छ । रामेछापको सीमानामा पर्ने जिल्ला छ वटा छन् अर्थात ६ वटा जिल्लाहरूसँग रामेछाप जोडिएको छ । त्यसैले रामेछापले छिमेकी जिल्लाहरूका धेरै लोकसंस्कृति र लोकगीतलाई समेटेको छ भन्न सकिन्छ । पूर्वमा पर्ने सोलुखुम्बू र ओखलढुङ्गाका लोकगीतहरू रामेछापमा पनि प्रचलित छन् । हिमाली भेगमा गाइने गीतहरूको प्रभाव पनि रामेछापमा पाइन्छ । यसै गरी सिन्धुलीतिर गाइने गीतहरू पनि रामेछापको तल्लो भू-भागमा प्रचलित छन् । काठमाडौं उपत्यकासँग जोडिएको काभ्रेपलाञ्चोकसँग पनि रामेछापको सीमाना जोडिएकाले काँठका गीतहरू अर्थात् काँठेगीत र रसिया गीतहरू पनि रामेछापमा प्रचलित छन् । लिखुक्षेत्रका सुनुवार, तामाङ्ग, गुरुङ्ग तथा गुम्देल क्षेत्रका शेर्पा र शैलुङ्ग क्षेत्रका तामाङ्ग जातिहरू भेडीगोठ राख्ने, चौंरीगोठ राख्ने गर्दछन् । खर्कमा भेडा राखेर गोठालाहरू जम्मा भई लोककथाहरू सुनाउने, टुङ्ना बजाएर गीत गाउने गर्दछन् । यसैगरी गाउँघरमा साउन भदौमा मकैका भुता बनाउँदा, राति बसेर जाग्राम गरी रात बिताउनु पर्दा गीत गाएर तथा कथा सुनाएर समय बिताउने गर्दछन् । यस्तो समयमा उखानटुक्का र गाउँखानेकथाहरू पनि भन्ने गरिन्छ । रामेछाप लोकगीत, लोककथा, सिलोक, उखान, टुक्का, गाउँखाने कथा आदि जस्ता लोकसाहित्यका विधामा धनी छ भन्न सकिन्छ । विशेषगरी रामेछापलाई लोकगीतमा सम्पन्न मानिन्छ । रामेछापका तामाङ्गहरू सेलोमा निपुण मानिन्छन् । जात्रा तथा पर्वहरूमा सेलोमा बूढापाकादेखि युवा युवतीहरू जुहारी खेल्ने गर्दछन् । यस्तै मगर तथा माझी सम्प्रदायहरूको ख्याली तथा मारुनी निकै प्रचलित छ । उनीहरू तिहारमा भैलो खेल्न निस्कन्छन् र मारुनी नाच्ने र मारुनी भट्याउने गर्दछन् । माझीहरू कोशीपूजा र सोह्रश्राद्धमा विशेष गीत गाउने गर्दछन् । शैलुङ्गजस्ता लेकाली भू-भाग र लिखुक्षेत्रका लेकाली भू-भागमा टुङ्ना बजाएर छुट्टै प्रकारका गीत गाइन्छन् । यसैगरी रामेछापका विभिन्न ठाउँहरूमा रत्यौली गीतहरू, देउसी, भैलो, सँगिनी, तीजका गीत, दमाईगीत, चुड्के, झ्याउरे, दोहोरी जस्ता गीतहरू प्रशस्त मात्रामा गाइन्छन् । भजन, चुड्काभजन, आरती कीर्तन र बालुनहरू पनि धार्मिक पर्वहरूमा प्रशस्त चल्ने गर्छन् । दशैंको समयमा दुर्गा थापेर मालसिरी गाउने प्रचलन छ । यस्ता गीतहरूले रामेछापलाई लोकगीतको क्षेत्रमा साथै लोकसाहित्यकै क्षेत्रमा मज्बुत बनाएको छ ।

लिखित साहित्यमा रामेछापले ठूलो योगदान दिएको छ । रामेछापमा जन्मेका धेरै साहित्यकारहरूले नेपाली साहित्यलाई उचाइमा पुऱ्याउने काम गरेका छन् ।

रामेछापमा जन्मेर विभिन्न ठाउँमा बसोवास गर्दै आएका कवि, लेखकहरूले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । कथा, कविता, निबन्ध उपन्यास र नाटक जस्ता विधाहरू रामेछापका साहित्यकारहरूले सृजना गरेका छन् । कविताको लामो रूप महाकाव्य, मभ्कौला रूप खण्डकाव्य तथा फुटकर कविताहरूका साथै मुक्तकहरू प्रशस्त सिर्जिएका छन् । नेपाली साहित्यका प्रथम सहिद कृष्णलाल अधिकारीको जन्म रामेछापको कठजोरमा भएको थियो । उनी 'मकैको खेती' प्रवन्धात्मक लेख भएको पुस्तक लेखेवापत राणा शासकबाट जेलमा थुनिएका थिए र जेलमै उनको मृत्यु भएको थियो । त्यसैगरी चार सहिद मध्येका गंगालाल श्रेष्ठ र प्रजातान्त्रिकयोद्धा पुष्पलाल श्रेष्ठ पनि रामेछापमा नै जन्मेका थिए । गंगालाल श्रेष्ठले र पुष्पलाल श्रेष्ठले पनि धेरै फुटकर कविताहरू लेखेर नेपाली साहित्यमा योगदान पुऱ्याएका छन् । कृष्णलाल, गंगालाल र पुष्पलालको जन्मथलो रामेछापलाई तीनलालको किल्ला' पनि भनिन्छ । आशुकवि शम्भुप्रसाद ढुङ्गेलको पुर्ख्यौली थलो पनि रामेछापको चिसापानी हो । एउटै ठाउँका व्यक्ति भएकाले कृष्णलाल अधिकारी र शम्भुप्रसाद ढुङ्गेलको राम्रो सम्बन्ध थियो । त्यसैले शम्भुप्रसाद ढुङ्गेल पनि मकैपर्वमा मुछिएका थिए । शम्भुप्रसाद ढुङ्गेलले 'अभिज्ञानशाकुन्तल' नाटकको मौलिक रूपमा अनुवाद गरेर 'शकुन्तला' नाटक लेखेका छन् । गद्य र पद्यमा लेखिएको 'शकुन्तला' का नेपाली श्लोकहरू अन्य लेखकले लेखेका शाकुन्तल नाटक तथा काव्यका श्लोकका तुलनामा ज्यादै प्रभावकारी रहेका छन् । यसैगरी ढुङ्गेलले 'कृष्ण चरित्र' र 'महाभारत' लाई नेपालीमा महाकाव्यका रूपमा अनुवाद गरी प्रस्तुत गरेका छन् । सबैकाव्यहरू प्रकाशित नभए पनि सयभन्दा बढी काव्यकृतिहरू लेखेका ढुङ्गेलले गजलका क्षेत्रमा पनि सशक्त कलम चलाएका छन् । रामेछापको सालुमा जन्मेका पद्मप्रसाद भट्टराईले पनि माध्यमिक कालमा नेपाली साहित्यमा सशक्त कलम चलाएका छन् । 'कृष्ण चरित्र' जस्तो महाकाव्यत्मक कृतिदेखि कविताका फुटकर रूपमा समेत भट्टराईले कलम चलाएका छन् । परिष्कारवादी कवि धरणीधर कोइरालाको जन्म पनि रामेछापको बेतालीमा भएको थियो । कवि कोइरालाको जन्म बेतालीमा (मावली गाउँमा) भएको तर उनको पुर्ख्यौली घर भने सिन्धुलीको दुम्जामा पर्दछ । उनले कवितामा प्रसिद्धि कमाएकाले त्यसको प्रभाव उनको जन्म भएको ठाउँमा केही मात्रामा परेको पाइन्छ । रामेछापका अर्का प्रसिद्ध साहित्यिक व्यक्तित्व भरतराज मन्थलीय हुन् । उनले रामेछापको मन्थलीमा जन्मेर राजधानीलाई कर्मथलो बनाई काव्यरचना गरेका छन् । परिष्कारवादी कवि मन्थलीय रामेछापका प्रसिद्ध कविका रूपमा परिचित छन् । देवयानी, महारामायण र श्रुतिसौरभजस्ता सशक्त र परिष्कृत महाकाव्य लेखेका मन्थलीयले थुप्रै फुटकर कविताहरू पनि लेखेका छन् ।

रामेछापका अर्का साहित्यकार जगदीश घिमिरेले साहित्यको आख्यान विद्यालाई सशक्त रूपमा अगाडि बढाएका छन् । विभिन्न फुटकर लेख तथा केही कविता लेखेका घिमिरेले कथा र उपन्यासलाई भने मुख्य रूपमा अँगालेका छन् ।

त्यसैगरी नगेन्द्रराज शर्माको 'महापुरुष' र 'दिवास्वप्न' जस्ता उपन्यास र 'पीपलको बोटमुनी' र 'एकान्तका आफन्तहरू' जस्ता कथासङ्ग्रहहरू प्रकाशित छन् । भूपहरि पौडेलले विभिन्न शैक्षिकतहहरूमा अध्ययन गरिने पुस्तकहरूदेखि विविध संस्कृति सम्बन्धी अध्ययन गरी पुस्तकहरू प्रकाशन गरेका छन् । पौडेलले विभिन्न फुटकर लेखहरू पनि थुप्रै लेखेका छन् ।

शङ्कर कोइरालाले लेखेको 'घैरेनीघाट' आञ्चलिक उपन्यास रामेछापको खैरेनीघाटलाई परिवेश बनाएर लेखिएको उपन्यास हो । खैरेनीघाट सिन्धुली र रामेछापको बीचमा रहेको माझीहरूले डुङ्गा तार्ने सुनकोशी नदीको प्रमुख घाट हो । साहित्यिक संस्था र साहित्यिक पत्रिकाहरू रामेछापले उत्पादन नगरे पनि केही पत्रपत्रिकाहरू रामेछापबाट प्रकाशित भएका छन्, जसले राजनीतिक, सामाजिक र साहित्यिक विषयलाई उजागर गरेका छन् । रामेछापबाट प्रकाशित 'रामेछाप' पत्रिका २०५७ साल देखि मासिक रूपमा प्रकाशित भएको र केही  अङ्कको प्रकाशनपछि प्रकाशन बन्द भएको छ । त्यस्तै 'युग सन्देश' २०५६ साल देखि केही अङ्क प्रकाशितभएर फेरि बन्द भएको छ । समय-समयमा केही पत्रिकाहरू एउटा अङ्क मात्रै भएपनि प्रकाशित भएका छन् ।

## २.९ निष्कर्ष

रामेछाप काठमाडौंको पूर्वमा पर्ने पहाडै-पहाडले भरिएको जिल्ला हो । रामेछापको सम्पूर्ण क्षेत्र पहाडले ढाकेको छ । नुम्बुर हिमालको मनोरम दृष्य तथा भञ्ज्याङ्ग र वनजङ्गलका विविध वनस्पतिहरूले यसलाई सजाएका छन् । रङ्गिन गुराँस, लालीगुराँस तथा चिमलगुराँसले बेहुली झै सिँगारेको रामेछापलाई शिरमा लगाएको ताज झै हिउँले थप शोभा दिने गरेको छ । पहराको माथितिर फुल्ने सुनगाभाले थप गहनाले झैं सिँगारेका छन् । रामेछापको सबैभन्दा अग्लो स्थानका रूपमा रहेको नुम्र चुली (पाथीभरा ६९५) मिटरको उचाइमा रहेको छ, जसलाई रामेछापको ठाडो शिर मान्न सकिन्छ भने सबैभन्दा होचोस्थानका रूपमा चिनिने कालोञ्जोर घाट (लिखू र सुनकोशीको संगम) समुद्री सतहदेखि ३७९ मिटरको उचाइमा रहेको छ, जसलाई रामेछापको पाइताला मानिन्छ । बाहुन, क्षत्री, नेवार, गुरुङ, मगर, सुनवार, माझी, हाइयू, कामी, दमाई, सार्की, बादी, तामाङ, शेर्पा जस्ता जातिहरूको बसोवास रहेको

रामेछापमा धार्मिक विविधता र साँस्कृतिक विविधता पाइन्छ । मुख्यगरी हिन्दूधर्मको बाहुल्यता रहेपनि केही बौद्ध धर्मावलम्बीहरू र छिटपुट रूपमा क्रिस्चियन धर्मको प्रभाव पाइन्छ । साहित्यिक क्षेत्रका प्रथम सहिद कृष्णलाल अधिकारीदेखि गङ्गालाल, पुष्पलाल, भरतराज मन्थलीय, धरणीधर कोइराला, जगदीश घिमिरे, नगेन्द्रराज शर्मा, पदमप्रसाद भट्टराई (उपाध्याय), भूपहरि पौडेल आदि जस्ता साहित्यकारहरूले रामेछापकै माटोमा प्रथम पाइला टेकेका थिए । त्यस्तै आशुकवि शमभुप्रसाद ढुङ्गेलको पारिवारिक पृष्ठभूमि तथा पुर्ख्यौली थलो पनि रामेछाप नै रहेको छ । गोठालो जाँदा, गोठमा बस्दा, घाँस-दाउरा जाँदा तथा जाग्राम गर्दा लोककथा, उखान टुक्का, गाउँखानेकथा तथा गीतहरू चल्ने गर्दछन् । विभिन्न चाडपर्व, धार्मिकभजनहरू तथा आरतीहरूले रमाइलो वातावरण बनाउने र रौनकता थप्ने काम गरेका छन् । त्यसैले रामेछाप लोकसाहित्यको क्षेत्रमा धनी रहेको मानिन्छ ।

# परिच्छेद तीन

# लोकगीतको परिभाषा, वर्गीकरण, तत्त्व र नेपाली लोकगीतका विशेषता

## ३.१ पृष्ठभूमि

लोकसाहित्यका अन्य विधाहरूभन्दा लोकगीत उत्कृष्ट तथा महत्त्वपूर्ण विधाका रूपमा रहेको छ । लोकप्रचलनमा जेजति लोककथा, लोकनाटक, लोककविता, लोकगाथा, गाउँखाने कथा, उखान टुक्का रहेका छन् । ती सम्पूर्ण विधालाई उछिने र लोकगीत हरूेक व्यक्तिको जिब्रोमा रहन सफल विधा हो । मौखिक परम्परामा हुर्किएको लोकसाहित्य पुस्तौं-पुस्तादेखि अलिखित रूपमा नै हस्तान्तरण हुँदै आएको पाइन्छ । लोकसाहित्यमा लोकजीवनमा लोकहरूले भोगेका दुःख-सुख, हर्ष-विस्मात, हाँसो-आँसु ताथ लोकजीवनका व्यवहार, रहन-सहन, चाल-चलन व्यक्त भएको हुन्छन् । वासुदेव त्रिपाठीले "जीवनको बहुमुखी सेरोफेरोको तीब्रतर अभिव्यक्ति नै लोकसाहित्य हो" (त्रिपाठी, २०३२:३) भनेका छन् । लोकसाहित्य अन्य साहित्य अर्थात लिखित साहित्यभन्दा पुरानो साहित्य मानिन्छ । तुलसीमान श्रेष्ठका अनुसार " लोकजीवनलाई सरस, सरल ढङ्गले यथार्थ र जिउँदो रूपमा निर्देशन गर्न सक्ने भाषा र भावनामा निर्मित मानवमुटुको स्पन्दनबाट निस्केर पुस्तौं-पुस्तादेखि जनजिब्रोमा सल्बलाउँदै आएको मीठो र आकर्षक मौखिक साहित्य हो र यसले नेपाली जनजीवनलाई अत्यन्त प्रभाव पारेको छ" (श्रेष्ठ, २०६०:३७) । लोकसाहित्यको जानकारी बिना लोकगीतको परिचय दिन मुस्किल हुन आउँछ । लोकसाहित्य र लोकगीतका विशेषताहरू समान नै रहेका छन् । लोगीतको पृष्ठभूमिका रूपमा सम्पूर्ण लोकसाहित्यलाई नै हेर्नुपर्ने हुन्छ । लोकसाहित्य र लोकगीतको चिनारीपछि मात्र रामेछापका लोकगीतहरूको विश्लेषण गर्न उपयुक्त हुन्छ ।

## ३.२ लोकगीतको परिभाषा

लोक जीवनमा प्रचलित गीतहरू नै लोकगीत हुन् । अङ्ग्रेजी शब्द 'Folk song' (फोक-सङ्ग) को पर्यायवाचीका रूपमा रहेको नेपालीको 'लोकगीत' शब्द 'लोक' र 'गीत' दुई शब्दको संयोजनबाट बनेको छ । लोकगीतको निर्माण लिखित रूपमा नभएर परम्परागत रूपमा ग्रामीण सभ्यता र संस्कृतिबाट भएको हुन्छ र यसले कुनै पनि राष्ट्रको पुरानो सभ्यता र संस्कृतिलाई सुरक्षित गर्छ (डिक्सनरी अफ फेकलोर सन् १९५०: १०३)

लक्ष्मण लोहनीका अनुसार "लोकगीत भनेको वसन्तको हरियालीमा, चैते हुरीमा, जेठको खडेरीमा, दिनभरको धकाइमा डम्फू, मादल, झ्याली, करताल, खैंजेडी, मुजुरा, बाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्टपारी कुलकुल्याई रहेको खोला नालाको अविरल धुनमा सहेलिंदै गएका सुरिला मधुरकण्ठ च्याङ्बा र च्याङ्बी

साहिंला र साहिंलीको हृदय फुटेर आएको चोखो सङ्गीतमय उद्गार हो" (लोहनी, २०१३:८)

लोकगीतलाई चिनाउने क्रममा हिन्दी साहित्यकोशले यस्तो निचोड दिएको छ - लोकगीत वस्तुतः त्यही हुन सक्छ जसमा रचयिताको निजी व्यक्तित्व उत्रने र लोकको आफ्नै चिज भन्न थाल्ने व्यक्तित्वहीन रचना गर्छ । त्यही रचना लोकको आफ्नै गीत हुनेछ । जुन गीत परम्परामा गाँसिन्छ र परम्पराले समय-समयमा अनुकूल गर्दै रहन्छ (हिन्दी साहित्यकोश, २०२०:७५०) ।

प्राध्यापक वासुदेव त्रिपाठीले "लोकगीत जनजीवनका आधारभूत संस्कारहरू मार्मिक भाव तथा सङ्कलित चेतनाको उपज हो । लोकगीत नै हाम्रो काव्यपरम्पराको प्रारूप पनि हो" (त्रिपाठी, २०२७:६९) भनेका छन् ।

कृष्णप्रसाद पराजुलीले "लोकगीत नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई गतिशीलता दिने काम गर्छ" (पराजुली, २०२७:४३) भनेका छन् ।

लोकसाहित्यविद् कालीभक्त पन्तका अनुसार "लोकगीत त्यो हो जो गीत कसैका दबाव, धनबक्सिस र लोभसमेतमा नपरी स्वयम्, दु:खित, उत्पीडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त र वियुक्त समेत जोकोही जाति, व्यक्ति, लिङ्ग, समाज, जिल्ला र गाउँ समेतका नरनारीले कुनै पुस्तकको बन्धनमा नपरी बनाएको हो" (पन्त, २०२८:१७) ।

धर्मराज थापाले लोकगीतलाई चिनाउने क्रममा "लोक अनुभूति लोकगीत हो जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ" (थापा, २०३०:१३) भनेका छन् ।

बालकृष्ण समले लोकगीतलाई आफूगीत भनेर चिनाएका छन् (सम, २०३६:५५) ।

लोकगीतको अर्थ बताउने क्रममा बृहत् नेपाली शब्दकोशले लाकेगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनी बताएको छ (बृहत नेपाली शब्दकोश, २०४०: ११८८) ।

अङ्ग्रेजी विश्वकोशमा लोकगीतलाई 'Folk song' (फोक-सङ्ग) भनी परम्पराद्वारा सुरक्षित भएर एक मान्छेदेखि अर्को मान्छेसम्म र एक पुस्तादेखि अर्को पुस्तासम्म सर्दै जान्छ (इन्साइक्लोपेडिया ब्रिटेनिया, सं १-४: ४४४) भनिएको छ ।

कुनै पनि लोकगीत मानवीय जीवन भोगाइका सशक्त अभिव्यक्ति भएर आउँछन् (पौड्याल, २०४३:१८) ।

लोकसाहित्यरूपि पारिजातमा कुसुमसित फूलको वरदान भनौं प्रचुर गुदी भएको, स्वादिलो, मधुरो र रसिलो फल हो लोकगीत (यात्री, २०४६: अंक ३९)

काव्यसुलभ अभिव्यक्ति हृदयग्राही भाव, हृदयावर्जक शैली, कोमल पदरचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन् (पराजुली, २०४६: ८६) ।

लोकगीतकै परिभाषाका क्रममा कृष्णप्रसाद घिमिरेले “आफ्नो साँस्कृतिक परिवेश अनुरूप समकालीन सामाजिक चेतनाको प्रस्फुटन लयात्मक रूपमा हुने अभिव्यक्तिलाई नै लोकगीत भनिन्छ” (घिमिरे, २०५४:८८) भनेका छन् ।

लक्ष्मीप्रसाद देवकोटाले ‘के नेपाल सानो छ ?’ निबन्धमा लोकगायकलाई हेलेन केलरको संज्ञा दिएका छन् (देवकोटा, २०५७:५३) ।

अङ्ग्रेजी साहित्यकार राल्फ भी.विलियम्सले लोकगीत न त नयाँ हुन्छ न पुरानो, त्यो त जङ्गलको एउटा रूख जस्तै हो जसका जराहरू भूतकालका गहिराइमा धसिएका छन् तर जसमा निरन्तर नयाँ-नयाँ पात र फलहरू उत्पन्न हुन्छन् भनेका छन् (बन्धु, २०५८: ११३) ।

चूडामणि बन्धुले “लोकगीत भनेको लोकजीवनको रागात्मक, स्वतः स्फूर्त, लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा र निराशाका साथै लोकको चाल चलन, विधिव्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ” (बन्धु, २०५८:११५) भनेका छन् ।

यसरी विभिन्न परिभाषालाई हेर्दा लोकगीत प्राचीनकालदेखि नै अलिखित रूपमा श्रुतिपरम्पराबाटै पुस्तान्तरित हुँदै आएको पाइन्छ । लोकगीतमा गाउँले अशिक्षित जनताका स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति पाइन्छन् । मानव जीवनका सुख-दुःख, हर्ष-पीडा, आँसु-हाँसो तथा विभिन्न चाडपर्व र संस्कारहरू लोकगीतमा झल्किएका हुन्छन् । कोमल पदरचना, सुमधुर लय, चोखो भाव आदि लोक गीतका प्रमुख विशेषता हुन् । लोकसाहित्य सबैभन्दा पुरानो साहित्य तथा सरल र सरस साहित्य भएकाले सम्पूर्ण साहित्यकै मूलस्रोत मानिन्छ । लोकगीतका उपर्युक्त परिभाषाले रामेछापका नेपाली लोकगीतलाई पनि समेटेको पाइन्छ ।

## ३.३ लोकगीतको वर्गीकरण

लोकगीत मानिसहरूको आफ्ना मनका निजी भावनाहरूलाई व्यक्त गर्ने साधन हो । मानव सम्प्रदायको विकासको सुरुवात भएदेखि नै लोकगति प्रचलित हुँदै आएको छ । युगौंदेखि एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएकाले लामो समयको अन्तरालमा परिवर्तन आउनु पनि स्वभाविक नै मानिन्छ । धेरै प्रकारका लोकगीतहरू पनि सिर्जना भएका हुन्छन् । नेपाली लोकगीतहरूमा पनि जीवनका विविध पक्षलाई छोएर गाइएका विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् । नेपाली लोकसाहित्यका विभिन्न विद्वान्हरूले नेपाली लोकगीतका बारेमा अनुसन्धान र वर्गीकरण गरिसकेका छन् तर अझै पनि केही समस्याहरू भने बाँकी नै रहेका पाइन्छन् । लोकगीतको समग्र वर्गीकरणलाई हेर्दा नेपाली लोकसाहित्यविद् तथा केही विदेशी विद्वान्हरूका मतहरूलाई पनि हेर्नु जरुरी हुन आउँछ ।

भारतीय लोकसाहित्यका विद्वान् डा.सत्येन्द्रले लोकगीतलाई चार भागमा वर्गीकरण गरेका छन्:-

१. साधारण गीत

२. अनुष्ठानिक गीत

३. याचना सम्बन्धी गीत

४. खेल सम्बन्धी गीत (सत्येन्द्र, सन् १९७१:३३५)

अर्का भारतीय लोकसाहित्यका अध्येता डा.कृष्णदेव उपाध्यायले लोकगीतलाई निम्नानुसार छ भागमा वर्गीकरण गरेका छन् :-

१. संस्कारसम्बन्धी गीत

२.ऋतुसम्बन्धी गीत

३. जातिसम्बन्धी गीत

५. श्रमसम्बन्धी गीत

६. र विविध (उपाध्याय सन् १९९८:६२-६३)

नेपाली लोकसाहित्यमा पनि लोकगीतको अध्ययनमा धेरै विद्वान्हरू लागिपरेका छन् । यसैक्रममा नेपाली लोकसाहित्यविद् सत्यमोहन जोशलि नेपाली लोकगीतलाई आठ भागमा वर्गीकरण गरेका छन्:-

१. भजनका रूपमा गाइने लोकगीत (चुड्का, वालन)

२. नृत्यसँग उनिएका लोकगीत (सोरठी, मारुनी, घाटु)

३. प्रेममय जीवनसँग गाँसिएका लोकगीत (सोरठी)

४. चाडपर्वसँग सम्बन्ध भएका लोकगीत (सँगिनी, देउसी)

५. सामयिक लोकगीत (मालसिरी, दाइँगीत)

६. युद्ध क्षेत्रमा प्राण सञ्चार गर्ने लोकगीत (कर्खा)

७. कथा गाँसिएका लोकगीत (चरित्र)

८. र उत्सवमा झिकिने लोकगीत (चरित्र, रत्यौली) । (जोशी, २०१४:१४५)

नेपाली लोकसंस्कृतिका अर्का अध्येता कालीभक्त पन्तले लोकगीतलाई नौ भागमा बाँडेका छन् । तिनीहरू निम्नानुसार छन् :-

१. राष्ट्रस्तरीय गीत

२. जिल्लास्तरीय गीत

३.ग्रामस्तरीय गीत

४.जातिस्तरीय गीत

५.जातिभाषास्तरीय गीत

६. पर्वस्तरीय गीत

७. लोकनाटकस्तरीय गीत

८. कार्यस्तरीय गीत

९. ऋतुस्तरीय गीत (पन्त, २०२८: १४८-१५०) ।

लोकसाहित्यका अर्का अध्येता टेकबहादुर खत्रीले नेपाली लोकगीतलाई गाउने समय, पर्व र रसका आधारमा ७ भागमा बाँडेका छन्:-

१.वीर रस र करूण रसका लोकगीत - कर्खा,

२. घटनाप्रधान लोकगीत - सवाइ

३. चाडपर्वका लोकगीत - भैलो, देउसी

४. विवाह पर्वमा गाइने लोकगीत - खाँडो, रत्यौली

५. नृत्यगीतहरू - देउडा, घाटु

६. भजनका रूपमा लोकगीत - बालन, सँगिनी

७. दोहोरो लोकगीत - घाँसे गीत र असारे इत्यादि (खत्री, २०३५:१७) ।

यसैगरी लोकसाहित्यका अध्येताद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई ७प्रकारमा विभाजन गरेका छन् :-

१. सामान्यगीत

२. संस्कारगीत

३. ऋतु वा ब्रतसम्बन्धी गीत

४. कर्मगीत

५. पर्वगीत

६. नृत्यगीत

७. र विविध (थापा र सुवेदी, २०४१:८२)

लोकसाहित्यकार कृष्णप्रसाद पराजुलीले लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन्:-

१. क्षेत्रका दृष्टिमाः- पश्चिमाञ्चलका लोकगीत, पूर्वाञ्चलका लोकगीत, तराईका लोकगीत अथवा डोटेली लोकगीत इत्यादि ।

२. जातीय दृष्टिमाः- जात विशेषले गाउने छुट्टा-छुट्टै लोकगीतहरू जस्तैः- तामाङ्ग सेलो, शेर्पाली गीत, नेवारी, थारु, कुमालगीत आदि ।

३. कार्य अवस्थाका दृष्टिमाः- यस अन्तर्गत संस्कार गीत र कर्मगीत जस्ता गीतहरू पर्दछन् । जस्तो विवाह, पास्नी, जन्म आदिमा गाइने गीत अनि रोपाइँ, दाइँ, धाननाच आदि गीतहरू पर्दछन् ।

४. उमेर वा लिङ्गका दृष्टिमाः-उमेर अवस्थाको गीतहरू जस्तो-बालगीत युवा युवतीहरूले गाउने खासगरी प्रेम प्रसङ्गका गीत, बृद्ध-बृद्धाहरूले धार्मिक, पर्व, उत्सवका अवसरमा गाउने गीत ।

५. स्वरूपका दृष्टिमा-नेपाली लोकगीतलाई तिनीहरूका आकार प्रकार, स्वरूप र बनोट अनुसार वर्गीकरण गरेको पाइन्छ । यसमा लय, अलङ्कार, बाह्य रचना, रूप आदिका दृष्टिमा वर्गीकरण गर्न सकिन्छ । संरचनात्मक पक्षमा मुक्त र प्रबन्धगीत गरी बाँड्न सकिन्छ । मुक्त गीतमा सगुन, चुड्का, दोहोरी, झ्याउरे,

घाँसे, असारे, रोइला आदि पर्दछन् भने प्रबन्धगीतमा गाथाका विभिन्न प्रकारका गीतहरू जस्तो चरित्रसम्बन्धी गीत, घटनाप्रधान तीजका गीत इत्यादि पर्दछन् । यसरी आकार तथा आयाम जस्ता रूपभेद होइन, लय अलङ्कार र रस आदिसम्म पुग्न सकिन्छ ।

६. प्रस्तुतिका दृष्टिमाः-नेपाली लोकगीतलाई प्रस्तुतिका दृष्टिमा स्वरमात्र निकालेर गाइने, नृत्यसहित गाइने र बाजा समेत बजाएर गाइने गीतहरू पर्दछन् । स्वरमात्र निकालेर गाइनेगीत घाँसे, असारे र सँगिनी आदि वाद्यवादन नभएका गीत हुन् । बाजासहित गाइने तीजे, ख्याली, दोहोरी, झ्याउरे आदि नृत्यगीत मानिन्छ र नृत्यगीत नृत्यवाद्य गीत पनि हो ।

कृष्णप्रसाद पराजुलीले लोकगीतलाई फेरि मुख्य दुई भागमा वर्गीकरण गरेका छन्ः-

१. वर्षचक्रीय लोकगीत

२. जीवन चक्रीय लोकगीत (पराजुली, २०५७:१४९)

त्यसैगरी भाषाविद् चूडामणि बन्धुले लोकगीतलाई मुख्यतया सामान्य लोकगीत र विशेष लोकगीत गरी दुई भागमा बाँडेका छन् ।

सामान्यगीत अन्तर्गत ब्राह्मैमास गाउन मिल्ने गीतहरू तथा विशेषगीत अन्तर्गत चाडपर्व, संस्कार तथा विशेष अवसरमा गाइने गीतहरू पर्दछन् । (बन्धु, २०५८:१२३)

उपर्युक्त सबै विद्वान्हरूले गरेको लाकगीतको वर्गीकरणमा समानता पाइँदैन । कुनै विद्वान्ले कुनै एक पक्षलाई बढी जोड दिएको पाइन्छ भने कुनै विद्वान्ले अर्के पक्षलाई बढी जोड दिएको पाइन्छ । उपर्युक्त वर्गीकरणलाई नै आधार मानेर रामेछापका लोकगीतहरूको वर्गीकरण गर्नु उपयुक्त हुन्छ ।

रामेछाप जिल्ला पनि विविध संस्कृति, मान्यता, चाल चलन तथा प्राकृतिक विविधताले भरिएको रमणीय स्थल हो । यहाँ विभिन्न जात जातिहरू तथा भाषा भाषीहरू रहेका छन् । तिनीहरूका आ-आफ्नै जीवनशैली छन् । आफ्ना रीतिरिवाज तथा चालचलनहरू र वनपाखा, चाडपर्व, संकार र अन्य समयमा गुञ्जिने गीतहरूले रामेछापको सम्पूर्ण जाति र वर्गहरूको चित्रण गर्छन् । हालसम्म रामेछापका सङ्कलित नेपाली भाषाका लोकगीतका प्रकृति र स्वरूपलाई केलाउँदा विभिन्न विद्वान्हरूले गरेका लोकगीतको वर्गीकरणको आधारमा नै वर्गीकरण गर्नु उपर्युक्त

देखिन्छ । रामेछापका लोकगीतलाई वर्गीकरण गर्दा चूडामणि बन्धुले गरेको **सामान्य गीत** र **विशेष गीत** गरी गरिएको वर्गीकरणको आधार नै उपयुक्त देखिन्छ ।

### ३.४ लोकगीतका तत्त्व

लोकगीतलाई लोकमा सिर्जित स्वच्छन्द विधा मानिए तापनि यसमा विभिन्न कुराहरूको अनिवार्यता रहन्छ । यसरी लोकगीतमा चाहिने अनिवार्य कुराहरू नै लोकगीतका तत्त्व हुन् । लोकगीतमा कविता तथा गीतिकविता जस्तै तत्त्वहरू हुन्छन् । रचना तथा प्रस्तुतिका रूपमा हेर्दा गीतिकवितामा जस्तै लोकगीतका प्रमुख तत्त्वका रूपमा यसका संरचना, लय, गेयता, कथनपद्धति, भाषा र भाव नै प्रमुख रहेका छन् र नृत्य र वाद्य सहायक तत्त्वका रूपमा आउँछन् ।

१. संरचना

लोकगीतको तयारी हुने अवस्था वा लोकगीतको बनोट नै संरचना हो अर्थात् स्वतः स्फूर्त र मौखिक रूपमा लोकगीत कथिने र भनिने प्रक्रिया संरचना हो । संरचना लोकगीतको प्रमुख तत्त्व हो । लोकगीतका आन्तरिक र वाह्य दुई संरचना हुन्छन् । कुनै लयलाई समातेर शब्द र शब्दावलीहरूलाई उन्दै र पङ्क्तिगत रूपमा खास-खास अडान कायम गर्दै बनेको गीतको आवरण र पहिरून बाह्य संरचना हो भने कथावस्तुलाई एउटै मालामा आवद्ध गर्दै अन्तमा सारभूत मर्मतर्फ केन्द्रित हुने कथ्य वा मुख्य भावको सृङ्खलाबद्ध संयोजनलाई गीतको आन्तरिक संरचना भनिन्छ ।

२. लय

भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक साहचर्य प्रदान गर्ने र भाव वा विचारलाई अभिव्यक्त गर्ने एवम् सम्प्रेष्य बनाउने लोकगीतको लय अनिवार्य तत्त्व हो । गीतलाई निजीरूप प्रदानगरी स्वर-संगीतको मोहनी लाग्दो स्थितिमा पुऱ्याउने लय अभिव्यक्तिको मुख्य प्राण हो । लयले स्वरको लच्काइद्वारा मुख्य भावलाई बढी तिख्खर बनाइदिन्छ ।

३. गेयता

गीतमा हुने लय र गेयता पर्यायवाची जस्ता तत्त्व हुन् तर पनि यिनमा केही सूक्ष्म भिन्नता पाइन्छ । लयलाई गीतिमयतामा पुऱ्याउने वा संगीतमय बनाउने शैलीलाई गेयता भनिन्छ । लय भनेको चरणबद्ध बनोट हो । गेयता चाहिँ त्यसलाई श्रुतिमधुर बनाउने सुरिलो कथन कौशल हो । लोकगीतमा संगीत र सुर हुने भएकाले गेयतत्त्व अत्यन्त आकर्षक हुन्छ र प्रवल पनि हुन्छ । गेयताले नै गीतलाई बढी

रसात्मक बनाउँछ र श्रोतालाई आनन्दको अनुभूति दिन्छ कण्ठसंगीत, वाद्यसंगीत वा नृत्य समावेश गीतमा समेत स्वरलाई जोडेर, चट्काएर, घुमाएर, मत्थर पारेर अथवा स्वरको आरोह-अवरोह गरेर लोकगीतका लय वा धुनमा सौन्दर्य भर्ने काम गायकले गर्छ ।

४. कथनपद्धति

कथनकलाका रूपमा आउने एकत्व, सम्बद्धता र संयोजन मुख्यभई कथ्यलाई राम्ररी प्रस्तुत गरिने रीति वा ढाँचालाई कथनपद्धति भनिन्छ । मानिसका अनुभूति, विचार वा ज्ञानलाई सम्प्रेषण गर्दा वर्णनात्मक, आख्यानात्मक नाट्यात्मक आदि किसिमले गर्न सकिन्छ । यस अवस्थामा कथनको आयाम एकचरण, एक बिसाउनी अथवा सिङ्गो आकृतिको पनि हुन सक्छ । लोकगीतमा एकलगीत, समूहगीत र सम्वादात्मक गीत हुन्छन् । प्रेम, विरह, उल्लास र उमङ्गका क्षणमा एकजनाले मात्र गाइन्छ र यो एक किसिमले आत्मलापी वा मनोगत पनि हुन्छ । एउटाले थाल्ने र अरुले छोप्ने गीतहरूलाई वा समूहले गाउने गीतहरूलाई समूहगीत भनिन्छ । तीज, भैलो, देउडा आदि समूह गीत हुन् । लोकगीतमा हुने अर्को महत्त्वपूर्ण संवादात्मकता हो । यस्ता गीतलाई जुवारी वा दोहोरी गीत भनिन्छ र यस्ता गीतमा युवा-युवती बीचमा प्रेम-प्रणयभाव, मनका आवेगदेखि लिएर जीवनका विविध प्रसङ्गहरू समाविष्ट हुन्छन् ।

५. भाषा

लोकगीत लोकजीवनमा प्रचलित लोकभाषामा आधारित हुन्छ । यसमा झर्रा र मौलिकशब्द, अनुकरणात्मक र निपात, थेगो र रहनी प्रयोग गरिन्छन् । अन्त्यानुप्रास लोकगीतको विशेषता नै हो भने सचेतरूपले नभई सहज रूपमा नै लक्षणा र व्यञ्जना, उपमा र रूपकजस्ता अलङ्कार स्वतः प्रयोग हुन्छन् । लोकगीत लक्षणार्थी, व्यञ्जनार्थी हुँदा-हुँदै पनि सहज र सुबोध्य हुन्छ । त्यसैले लोकगीतमा लोकजीवनले खारेको, पचाएको र छरितो भाषाको प्रयोग हुन्छ ।

६. भाव

भाव लाकेगीतको केन्द्रीयकथ्य हो । भावले नै लोकगीतमा प्राण भर्छ । त्यसैले भावलाई लोकगीतको आत्मा भन्न सकिन्छ । मानिसमा अन्तरनिहित सुख-दुःख, उल्लास, चिन्ता आदि गतिविधिलाई भावले सम्प्रेषणता दिन्छ । चेतन- अचेतनका माझबाट अन्तरदेखि व्यक्त हुने संवेदनशील प्रतिक्रिया भावका रूपमा परिणत हुन्छ र

त्यसले रस साधारणीकरण भएर हृदयलाई छुन्छ । त्यसैले भाव लोकगीतको गुदी हो र गुदीमा नै सारतत्त्व रहन्छ ।

## ३.५ नेपाली लोकगीतका विशेषता

नेपालभित्र रहेका सामाजिक विविधता, साँस्कृतिक विविधता तथा प्राकृतिक विविधताले नेपाली लोकगीतलाई विविधता प्रदान गरेको छ । नेपालको पूर्वमा गाइने लोकगीतहरू भिन्न प्रकृतिका र पश्चिममा गाइने गीतहरू भिन्न प्रकृतिका रहेका छन् । यसरी विविध प्रकृतिका साथ विस्तृत आयाममा फैलिएको लोकगीतलाई अध्ययन गरी यसका विशेषतालाई उल्लेख गर्नु आवश्यक हुन्छ ।

नेपाली लोकगीतको विशेषताका सम्बन्धमा धेरै विद्वान्हरूले अध्ययन र अनुसन्धान गरी आ-आफ्ना मतहरूलाई प्रस्तुत गरेका छन् । केही मुख्य लोकसाहित्यका अध्येता तथा विद्वान्हरूले प्रस्तुत गरेका मान्यताहरू निम्न छन्:-

प्रायः नेपाली गीतमा नृत्य मिलेको हुनु, बढ्तामात्रामा चुड्किलो, छरितो र छोटो हुनु, बढीमात्रामा भाकाले गेडालाई छोपेको पाइनु, माथिल्ला या तल्ला पङ्क्तिले मात्र तथ्यको बयान गरेको हुनु, गीतको गेडा झर्न नपाई भाका छोपेर जवाफ दिनु, भट्याउनु आदिका मायालु हृदयको चोखो उद्गार हुनु-जुन उद्गारले समाजका इतिहासको पाना पल्टाउँछ (थापा, २०४१ः ८१) ।

यसैगरी लोकसाहित्यका अर्का अध्येता लीलासिंह कर्माका अनुसार “जब आपत् वा दुःख, हर्ष वा उमङ्ग, अनि उत्सव, चाड-जात्रा, रमिता आदि हुन्छ, तब त्यसमा लोकगीत गाएर नै रमाइलो गरिन्छ । अतः लोकगीत आत्माभिव्यक्तिको प्रमुख साधन हो । लोकगीत नेपालीले त्यस समयदेखि नै अँगालेका हुन्- जुन समय मानव जातिले हातको भाउबाट जिब्रो चलाएर अधरद्वारा शब्द निकाल्न जाने । लाकेगीत सभ्यता, संस्कृति र स्वच्छ साहित्यको निम्ति स्वतत्त्वको द्योतक हो । यो सहज साहित्य हो- सर्वसाधारणको, यो कुनै व्यक्ति विशेषको होइन । यसमा ऐतिहासिकताको पुट भरिएको हुन्छ । यसैले पुराना राजा, महाराजा, भाइभारदार र ठूलाबडा मुख्तियार आदिबाट केकस्ता कारबाही भए देशमा केकस्ता घटना आइपरे यो सबै तात्कालिक लोकगीतबाट स्पष्ट बुझ्न सकिन्छ” (थापाः२०४१ः८१)

कालीभक्त पन्तका अनुसार लोकगीतका विशेषता निम्न किसिमका छन्ः-

१. कस्तै भीरुलाई पनि युद्धवीर र युद्धस्थिर बनाइदिनु,

२. गीतको भनाइ अन्य भनाइभन्दा बढी प्रभाविलो हुनु र शिक्षा, उत्पादन, निर्माण र जागरण आदिमा बढी सक्रिय बनाइदिनु,

३. बालबालिकाको डर, धक, लाजलाई हटाई उनीहरूको मस्तिष्क स्वच्छ, स्वतन्त्र टिठो बनाइदिनु,

४. कुमार कुमारीको भावी दाम्पत्य जीवन दरिलो, स्थायी र विश्वासिलो बनाउन मद्दत गर्नु,

५. श्रमजनित थकाइ कम गर्न मद्दत गर्नु- होस्टेहैंसे जस्तै,

६. गार्हस्थ कामधन्दापछिको मनोविनोदको प्रमुख साधन पाइनु,

७. दम्पतीका हार्दिक मेलमिलापको सबल अङ्ग हुनसक्नु,

८. छात्र-छात्राको मनमस्तिष्क खारी दरो, ढिटो बनाउन मद्दत गर्नु,

९. महिलालाई आफ्ना प्रतिपक्षी प्रति ज्यूँदो भएर उभिने आँट र साहस प्राप्त गराउन मद्दत गर्नु,

१०. युगल नृत्यगायन (वैदिककालीन पुरानो) पाइनु,

११. व्यापक महिलमाशाली हुनु किनभने यसको महिमा बखानेको ग्रन्थ सामवेद हो र यो ज्यादै ठूला थियो भन्ने किंवदन्ती छ (थापा, २०४१:८२) ।

यसैगरी नेपाली लोकसाहित्यका अध्येता द्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतका विशेषतालाई यसरी देखाएका छन्:-

१. गतिमा तीब्रता हुनु (लयालुपना हुनु)

२. सरल, सरस र प्रभाविलो अभिव्यक्ति तथा शब्दविन्यास हुनु,

३. सार्वजनिक मौलिक संवेग पाइनु,

४. सूक्ष्मविश्लेषणको अपेक्षा प्रभावोत्पादक स्थूल चित्रण हुनु,

५. कृत्रिमता (बनावटी) नहुनु,

६. स्थान र सामयिकताको प्रभाव (छाप) पाइनु (थापा र सुवेदी, २०४१:८२) ।

त्यसैगरी भाषाविद् चूडामणि बन्धुले लोकगीतका विशेषतालाई यसरी व्यक्त गरेका छन्-“लोकगीत भनेको लाकेजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ । यसमा

लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ । जस्तै कठोर हृदय भएकालाई पनि सहृदयी बनाउनु लोकगीतको विशेषता हो । लाकेगीतको प्रभावले व्यक्ति आफ्ना दुःख र कष्टलाई बिर्सन्छ, भोक र रोगलाई भुल्छ र गीतकै रागात्मकतामा हराउँछ (बन्धु, २०५८:११५)

विभिन्न विद्वान्हरूले देखाएका लोकगीतका विशेषतालाई हेर्दा तथा रामेछाप जिल्लामा प्रचलित नेपाली लोकगीतहरूलाई अध्ययन गरेर हेर्दा लोकगीतका विशेषताहरूलाई बुँदागतरूपमा निम्न प्रकारले प्रस्तुत गर्न सकिन्छ-

१. अज्ञात रचयिता

लोकगीत मानव सभ्यताको विकाससँगै मानिसहरूले आफ्ना दुःख-सुख, पीडा-व्यथा, आँसु-हाँसो आदिलाई व्यक्त गर्दै आएका छन् । पुरानो पुस्ताले गाएका गीतहरूलाई नयाँ पुस्ताले पछ्याउँदै र केही परिवर्तन भई प्रस्तुत हुने भएकाले लोकगीतका रचनाकार अज्ञात नै रहन्छन् । कुनै व्यक्तिले गीतको रचना गरे तापनि ऊ अज्ञात नै रहन्छ र गीतहरू चाहिं सामूहिक भइदिन्छन् ।

२. सामूहिक भावभूमि

लोकगीतमा कुनै एक व्यक्तिको मात्र भावना नभई लोकजीवनका सबै व्यक्तिहरूको भावना समेटिएको हुन्छ । लोकगीतमा प्रस्तुत हुने सुख-दुःख तथा हाँसो-खुसीका भावनाहरू एक व्यक्तिले प्रस्तुत गरे तापनि त्यको भावभूमि भने सामूहिक नै हुन्छ । लोकगीत निजी नभई समूहको सम्पति हो ।

३. सहजता र स्वाभाविकता

लोकगीत गाउनको लागि कुनै अप्ठ्यारो पर्दैन साथै गुरु राखेर साधना गर्नु पर्दैन । अरूले भनेको सुनेकै भरमा जानिन्छ र आफ्ना मनका भावनाहरूलाई सहजरूपमा लयमा मिसाएर गाउन सकिन्छ । लोकगीतका शब्दहरू समय र परिस्थितिअनुसार आफैँ सहज रूपमा तथा स्वभाविक रूपमा सिर्जना हुन्छन् । लोकगीतमा जटिलता, दुरुहता र कृत्रिमता हुँदैन र कुनै वाध्यतामा सिर्जित हुँदैन । त्यसैले सहजता र स्वभाविकता लोकगीतको महत्त्वपूर्ण विशेषता हो ।

४. मौखिक परम्परा

लोकगीत प्राचीन समयदेखि नै मान्छेहरूले आफ्ना मनका भावनाहरूलाई स्वरबद्ध रूपमा अलापिदै आएको एक महत्त्वपूर्ण गीतिविधा हो । कुनै लिपिको विकास हुनुभन्दा पहिलेदेखि नै लोकगीत प्रचलित थियो र त्यो मौखिक परम्परामा नै चल्दै

आयो । एक व्यक्तिले गाएको गीत अर्को व्यक्तिले सुन्दै एककान दुईकान मैदान हुँदै सर्वत्र फैलियो । त्यसैले लोकगीत मौखिक विधा नै मानिन्छ ।

५. मौलिकता र सरलता

लोकगीत गाउँलेहरूको जनहृदयबाट निस्केका स्वच्छ भावनाहरू भएकाले मौलिक हुन्छन् । एउटै गीतलाई धेरै व्यक्तिहरूले गाए तापनि ती गीतहरूमा आफ्ना भावनाहरू मिसिएर मौलिक नै रहन्छन् तथा आफ्नैपनमा व्यक्त हुन्छन् । लोकगीतहरू अनुदित हुँदैनन् । सरल र स्वच्छन्द भावनाहरू हुन्छन् । जटिल भएमा त्यस्ता भावनाहरू लोकले पचाउन सक्दैनन् ।

६. कथन विविधता

लोकगीतमा समय र परिस्थितिअनुसार कथन विविधता रहन्छ । एउटै भाका वा लय भए तापनि परिस्थिति अनुसार विविध प्रकारका शब्दहरू राखेर लोकगीतहरू गाइन्छन् । संस्कार, चाडबाड, मेलापात, प्रेमप्रसङ्ग तथा अन्य लोकगीतहरूमा रूप र लय तथा कथन शैली फरक-फरक रहन्छ । दोहोरी गीतमा र एकलगीतमा पनि प्रसङ्ग र कथन पद्धति फरक हुन्छ ।

७. स्वच्छन्दता

लोकगीतको रचना तथा गायनमा कुनै खास नियम रहेको हुँदैन । शास्त्रीय छन्द र नियममा रहेर लोकगीत निर्माण गरिदैन । लोकगीत त आफ्ना मनमा जे जस्ता भावनाहरू आउँछन् त्यसैलाई स्वतन्त्र र स्वच्छन्द रूपमा पोखिन्छ । झरनाको पानी जस्तै स्वच्छ र निश्छल रूपमा लोकगीतका भाका र गेडाहरू बहने गर्छन । यसमा कुनै रोकटोक र बाधा हुँदैन । मान्छेका मनमा अटेस मटेस  भएर रहेका भावनाहरू लोकगीतमा छचल्किने गर्दछन् । त्यसैले स्वच्छन्दता पनि लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता हो ।

८. स्थान र भाषिकाको प्रयोग

विभिन्न क्षेत्रहरूमा गाइने लोकगीतहरूमा त्यस क्षेत्रका भाषिकाहरू र ठाउँहरूले प्रभाव पारेको हुन्छ । जुन क्षेत्रमा प्रचलित गीत हो  त्यसक्षेत्रको भाषिका र ठाउँहरूका नामहरू गीतका शब्दहरूमा जोडिएर आएका हुन्छन् जसले गर्दा यो गीत यहाँको रहेछ भनेर सजिलै छुट्याउन सकिन्छ । त्यस्तै रामेछापका लोकगीतमा पनि स्थानीय भाषिकाको प्रभाव पाइन्छ र स्थानीय ठाउँहरूका नामहरू पनि जोडिएका पाइन्छन् । यहाँका स्थानीय गीतहरूमा प्रयोग भएका केही शब्दहरू, जस्तै-

नामशब्द :-    निङ्ग्रो - निउँरो                    टाटो = टुक्रा, चिउला = पालुवा

बङ्गाली - कान वरिपकिो कपाल (बाल)        बरस = बर्ष

क्रियापद :- जाम्ला - जाउँला

खाम्ला - खाउँला

विशेषण :- ज्यादी - धेरै

कोरली = युवा अवस्थामा पुगेको गाईको बाच्छी

स्थान :- सैलुङ्ग, खिम्ती, मेच्छेगाउँ, हात्तीटार आदि ।

## ३.६ निष्कर्ष

विभिन्न विद्वान्हरूका विचारबाट तथा अनुसन्धान र अध्ययन गरी निस्किएका लोकगीतका विशेषताहरू जेजस्ता छन्, रामेछापका लोकगीतका विशेषताहरू पनि त्यस्तै नै रहेका छन् । रामेछापका लोकगीतमा केही प्रख्यात गायकहरू देखिए तापनि गीतका रचनाकार भने अज्ञात नै पाइन्छन् । त्यहाँका लोकगीतले स्थानीय जनजीवनको चित्रण गरेका छन् । विभिन्न लय र भाकाहरूमा गाइने गीतहरूमा सरलता, सहजता, मौलिकता र स्वच्छन्दता पाइन्छ । रामेछापमा पाइने भाषिका र स्थान विशेषले गर्दा मात्र रामेछापका लोकगीतको छुट्टै पहिचान हुन्छ ।

# परिच्छेद चार


# रामेछापका लोकगीतको परिचय र वर्गीकरण

## ४.१ पृष्ठभूमि

विविध प्राकृतिक र साँस्कृतिक विविधताले भरिएको रामेछाप लोकगीतका क्षेत्रमा धनी रहेको छ । साँस्कृतिक विविधताले र जातीय विविधताले गर्दा धेरै लोकगीतहरूलाई जन्म दिएको छ । उकाली ओराली गर्दा, भारी बोक्दा, गाईवस्तु हेर्दा, वनजङ्गल जाँदा, दाउरा-घाँस जाँदा, पानी-पँधेरो गर्दा, बाली लगाउँदा, बाली भित्र्याउँदा विभिन्न किसिमका गीतहरू घन्किने गर्दछन् । यसरी वनपाखा र उकाली ओरालीमा गुञ्जिने युवा-युवती तथा बालक, वृद्ध सबैका गलाले लोकगीतलाई जीवन्तता दिने र हरेक व्यक्तिको मनमा उमङ्ग, उत्साह र रसमयतालाई जागृत पारेको हुन्छ । धार्मिक गीतहरूले मानिसहरूलाई ईश्वरप्रतिको भावनालाई अझ गहिरो रूपमा पुऱ्याएको हुन्छ । धार्मिक भजन, आरती, कीर्तन आदिले मान्छेको मनमा छुट्टै आनन्द दिने गर्छ । संस्कार गीतहरूमा नवजात शिशु, नवविवाहित दम्पती तथा मान्यजनबाट दिने आशिष तथा ईश्वरसँग प्रार्थना गरेर सम्पूर्ण मानव सम्प्रदायको सुख, स्वास्थ्य तथा चिरायूको कामना गरिन्छ । यस्ता सम्पूर्ण किसिमका गीतहरू रामेछापमा प्रचलित रहेका छन् । विभिन्न अवस्थामा विभिन्न किसिमले विभिन्न प्रकारका गीतहरू गाइने प्रचलन प्रायः नेपालका सबै ठाउँमा प्रचलित छ । धेरै गीतहरू नेपालका सबैक्षेत्रमा उस्तै किसिमले गाइन्छन् भने त्यस्ता मौलिक गीतहरू पनि हुन्छन, जुन एउटा क्षेत्रमा मात्रै प्रचलित हुन्छन् र अन्य क्षेत्रमा अर्कै मौलिकता पाइन्छ । लोकगीतको अध्ययन गर्दा विभिन्न किसिमका लोकगीतहरू पाइए तापनि यसलाई वर्गीकरण गर्दा **सामान्यगीत** र **विशेषगीत** गरी दुई भागमा बाँड्न सकिन्छ ।

## ४.२ रामेछापका लोकगीतको परिचय र वर्गीकरण

रामेछापका विभिन्न ठाउँहरूमा मेलापात, जात्रा, चाड पर्व, धर्म, संस्कार, कर्म आदिमा गीत गाउने प्रचलन छ । यहाँका लोकगीतको प्रकृति र स्वरूपलाई केलाएर हेर्दा तथा विभिन्न लोकसाहित्यका विद्वान्हरूले गरेको लोकगीतको वर्गीकरणलाई आधार मान्दा यहाँका लोकगीतलाई मुख्यतया **सामान्य** र **विशेष** गरी निम्नानुसार विषयात्मक वर्गीकरण गर्न सकिन्छ-




## ४.३ रामेछापका विशेष लोकगीतहरू

सामान्य रूपमा जुन पायो त्यही समयमा नगाइकन विशेष संस्कार तथा चाडपर्वमा गाइने लोकगीतहरू नै विशेष लोकगीत हुन् । विशेष गीतहरू धर्मकार्यमा, जीवन-संस्कारहरूमा, विभिन्न ऋतुमा आउने चाडपर्वमा अनि काम गर्दा गाइन्छन् (बन्धु, २०५८:१२१) । रामेछापमा गाइने विशेष लोकगीतहरूमा धार्मिक गीतहरू, कर्मगीतहरू, संस्कारगीतहरू तथा पर्वगीतहरू पर्दछन् । धार्मिक कार्य गर्दा बिहान बेलुका घरमा तथा मन्दिरहरूमा देवताको पूजा गर्ने, आरती गर्ने र भजन गाउने गरिन्छ । सत्यनारायणको पूजा गर्दा साँझमा सबै मिलेर आरती गाउने जाग्राम गर्नेजस्ता कार्य हुन्छन् । विशेष पर्वहरू दशैं, तिहार जस्ता समयमा दुर्गाको भजन गाउने, मालासिरी गाउने, लक्ष्मीपूजा गर्ने, लक्ष्मीको भजन गर्ने जस्ता काम हुन्छन् । पर्वहरूमा गाइने गीतहरूमा तिहारमा देउसीगीत तथा भैलो, मारुनी गीतहरू, तीजमा गाइने गीतहरू गाइन्छन् । संस्कार गीतहरूमा बिहेमा दुलाहाको घरमा ज्युँती लेखेर गाइने रत्यौली गीत, बेहुली भित्र्याउँदा दमाईहरूबाट दिइने आशिका, माझीहरूको

श्राद्धमा गाइने अर्थात् माझीहरूले सोह्रश्राद्धमा गाउने गीत महत्त्वपूर्ण गीत मानिन्छन् । यसैगरी कर्म गर्दा गाउने अर्थात श्रम गर्दा गाउने गीतहरूमा असारेगीत, गोडेलो र दाइँगीत रामेछापका धेरै प्रचलित गीतहरू हुन् ।

रामेछापमा पाइने विशेष गीतले सामाजिकतामा धेरै प्रभाव पारेको पाइन्छ । भजन तथा आरतीले मान्छेलाई धर्मप्रति आकर्षण गराउने, संस्कार गीतहरूले संस्कार सम्बन्धी ज्ञान दिलाउने र समाजप्रति व्यङ्ग्य गर्ने, कुरीति र कुप्रथालाई प्रोत्साहन नदिई हटाउन सहयोग गर्छ । जस्तै तीजका गीतहरूले चेलीको कथा-व्यथाहरूलाई उजागर गरेर समाजमा त्यस्ता दुःखहरू नदिन सुझाव दिन्छ । श्रमगीतहरूले मान्छेको मनमा उत्साह र उमङ्ग ल्याएर आफ्नो उत्पादनलाई बढाउने तर्फ हौसला प्रदान गरेको हुन्छ । विशेष गीतहरूमा दर्शनको छाप पनि रहेको हुन्छ । विभिन्न धार्मिक भजन र आरतीहरूमा सृष्टि दर्शन अर्थात सृष्टिको सुरुवात कसरी भयो ? जीवहरूको उत्पत्ति कसरी भयो ? भन्ने जस्ता कुराहरू र विभिन्न रहस्यात्मक कुराहरूलाई भगवानप्रति भक्तिभावनाका साथ समर्पण गरेर गाइन्छ । रत्यौली गीत र तीजका गीतहरूमा महिलाहरूले गर्नुपर्ने काम र कर्तव्यलाई नैतिक दर्शनका साथ प्रस्तुत गरिन्छ ।

### ४.३.१ धार्मिक गीतहरू

नेपाली भाषाको पृष्ठभूमिको रूपमा संस्कृत भाषाको योगदान रहेको छ । नेपाली संस्कृतिको धरोहरको रूपमा संस्कृत साहित्यले महत्त्वपूर्ण काम गरेको छ । धार्मिक सम्प्रदायका शास्त्रहरू पनि संस्कृत भाषामा नै छन् । संस्कृतका शास्त्रहरू हिन्दूधर्मका पर्यायका रूपमा रहेका छन् । यिनै पृष्ठभूमिले गर्दा नेपाली समाजमा धर्मशास्त्रले व्यापक जरो गाडेको छ । धर्मशास्त्रका आधारमा विभिन्न धार्मिक कार्य गर्दा विभिन्न किसिमका धार्मिक गीतहरू गाइन्छन् । रामेछापमा पनि यस्ता धार्मिक गीतहरू प्रशस्त मात्रामा गाइन्छन् । विशेषगरी यस्ता गीतहरू बाहुन, तथा क्षेत्रीहरूको सम्प्रदायमा बढी मात्रामा चल्छन् र अन्य समुदायमा केही कम मात्रामा प्रचलित छन् । यस्ता धार्मिक गीतहरूमा आरती, भजन र कीर्तन रामेछापका विशेष धार्मिक गीत हुन् ।

#### ४.३.१.१ आरती

आरती विहान-बेलुका घरमा नित्य पूजा गर्दा महिला तथा पुरुषले गाउने धार्मिक गीत हो । आरतीलाई भजनका रूपमा पनि चिनिन्छ । आरती मन्दिरहरूमा पूजा गर्दा पनि गाइन्छ । घरमा गरिने नित्य पूजा बाहेक कहिले-काहीं पर्व विशेषमा

लगाइने पूजाहरूमा पनि आरती गाइन्छ । गाउँघरमा सत्यनारायणको पूजा लगाउँदा, रुद्री पढाएर शिवजीको पूजा गर्दा, सात दिनसम्म लगाइने सप्ताह अर्थात् श्रीभद्भागवत महापुराण आदिमा पूजा सिध्याउँदा आरती गाउँदै दीप बालेर पूजा विसर्जन गरिन्छ । रामेछापका विभिन्न ठाउँहरूमा पनि यसैगरी आरती गाउने प्रचलन छ । कृष्णको आरती, सत्यनारायणको आरती, शिवको आरती, देवीको आरती, गणेशको आरती आदिजस्ता आरतीहरू रामेछापमा गाइन्छन् । सबै देवीदेवताको आरती संयुक्त रूपमा गाउने प्रचलन पनि रामेछापमा रहेको छ । रामेछापमा गाइने गणेशको आरतीको नमुना यस्तो छः-

जय गुरु गणेश जय गणनाथ

दर्शन मिलोस् करूणा साथ

तिरिमिरी तिरिमिरीमात्र नपार

सबतिर झिलिमिली पारी सपार

सब रोग आँधी र व्याथी हटाऊ

विध्न भय पर पन्छाऊ

जय गुरु गणेश जय गणनाथ ।

आरती गाउँदा शङ्ख, घण्टा, ढोल, मुजुरा, खैंजडीजस्ता बाजाहरू बजाएर गाइन्छ । घरमा नारीहरूले पूजा गर्दा गाउने आरतीमा भने प्रायः जसो घण्टी बजाएर हातमा दीप लिएर गाइन्छ । यस्तो आरती नारीप्रधान हुन्छ । पुरुषहरूले गाउँने आरतीलाई पुरुष प्रधान भनिन्छ । पुरुषहरू प्रायः सत्यनारायणको पूजामा सप्ताहपुराणमा आरती गाउँछन् । यसरी गाइने आरती सामूहिक हुन्छन् । पुरुषको बाहुल्यता रहेपनि नारीको पनि सहभागिता रहेको पाइन्छ । सबै देवताहरूलाई समेटेर गाइने रामेछापमा धेरै मात्रामा प्रचलित आरतीको नमुना यस्तो छः-

शिवजीका मन्दिरमा कपुरका वाती

ज्योति जाग्यो झलमल दिन हो कि राति

आरती गरौं प्रभु आत्माराम तुमारे

हे हिरलोक सुखभोगी जन्म सुधारे

आरतीको जय राजा राम राम

शिव बिष्णु पारब्रह्मके

प्रथम आरती राम राम

पुष्पकी माला

कालीनाग नाथिलियौ कृष्ण गुवाला

आरती गरौँ प्रभु आत्मा राम तुमारे

हे हिरलोक सुख भोगी जन्म सुधारे

आरतीकी जय राजा राम राम

शिव विष्णु पार ब्रहमके,

दोसरी आरती राम राम

देवरज्यूकी नन्दन, भक्त सुधारन कंस है फन्दन

आरती गरौँ प्रभु आत्माराम तुमारे

हे हिरलोक सुख भोगी जन्म सुधारे

आरतीकी जय राजा राम राम

शिव विष्णु पारब्रहमके ।

यसैगरी यो आरती १८ सम्म प्रथम, दोसरी, तेसरी भन्दै गाउँदै गइन्छ । यसमा केही नेपाली तथा हिन्दी शब्दहरू मिसिएका पाइन्छन् ।

### ४.३.१.२ भजन

देवी-देवताहरूको आराधना गरेर गाइने गीत भजन हो । भजन धर्मशास्त्रहरूबाट निकालिएका भगवानप्रति भक्तिभाव प्रकट गरिने सुमधुर गीतहरू हुन् । धेरैजसो भजनहरू शास्त्रीय संगीतको शैलीमा गाइएका पाइन्छन् भने केही भजनहरू लोकगीतको शैलीमा गाइएका पाइन्छन् । रामेछापमा यस्ता दुबैखाले भजनहरू प्रचलित छन् । शास्त्रीय शैलीको भजन गाउँदा प्राय हिजोआज हार्मोनियम तबला र अन्य बाजाहरू बजाएर एउटा टोली बनाएर सामूहिक रूपमा गाउने चलन छ साथै एकल पनि गाइन्छ । यसरी गाइने भजनलाई कतै-कतै लम्बरी भजन भनेर चिनाउने गरेको पनि पाइन्छ । यस्ता भजनहरूमा रामेछापका क्षेत्रहरूमा कृष्ण भजन, रामभजन, विष्णुभजन, शिवभजन, दुर्गाभजन तथा जोगीहरूले कुटीमा बसेर गाउने मोक्षसन्यास (निराकार ब्रह्मज्ञान सम्बन्धी) भजनहरू प्रचलित छन् । रामेछापमा बढी प्रचलित भजनहरूमा चुट्का भजन ज्यादै प्रख्यात रहेको छ र राति जाग्राम बस्दा,

सप्ताह तथा पुराण लगाउँदा चुट्का भजन गाएर रात बिताउने गरिन्छ । चुड्का भजन गाउँदा खैंजोडी बजाएर नाच्ने गरिन्छ । एकजनाले भट्याउन सुरु गर्छ र उसले नारायण भनेपछि अरूले हरिहरि भन्दछन् र भट्याउने सँगसँगै स्वर ढाकेर गाउँछन् । यसरी भजन गाउँदा नाच्नेहरूले खैंजोडी हातमा लिएर बजाउँदै छिटो-छिटो नाच्ने गर्छन ।

भजन गाउँदा सबै भजनहरूमा लोकवासीहरूको सुखसम्वृद्धिको कामना गरिन्छ र भगवानप्रतिको श्रद्धाभाव प्रकट गरिन्छ । भजन गाउन सुरु गर्दा धेरै जसो भजनहरूमा सर्वप्रथम गणेशको प्रार्थना रहेको हुन्छ । रामेछापमा गाइने कृष्ण भजन यस्तो छ-

श्रीकृष्ण मेरो सब दु:ख हर [२]

एकबार मलाई याद गर [२]

संसारको सब दु:ख कष्ट हर

मेरो विन्ति सुनी प्रभु सवारी गर

मनुष्यहरूको प्रभु पाप हर

एकबार मलाई याद गर ।

सुखछैन रतिभर छैन यहाँ

मनरुन्छ सँधै प्रभुको यादमा

दुनियाँको छैन केही भर

एकबार मलाई याद गर ।

रामेछापमा गाइने राम भजनको एउटा नमुना यस्तो छ-

सुन सुन मेरा प्यारा लक्ष्मण भाइ

ब्रह्मतत्त्व ज्ञानबताउँछु म तिमीलाई ।

शास्त्रवेद पालन गर वर्णाश्राम धर्म[२]

फल आशा त्यागी गर निस्काम शुभकर्म [२]

कर्ता, भोक्ता अभिमानी नबनेर भाइ

सारा कर्महरू अर्पण गर रामलाई

सुनसुन मेरा प्यार.............

घरबार त्यागेर सन्यासी बनेर अर्थात् जोगीहरूले कुटीमा बसेर गाउने सन्यास भजन यस्तो छ -

भेदभाव कति छैन, म र ब्रहम भिन्न होइन
म त हुँ एक ब्रहम योगी हो योगी
म त हुँ एक ब्रहम योगी ।
परमात्माले वरदान दिई मनुष्यको चोलादिए
जन्मलिन आउनै पऱ्यो, हो हो जन्मलिन आउनै पऱ्यो
जन्म दिने मातापिता शरीर छ यो नास
झूठो माया लाउनै पऱ्यो, हो हो झुठो माया लाउनै पऱ्यो ।
जन्म मेरो साँचो होइन मरन पनि मेरो छैन
म त हुँ एक ब्रह्मयोगी योगी
म त हुँ एक ब्रह्म योगी ।

भजन सुरु गर्दा सर्वप्रथम गणेशको प्रार्थनाबाट सुरु गरिने चुट्का भजनको नमुना यस्तो छ -

लामो सूँड ठूलो भुँडी वडाकान भाका
पिताम्बरको धोती फेरि रेशमीको ढाका
मुसु-मुसु हाँसिवरी मजा बसिराका नारायण
जयगुरु गणेश
हो हो जय गुरु गणेश ऽऽऽ जय गुरु गणेश
हाम्रो बिन्ति लेऊ न,पार लगाइदेऊ न
जय गुरु गणेश ।
गोपी सोह्र सय एकदिन जम्मा भए
नुहाउन भनी यमुनामा गए
चोलो सारी तीरमा राखी नाङ्गै पसे जलमा

श्रीकृष्ण घुम्दै फिर्दै आछन् त्यही थलमा

नारायण, हरि हरि

ए जम्मा पारेर होऽ हो ऽ, जम्मा पारेर ऽऽऽ

गोपीका सारी, रूखमा राखे भारी

जम्मा पारेर ।

**४.३.१.३ कीर्तन**

विभिन्न धार्मिक कार्यहरूमा जाग्राम बसेर कीर्तन गाउने गरिन्छ । रात कटाउन भक्तजनहरू बसेर मुजुरा, खैंजोडी तथा हार्मोनियम बजाएर कीर्तन गाइन्छ । रामेछापका विभिन्न क्षेत्रहरूमा कीर्तन चल्ने गरेको पाइन्छ । विशेषरूपमा हरेकीर्तन लगाउने भनेर मात्रै पनि ३ दिन, ५ दिन तथा ७ दिन सम्म कीर्तन लगाउने चलन पनि कतै-कतै पाइन्छ । कीर्तन खास गरी थोरै शब्दहरूलाई दोहोऱ्याएर रातभरि गाइन्छ । यस्ता कीर्तनहरूमा हरिकीर्तन, रामकीर्तन तथा कृष्ण कीर्तन पाइन्छन् । एउटै शब्दलाई सयौंपटक दोहोऱ्याएर रातभरि गाइन्छ । रामेछापमा प्रचलित कीर्तनको नमुना यस्तो छ -

१. हरे राम हरे राम राम राम हरे हरे

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे

हरे राम हरे राम राम राम हरे हरे

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।

२. रामजपन रामजपन

जिन्दगी हो सपना राम जपन ।

३. जाउँला बैकुण्ठ, जाउँला वैकुण्ठ

नाच्दै, गाउँदै, बजाउँदै, जाउँला बैकुण्ठ ।

**४.३.१.४ व्रतगीत**

व्रतबस्दा देवताहरूको पूजा आजा गरी गाइने गीतहरू नै व्रतगीत हुन् । व्रतगीत प्रायः नारीप्रधान हुन्छन् । नारीहरूले नै गाउने गर्दछन् । व्रतगीतमा कुन देवताको लागि व्रतगरिएको छ, त्यस देवताको प्रार्थना र स्तुति गरी गीत गाइन्छ ।

रामेछापमा गाइने व्रतगीतहरूमा एकादशीको व्रतबस्दा तथा ऋषिपञ्चमीको व्रतबस्दा गाइने गीत प्रमुख छन् । रामेछापमा गाइने एकादशी व्रत गीतको नमुना यस्तो छ-

असार मासका तुलसी [२]

कति न पाते भछन् है [२]

दु-दुई पाते भछन् है [२]

बसी नबसी गोडौला है

उठीन उठी चुडौंला

निर्धनीलाई धन देऊ

निसन्तानलाई छोरो देऊ

कतिका रछौ तुलसी है हरि हरि ज्यू ।

यो गीत गाउँदा तुलसीको दुई पात भएदेखि २० पातेसम्म भएको कुरा उल्लेख गरिन्छ । २ पातेदेखि २० पातेसम्मको तुलसीको गीत नगाए पाप लाग्छ भन्ने जनविश्वास पनि रामेछापमा पाइन्छ ।

ऋषिपञ्चमीको पूजा गर्दा महिलाहरू जम्मा भएर सप्तर्षिको पूजा सिध्याउँछन् र सबै मिलेर गीत गाउँदै नाच्ने गर्छन । रामेछापमा गाइने ऋषिपञ्चमीको गीत यस्तो छ -

फूलबारीको फूल टिपी ऋषिलाई चढाउँला

आऊ साथी आँगनीमा नाचौं छमाछम,

सप्तऋषि वरिपरि अरून्धती बीचमा

आऊ साथी घुमी घुमी नाचौ छमाछम ।

### ४.३.२ संस्कार गीत

मानिसको जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरूमा गाइनेगीतहरू नै संस्कारगीत हुन् । बच्चा जन्मेको दिन, छैठीका दिन, न्वारान व्रतबन्ध, विवाह तथा मृत्युका बेला, श्राद्ध आदि संस्कारहरूमा नारीहरू जम्मा भएर गीत गाउने गर्दछन् । यस्ता गीतहरूमा मागल, फाग र सगुन जस्ता गीतहरू पर्दछन् । यसबाहेकका गीतहरूमा रत्यौली, आशिका र कराँत पनि संस्कार गीत हुन् । रामेछापमा मागल,

फाग र सगुन त्यति प्रचलित छैनन् तर रत्यौली, आशिका र माझीको मृत्युसंस्कारमा गाइने गीत भने धेरै प्रचलित छन् ।

### ४.३.२.१ रत्यौलीगीत

रत्यौलीगीत विवाहको अवसरमा दुलाहाको घरमा नारीहरूले गाउने गीत हो । दुलाहाका घरबाट दुलाहा अन्माएर दुलहीका घरतिर लगेपछि गाउँघरका नारीहरू जम्मा भएर घरभित्रको भित्तामा ज्युँती लेखिन्छ र रत्यौली गीत गाएर नाच्ने गाउने गरिन्छ । रत्यौलीमा पुरुषहरूको प्रवेशलाई निषेध गरिन्छ । नारीहरू नै पुरुषका कपडा लगाएर तथा नक्कली दाह्रीजुँगा हालेर पुरुषको अभिनय गर्छन् । यस्तो बेलामा नारीहरूले दुःख-सुखका गीतहरू तथा नारीहरूले गर्नुपर्ने कर्मका गीतहरू गाउँछन् साथै महिलाहरूकोमात्र एकलौटी हुने भएकोले अश्लील शब्द भएका गीतहरू पनि गाइन्छन् । रामेछापका विभिन्न क्षेत्रहरूमा यस्तो रत्यौलीको प्रचलन प्रशस्तै पाइन्छ । रत्यौलीमा नारीहरूले जोगीको भेषबनेर, दुलाहा-दुलही बनेर काठको घोडा बनाएर घोडामा चढी अभिनय गर्छन । दुलाहाकी आमाप्रति व्यङ्ग्य गरेर पनि गीत गाइन्छ । रामेछापमा गाइने रत्यौलीगीतका केही नमुनाहरू यस्ता छन्-

१. आधी र सगर कालो र मैलो आधै र सगर जून छन् है

भोलि त मलाई पठाउने भन्छन् आजै र बुबा रुन्छन् है ।

'नरोऊ न नरोऊ हे मेरा बाबा'[२] भागी नासी आउँला है [२]

'भागीन नासी नआए चेली'[२] कुकुर फुकाई लाउँला है [२]

'कुकुर फुकाई लायौ भने' [२] घरैमा गरी खाउँला है [२]

''घरैमा गरी खायौ भने'[२] घोडीको दाइजो दिन्छु है [२]

'घोडीको दाइजो के गर्नु मलाई' [२] निशिपै मेरो छैन है [२]

आधी र सागर.........................

यसैगरी गीत गाउँदै जाँदा आमा रोएको कुरा, आमाले छोरीलाई घर गरेर खानु हात्ती, घोडाको दाइजो दिउँला भनेर सम्झाएको कुरादेखि दाजुभाउजूले सम्झाएको कुरा गीतमा व्यक्त गरिन्छ ।

रामेछापमा रत्यौली गाउँदा बेहुलीका घरतिर भएका बेहुला तथा बेहुलीका विवाहकर्मका बारेमा पनि गीत गाइन्छ । यस्ता गीतहरूमा यतिखेर मेरा भाइको

स्वयम्बर भयो होला भन्नेदेखि लिएर बेहुली अन्माउन्जेलसम्म भएका कार्यहरूको वर्णन गरिन्छ । यसको एउटा उदाहरण यस्तो छ-

अक्षता सिन्दूर दहीमा मुछी जन्तीलाई छरे हुन्
यति न खेर ती मेरा भाइको स्वयम्बर गरे हुन्
वरै स्वयमबर गरे हुन् ।
सुनको कलश हातमा लिई जलैले भरे हुन्
यति न खेर ती मेरा भाइलाई कन्यादान गरे हुन्
बरै कन्यादन गरे हुन् ।
माइतीजति जगिया छोडी अर्कै ठाउँ सरे हुन्
यति न खेर ती मेरा भाइले सिन्दूरै भरे हुन्
बरै सिन्दूरै भरे हुन् ।

रत्यौली महिलाहरूको एकलौटी कार्यक्रम भएकोले महिलाहरूले निर्धक्क भएर अश्लील शब्दहरूको पनि प्रयोग गरी गीत गाउने गर्दछन् । यस्ता गीतहरूमा दुलाहाकी आमालाई दुलाहाकी भाउजूलाई छेड हानेर गाइन्छ । यस्ता गीतको नमुना यस्तो छ-

कस्तो बूढो रैछ
तरुनी जिस्क्याउने
हाम्रो सारी सितै फुस्काउने ।
दुलाहाकी आमा कता गइन्
ल्याउन आँगन,
छोड्ने छैन यसपाला त
लुकी बस न ।
दुलाहाकी भाउजू कति बाठी
नाठोसँग लुकी-लुकी पाएकी
छोरी लाटी ।
हेर साथी हेरन

जोगी पऱ्यो सासना

नसकेर लचक्कै

बस्यो थचक्कै ।

### ४.३.२.२ आशिका

आशिका एकप्रकारको आशीर्वाद हो । यो गीतको रूपमा गाएर आशिर्वाद दिइन्छ । विशेष गरी बिबाहको समयमा बेहुला-बेहुलीलाई दमाईहरूले दमाहा र कर्णाल बजाएर आशिष दिने गर्छन् । नेपाली परम्परामा कुनै शुभकार्यमा लागेका व्यक्तिलाई दमाईहरूले दमाहा बजाउँदै आशीर्वादका रूपमा गाउने गीतलाई आशिका भनिन्छ (बन्धु, २०५८ : १६२) । रामेछापका गाउँहरूमा बेहुली भित्र्याउँदा बेहुला-बेहुलीलाई घर भित्रिनुअघि बाहिर दलानमा राखेर पछ्यौरा थाप्न लगाई मूलदमाईले फूलपाती पछ्यौरामा हाल्दै आशिकाको गायन सुरु गर्छ र अन्य दमाईहरूले बाजा बजाउन थाल्छन् । रामेछापमा गाइने आशिकाको एउटा नमुना यस्तो छ -

१. बीच पलाना असुर गौरी

अधिसाको माला तैदाखा धारी बेला बिजौरी

छत्तीस परिकार ऐकन मैकन

जेठाद्वारा तनराजाका सोह्र सिपाही

सुकीर्ति चल्यो फूल माडी वासना

बीच पलाना असुर गौरी

अधिसाको मला तैदाखाधारी बेला बिजौरी

काटी कुभिन्डो जिन्दामासु

हरियापात वडा दीर्घमायु

परमेश्वरी श्री राई-राई बासमती तिलकञ्चन

धर्तीको रस, ३६० धानकोथर नमस्कार

मैले दिएको आशिक दुबो मौलाउँदा झैं मौलावस् ।

२. दुबो झैं मौलाई रहनु

संसारभरि फैलाइरहनु

छोरा-छोरी राम्रा होउन्

गृहस्थी यो चलाइरहनु

माटो समाई अन्नसरी

ढुङ्गा समाई द्रवसरी

अनाजले भरिपूर्ण

भइरहोस् घरभरि

राजा देउता दाहिना हुन

यै घरमा रहोस् ल्हासाको सुन..............।

यहाँ आशिका गीतमा दुलाहा-दुलहीको उत्तरोत्तर प्रगतिको कामना गरिएको छ । केही हिन्दी, केही नेपाली तथा केही अनुप्रास मिलाउन आएका अर्थहीन शब्दहरू गीतमा पाइन्छन् । शब्द-शब्दलाई केलाएर हेर्दा एउटै किसिमको अर्थ नपाइए पनि सम्पूर्ण भावलाई भने एकैसाथ बुझ्न सकिन्छ । सुकीर्ति चलाउनु, दुःखमा पनि नआत्तिनु, धेरै वर्षसम्म बाँचिरहनु भन्ने जस्ता कुराहरू उक्त गीतमा पाइन्छन् ।

### ४.३.२.३ माझीको मृत्यु संस्कारमा गाइने गीत

माझीको मृत्यु संस्कारमा पनि विशेषगरी सोह्रश्राद्धमा माझीहरूले संस्कार गर्ने गर्छन । रामेछापका माझी सम्प्रदायमा मान्छे मरेपछि धेरै संस्कारहरू गरिँदैनन् । उनीहरूले वर्षमा एकचोटी सोह्रश्राद्धमा पितृलाई आमन्त्रण गर्ने र एकदिन पितृलाई पालेर पितृलाई बिदा गर्ने गर्छन् । यसरी श्राद्ध गर्दा बुधबार थाल्ने, बिहिबार पाल्ने र शुक्रबार फाल्ने चलन छ । यस अवसरमा उनीहरू मासु तथा जाँडरक्सी खाएर मादलको उल्टो तालमा गीत गाएर नाच्ने गर्छन । यसबेला उनीहरू अश्लील र फोहोरी शब्दहरूको पनि प्रयोग गर्छन् । यसैगरी कोशीपूजामा पनि उनीहरू जाँडले मात्तिएर अश्लील गीत गाउँछन् । रामेछाप मन्थली घाटका माझी सम्प्रदायले सोह्रश्राद्धमा पितरा बगाउँदा गाउने गीत यस्तो छ-

असला माछा कुटीकै भात

किनी खै छाड्छौ मन्थलीघाट

रागसे पितरा जाइलाला ।

मन्थली घाट नै लदीपार

लाउनै चदिकै जाइतल

रागसे पितरा जाइलाला ।

आइले बसले मुनमाछा खाइले

अखनी पितरा हकीकै जाइले ।

**माझीहरूले कोशीपूजा गर्दा गाइने गीत–**

मन्थली घाटको तीरमा,
तामाकोशीको शिरमा
जलदेवताको वास छ
हाम्लाई ठूलो आस छ ।
कोशी पूजा गरेर
डुङ्गामाथि चढेर
चोखो मायाप्रीति लाऊँ
नेपाल शहर घुम्न जाऊँ ।

यहाँ सोह्रश्राद्धमा गाइनेगीतमा पितरा बगाउँदा पितृलाई राम्रोसँग जाऊ फेरि पनि आऊ, असला माछा र कुटेको चामलको भात छ त्यसैले यो मन्थली घाटलाई नछोड, यहाँबाट डुङ्गा तरेर नदीपार गर भन्ने खाल्को भाव पाइन्छ । कोशी पूजामा गाइने गीतमा भने मायाप्रीतिको प्रसङ्ग तथा डुङ्गा चढेर नेपाल जाने कुरा व्यक्त भएको छ ।

माझीहरूले गाउने केही अश्लील गीतका नमुना यस्ता छन्

खोर्सानीको बारीमा
यो कान्छीको सारीमा
नीलो-नीलो पाटो छ
त्यसमा रातो टाटो छ ।
तलतिर खोपेको
चोलीभित्र छोपेको
सुन्तलाको त्यो दाना
हाम्लाई पनि देऊ खान ।
माझीको पितर घ्याम्पा भितर
अरूको पितर छैन भितर
हिल्लिन दे भाइ चिल्लिन दे
राजाको छोडियालाई ढुकाउन दे ।
हा............हा.........हा..............

### ४.३.३ पर्वगीत

नेपाली समाजमा पर्वको विशेष महत्त्व रहेको छ । नेपालमा विभिन्न ऋतु र महिनाहरूमा विभिन्न पर्वहरू आइ नै रहन्छन् र त्यस्ता पर्वहरूलाई नेपाली समाजले सामूहिक रूपमा मनाउने गर्छन् अर्थात सम्पूर्ण जातिहरूले मनाउने गर्छन् । जीवनमा आइपर्ने मानसिक थकाइ र शारीरिक थकाइ मेटाउन, जीवनको बोझ हलुक्याएर आनन्द प्राप्त गर्न मानिसलाई पर्वले महत्त्वपूर्ण सहयोग गरिरहेको हुन्छ । यतिमात्र नभएर ईश्वरप्रतिको भक्तिभाव दर्शाउन पनि चाडपर्वहरू मनाइन्छन् । प्राचीन पुराण, कथा र तिनबाट चल्दै आएका विभिन्न किंवदन्तिहरूले चाडपर्व मनाउन थप हौसला प्रदान गरेका हुन्छन् । समयक्रमका खास-खास मोडमा उल्लास पोख्न पनि विशेष समयमा पर्वहरू आउने गर्छन्, जसले गर्दा परदेशिएका दाजुभाइले घर सम्झने, चेलीबेटीले माइती सम्झने समय पनि आउँछ । रामेछापमा पनि नेपालमा मनाइने पर्वहरू मध्येकै तीज, दशैं, तिहार, एकादशी, माघे सङ्क्रान्ति आदि जस्ता पर्वहरू मनाइन्छन् । यस्ता पर्वहरूमा तीजमा गाइनेगीत, दशैंमा गाइने मालसिरी गीत, तिहारमा गाइने भैलीगीत तथा मारुनी गीत रामेछापमा गाइने प्रमुख पर्वगीतहरू हुन् ।

#### ४.३.३.१ तीजका गीत

तीजको बेलामा नारीहरूको आवाजमा गुन्जिने गीतहरू नै तीजका गीत हुन् । नेपाली समाजमा नारीहरूका लागि तीजको विशेष महत्त्व रहेको छ । तीजको बेलामा चेलीबेटीहरूलाई माइतीले भेट्न जाने तथा लिन जाने चलन छ । तीजको अघिल्लो दिन माइतीघरमा आएर चेलीबेटीहरू मीठा-मीठा खानेकुराहरू दरका रूपमा खान्छन् र बाबु आमा, दाजुभाइ, दिदी-बहिनीका साथमा रमाइलो गर्छन् । केही चेलीबेटीहरू विविध कारणवश माइती जान पाउँदैनन् । कसैका माइती नै हुँदैनन् । कसैले सासु र लोग्नेका कारण माइतीजान पाउँदैनन् । यस्तो बेलामा पीडित र दुःखी नारीहरूले दुःखले भरिएको मर्मस्पर्शी गीत गाउने गर्छन । अन्य नारीहरू तथा माइतीमा गएका र आमाबाबुसँग भेट्न पाएका नारीहरू पनि अरूहरूले पाएको दुःख र पीडालाई आत्मसात गरी आफ्नै दुःख सम्झी गीतहरू गाउने गर्छन् । तीजका गीतमा कतै बाबा लिन नआएको प्रसङ्ग, कतै घरबाट माइत जान रोक लगाएको प्रसङ्ग, कतै आफूले पढ्न नपाएको प्रसङ्ग, कतै सासू छुच्ची र लोग्ने खराब भएको प्रसङ्गलाई गीतका रूपमा गाइन्छ । नारीले पाउनु पर्ने हक र अधिकारलाई पनि तीजकागतिमा गाइन्छ । रामेछापका विभिन्न इलाकाहरूमा पनि यस्तै खाल्का तीजका गीतहरू गाइन्छन् । केही पुराना खाल्का गीतहरू रामेछापमा सँगिनीलयमा गाइन्छन् र नयाँ

गीतहरू भने सबैतिर  चल्नेखाल्का लयहरूमा गाइन्छन् । रामेछापमा पाइने पुरानो सँगिनी लयको तीजको गीतको नमुना यस्तो छ -

‘जोगीको बारी सुन्तलाघारी’[२] एकैमा दाना खान देऊ है [२]

न दिदी मेरी न बैनी मेरी’ [२] के भनी खान दिन्छु है [२]

‘छोरोमा पाए मितेरी लाउँला’ [२] छोरीमा पाए दिउँला है [२]

‘ऊ परबाट को जोगी आयो’ [२] बासुरी बजाई आउँछ है [२]

‘मुठीको भिग दिहालैं चेली’ [२] चलिजा जोगी भन है [२]

‘मुठीको भिग के भनी लान्छु’ [२] हिजोको कबल के थ्यो है [२]

‘हे आमा तिमी पापिनी रैछ्यौ’ [२] गर्भैमा बेची खाइछ्यौ है [२]

उक्त गीतमा आमाले आफ्नो गर्भैमा छोरीलाई बेचेर खाएको र छोरीले त्यसको गुनासो पोखेको कुरा व्यक्त गरिएको छ । उक्त गीतमा सुन्तलाघारी भोगटेघारी, जुनारघारी, निबुवाघारी आदिजस्ता घारीहरू जोगीको बारीमा भएको कुरा वर्णन गरिन्छ र जोगीलाई मुठी, अञ्जुली, माना, पाथी, मुरी आदि भिक्षा दिएको कुरा पनि व्यक्त गरिन्छ ।

छोरीले गर्नुपर्ने काम र कर्तव्य तथा अर्काका घरमा बुहारी भएर गएपछि आफूले सासू-ससुरा तथा नन्द-आमाजू र घरका अन्य सदस्यहरू प्रति गरिने व्यवहारको कुरालाई पनि गीतको रूपमा गाइन्छ । यस्ता गीतको एउटा उदाहरूण यस्तो छ-

‘काँसकी थाल चिउरी-चाँपै’[२] दूधैले भिजाउँला शिवै

दूधैले भिजाउँला

‘बिहानै उठी पतक्कै नुगी’[२] ससुरा रिभ्फाउँला शिवै

ससुरा रिभ्फाउँला

‘त्यतिमा गर्दा नि भएन भने’[२] जीउ यसै भिजाउँला शिवै

जीउ यसै भिजाउँला

यसैगरी सासूलाई रिभ्फाउँला, नन्दलाई रिभ्फाउँला, पतिलाई रिभ्फाउँला, देवरलाई रिभ्फाउँला भन्दै गीतलाई लम्ब्याउँदै लगिन्छ ।

रामेछाप जिल्लाका साथै अन्य ठाउँहरूमा समेत चल्ने तीजको नयाँ गीतको नमुना यस्तो छ-

यसपालिको तीजमा बाबा लिन आएनन्

विरामी पो भए कि फुर्सद पाएनन् ।

सानो छँदा सुख दियौ हुर्काएर पाल्यौ नि
ठूली भएँ पराइघरमा हुत्याइ फाल्यौ नि ।
अर्को साल के हो, के हो ? बाँचिन्छ कि मरिन्छ ?
सम्भी ल्याउँदा भक्कानो भै छाती चिरिन्छ ।
बाबा तिम्ले यो चेलीको ठूलो पाप लियौ नि
गरिबको झुपडीमा हुत्याइदियौ नि ।
एक्लै जाऊँ त खिम्तीखोला बाढी आयो सरर
कति बस्नु माइती सम्भी रुँदै धरर ॥

### ४.३.३.२ मालसिरी

दशैंपर्वको सुरुवात भएपछि दुर्गाभवानीको आराधना गरी गाइने गीत मालसिरी हो । दशैंको घटस्थापनादेखि नै मालसिरीको गायन सुरु गरिन्छ । नेपालका विभिन्न ठाउँहरूमा मालसिरी गाइन्छ । मन्दिरहरूमा गएर तथा घरैमा बसेर पनि मालसिरी गाइन्छ । सङ्गीत शास्त्रमा वर्णन गरिएको मालश्री रागको नेपाली रूप नै मालसिरी हो । यद्यपि नेपालका लोकजीवनमा मालसिरी भनिने सबै गीतहरू यसै रागमा नगाइएका पनि हुन सक्छन् (बन्धु, २०५८:१६८) । रामेछापमा पनि घटस्थापना देखि नै मालसिरी गायन सुरु हुन्छ । विशेषगरी फूलपातीका दिनदेखि घरमा फूलपाती भित्र्याएर मालसिरी गाउने चलन भने धेरै ठाउँमा छ । घर-घरमा जमरा राखे पनि फूलपाती भित्र्याउने खड्ग राखी दीप बालेर दुर्गा स्थापना गर्ने काम भने एउटा मूलघरमा गरिन्छ र त्यहाँ बसेर गाउँका सबै भाइबन्धुहरू मालसिरी गाउँदै रात काट्ने गर्छन । फूलपातीका दिनदेखि त्यसरी राति-राति जाग्राम गरेर दशमी (टीका) का दिन जाग्राम गर्ने काम समाप्त हुन्छ ।

मालसिरीको गायनमा प्रयोग हुने शब्दहरू प्रायः पुराना र हिन्दी भाषाको प्रभाव परेका पाइन्छन् अर्थात हिन्दी र नेपालीका मिश्रित शब्द हुन्छन् । केही गाउँका स्थानीय कलाकारले रचना गरेका गीतहरू पनि पाइन्छन् । रामेछापमा गाइने मालसिरीको नमुना यस्तो छ -

१. जयदेवी भैरवी गोरखनाथ दर्शन देऊ भवानीय
प्रथमदेवी उत्पन्न भई है जन्म लिये कैलाशये
ज्योति जगमग चहुदिशी देवी चौषष्टी योगिनी साथये ।
जयदेवी भैरवी............................
सम्पादिये है गोरखनाथको भैरवी मनाइये

बीससय भोग प्रसन्नादेवी वरदान दिये सबदेशये ।

जयदेवी भैरवी............................

देवी वचन वरदान पाये है भारत सकल नेपालये

खाट सिंहासन जितीलिये है और लिये सब देशये ।

जयदेवी भैरवी.....................

देवबरन माथ मुकुट वदन सूर्योदय ये

तपस्या जिती प्रकट भये है तखत भये हो नेपालये ॥

जयदेवी भैरवी.............................

२. जय देवी कीलका अम्बिका माता असुर मारैला चण्डिका

प्रथम देवीजी कैलास जनम अम्बिका नाम जो पाइये,

चण्डिका रूपसे असुर मारिणी कालिका रूप संघारिये ।

जयदेवी कालिका..........................

त्रिभुवन मण्डल मधुकैटभ व्यापीये विष्णु रूपज गाइये

मायालु रूपसे मथुकैटभ वानये विष्णुरूप संघारिये ।

जयदेवी कालिका..........................

सत्य युगमे सीताजी कहिये द्वापर युगमे दुर्पता,

त्रेता युगमे तुलसीजी कहिये कलियुगमे कालिका ।

जयदेवी कालिका..........................

सुमेरु कैलाशमे देवीजी जन्मे ज्योति स्वरूप देखाइये,

ब्रहमा विष्णु आदि गण मिली दरिशन देखन जाइये ।

जयदेवी कालिका..........................

पुष्पगन्ध, अक्षतापाती, धूपदीप चढाइये,

पचपन पकवान नैवेद्य भवानी भाव भक्ति लगाइये ।

लाल ही सिन्दूर लाल ही चन्दन लाल ही डम्बरु लाल ही रूप सुहाइये ।

जयदेवी कालिका..........................

३. हा हा देवीमाता दुर्गेभवानी

दर्शनदेऊ हाम्लाई जगत्प्रतिपालनी ।

शुम्भ, निशुम्भ, महिष मर्दिनी,

भक्तजनको दुःख कष्ट हर्दिनी ।

हा हा देवीमाता........................

अष्टदश भुजा हा हा दुर्गे भवानी,
खड्ग चक्र औ त्रिशुल धारिणी ।
हामीहरू तिम्रो शरणमा पर्छौं ।
शिर निहुराई चरणमा धर्छौं ।
हा हा देवीमाता............
हिमालय पुत्री पर्वत बासिनी
रक्षेगर दुर्गे हे दुःख विनासिनी
हाम्रो हृदयमा बस हे भवानी
जल, थल, आकाश तिमी घामपानी
हा हा देवीमाता....................
दर्शन देऊ

### ४.३.३.३ भैलो

गाईतिहारको दिन अर्थात लक्ष्मीपूजाको दिन विशेष गरी नारीहरूले गाउँघरमा घुमी-घुमी भैलो मागी गाउने गीत नै भैलोगीत हो । लय हालेर लामो स्वरमा सबैले यो गीत गाउँछन् र एकजनाले भट्याउँदै अरूले भैलीनी भन्दै पनि भैली गीत गाउँछन् । रामेछापमा भैली गीत गाउँदा महिला र पुरुष दुबैले बराबरी सहभागिता जनाएर गीत गाउने गरिन्छ । केही ठाउँमा महिलाहरूलेमात्र गाउँछन् भने मगर जाति र माझी जातिमा भने भैलो पुरुषहरूले माग्ने र गाउने गर्छन । तिहार सुरु हुने बित्तिकै माझीहरू मादल बोकेर मारुनीगीतको साथमा भैलीगीत गाउने गर्छन र उनीहरू त्यही भैलीबाट सुरु गरेर गोरुतिहारको दिन देउसीगीत गाउँछन् र भाइटीकाको बेलुका त्यसलाई सिध्याउँछन ् र घर फर्केर टीका लगाउँछन् । भैलो खेल्दा गीतमै भैलो मागिन्छ र गीतमै आशिक दिएर बिदा मागिन्छ । रामेछापमा गाइने भैलो गीतको नमुना यस्तो छ -

भैलेनी आइन् आँगन, गुन्यू चोलो मागन,
हे ऽ औसकिो दिन, गाई तिहारो भैलो ।
लेखका आलु खिऱ्याए, कलिला गोडा ठिऱ्याए
हेऽ औसीको दिन, गाईतिहारो भैलो ।
यो घरकी आमा कस्ती छन् ? पूर्णेको जून जस्ती छन्
हेऽ औसीको दिन, गाईतिहारो भैलो ।
हामी त्यसै आएनौं, बलीराजाले पठाए

हेऽ औसीको दिन, गाईतिहारो भैलो ।

जसले दिन्छ मानु, उसको सुनको छानुँ

हेऽ औसीको दिन, गाईतिहारो भैलो

जसले दिन्छ पाथी, उसको सुनको छाती

हेऽ औसीको दिन, गाईतिहारो भैलो ।

यसरी महिलाहरूले एकै स्वरमा गाउने गीत बाहेक एकजनाले भट्याएर अन्यले भैलेनी भन्दै पनि भैली गीत गाइन्छ । जस्तो-

हा ऽ है ऽ भन भन सङ्गी

भैलेनी

हे राम्ररी भन

भैलेनी

हे साथी सङ्गी

भैलेनी

-------------------

### ४.३.३.४ देउसी

देउसी विशेषगरी लक्ष्मीपूजाको भोलिपल्ट अर्थात् गोरुतिहारको दिन गाइने गीत हो । विहान गोरुको पूजा गरिन्छ र गोबरको गोवर्धन पर्वतको स्वरूप बनाई पूजा गरिन्छ । साँझ परेपछि पुरुषहरू जम्मा भएर देउसी खेल्ने गरिन्छ । विशेषगरी देउसीगीत पुरुषहरूले गाउने भएकोले यो पुरुषप्रधान हुन्छ । हिजोआज देउसीमा महिलाहरूको पनि उल्लेख्य सहभागिता रहेको पाइन्छ । देउसी खेल्दा एकजनाले भट्याउँछ र अरूले देउसिरे भन्दछन् । देउसी खेल्दा जुन घरमा गएर देउसी खेलिन्छ, त्यस घरको वातावरणको बारेमा बढाइ-चढाइ गरेर बयान गरिन्छ । घर ढोकामा बत्ती बालेको, फूलमाला लगाएको र घर दरबारसमान देखिएको कुरा भट्याउनेले भन्दै जान्छ । जब घरबेटीले सिधा र पैसा नाङ्लोमा ल्याएर दिन्छन् । त्यसपछि भट्याउने व्यक्तिले आशिक दिन्छन् । आशिक दिँदा त्यस घरको सुखसमृद्धि तथा त्यस घरमा धनसम्पती प्रशस्त होस् भनेर आशिक दिइन्छ र बिदा भएर अन्य घरतिर देउसेहरू लाग्छन् । रामेछापका विभिन्न ठाउँहरूमा देउसी खेल्दा देउसीसँगै मारुनी गीत गाएर मारुनीनृत्य गर्ने चलन पनि छ । रामेछापमा प्रचलित देउसीगीत यस्तो छ-

आ है भन भन भाइ हो　　　　देउसी रे

ए राम्ररी भन देउसी रे
ए वर्षदिनको देउसी रे
ए ठूलो चाहाड देउसी रे
ए कालो कात्तिक देउसी रे
ए मनाउन आयौं देउसी रे
ए बलिराजको देउसी रे
ए पालादेखि देउसी रे
ए मनाउने चलन देउसी रे
ए आशिक दिऊँ त देउसी रे
ए गाईवस्तु पाल्दा देउसी रे
ए गोठैभरि देउसी रे
ए भेडाबाखा पाल्दा देउसी रे
ए खोरै भरि देउसी रे
ए परेवा पाल्दा देउसी रे
ए छानैभरि देउसी रे
ए होइजाउन देउसी रे

**४.३.३.५ मारुनी**

मारुनी गीतको संरचना संस्कृतको 'मारु' शब्दमा 'नि' प्रत्यय गाँसिएर अर्थात् मारु+नी = मारुनी मान्न सकिन्छ । साङ्गीतिक सन्दर्भमा मारु शब्दको खास अर्थ दीपक रागको एक भेद हुन्छ । त्यही मारु राग गाउने स्त्रीलाई पनि मारुनी भनिएको मान्न सकिन्छ । कालान्तरमा राग गाउने चलन गौण भएर गीत र नृत्यले प्रमुख भूमिका लिएको हुनसक्छ । त्यसैको फलस्वरूप नेपाली सांस्कृतिक जीवनमा मारुनी गीत र नाच गीतिनृत्यका रूपमा स्थापित हुन पुगेको छ (पराजुली, २०२७:२६६) ।

नेपाली शब्दसागरले मारुनी शब्दको अर्थ आइमाई बनेर नाचगान गर्ने पुरुष, नटुवी, नचुवी, बृहन्नला तथा नपुंसक मान्छे (शर्म्मा, २०५७: १०६६) बताएको छ ।

मारुनी गीत मुख्यत : पुरुषप्रधान हुन्छ । यो गीत पुरुषहरूले महिलाको भेषमा अभिनय गर्दै नृत्य गर्छन् र गाउने गर्छन । यसमा मादले र मारुनीको भूमिका प्रमुख हुन्छ । मादलेहरू फेटा बाँधेर मादल बजाउँदै र गीत गाउँदै नृत्य गर्छन र मारुनीलाई बीचमा राखेर नचाउने गर्छन् । रामेछापमा गाइने मारुनीगीत विशेषगरी देउसी र भैलो खेल्न जाँदा गाइन्छ । अन्य बेला पनि केहीमात्रामा गाइन्छ । रामेछापमा गाइने

मारुनीगीतलाई स्थानीय व्यक्तिहरू ख्यालीगीत पनि भन्ने गर्छन् । यो गीतमा कुनै ठाउँका व्यक्तिहरू सरस्वती वन्दना गर्दै गीतको सुरुवात गर्छन् भने कुनै ठाउँमा त्यतिकै सुरु गर्ने चलन छ । रामेछापमा गाइने मारुनी गीत यस्तो छ-

१. हा ऽ हा ऽ हा ऽ हा ऽऽ---------
महादेउका मन्दिरमा सय घैला पानी,
'सपनीमा हरहर' २
चरन तिम्रो महादेउ दुनियाँको रक्षेगर ।
मट्टि हे ओछ्यान, मट्टि है बिछ्यौना,
'मट्टि है सिरानी' २
पुँडो सारी बस है दिन दिन भयो विरानी ।
सिम्सिमे पानीको लुगलुगे जाडो,
'रूखमुनि झऱ्यो तप्क्यानी' २
पर्ख है भिनाजु नेपाल हेर्न जाने म पनि ।
पूर्वको मादले पश्चिमको मारुनी,
'कवदिन होइजाला भेट' २
सत्य रहु मारुनी समयमा होइजाला भेट ।
दौडी र दौडी आउँदा, पौडी र पौडी आउँदा
'पिउरी पऱ्यो रानीको केश' २
हटिदेऊ न बादलु म हेरी आउँछु माइतीको देश ।
२. हा ऽ हा ऽ हा ऽ हा ऽ --------
सुनै र कोशी तीरैतीर जलै र कपुर माछा
जलैभा पन्छीले गाँजी लग्यो,
हाइ जलैभा पन्छीले गाँजी लग्यो,
'दाजै हाम्रा रामचन्द्र हाम्री सीता रावन्नेले हरी लग्यो २
रानी र वनको सेरो र फेरो बादलुको घेरो
सिम्सिमे पऱ्यो पानी,
हाइ सिम्सिमे पऱ्यो पानी,
भाइ हाम्रा लक्ष्मुन आज एक्लै कहाँ गइन् सीता रानी २
फूलै र फूल्यो जाई र वेली मुखियाको बारी
भगमग चल्यो वासना,

हाइ मगमग चल्यो वासना

सुन मेरी मारुनै बत्तीस दन्त खोली हाँसन २

### ४.३.४ श्रमगीत/कर्मगीत

खेतबारीमा कामगर्दा वा कुने पनि शारीरिक श्रम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ । काम गर्दा गाइने गीत अर्थात कर्मगीत भनेर पनि श्रमगीतलाई चिनाइन्छ । श्रमगीतहरू खेती लगाउने समयमा, गोडमेल गर्ने समयमा तथा बाली भित्र्याउने समयमा छुट्टा-छुट्टै प्रकारले गाइन्छन् । याम अनुसार खेतबारीमा गरिने कर्मलाई आधार मानेर यस्ता गीतहरू गाइन्छन् । कर्मगीतहरूमा जिन्दगीका सुख-दुःख, खेतबारीमा गरिने काम तथा त्यससँग सम्बन्धित बालिबिरुवा, आफू खेताला भएर अर्काको बारीमा काम गर्न गएको कुरा साथै मायाप्रीतिका कुराहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिन्छ । मकै तथा घैया गोड्दा गाइने गोडेलो, असार साउनमा खेतबारीमा धान तथा कोदो रोप्दा गाइने असारे तथा मङ्सिरमा धान भित्र्याउँदा र दाइँ गर्दा गाइने दाइँगीत रामेछापमा प्रचलित मुख्य श्रमगीतहरू हुन् ।

#### ४.३.४.१ गोडेलो

चैत-बैसाख तथा जेठ महिनामा खेतबारीमा मकै तथा घैया गोड्दा कतै नारीहरूको समूहले तथा कतै नारीपुरुष दुबैको समूहले विभिन्न किसिमका गीतहरू तथा केही गाथाहरू पनि गाइन्छन् । यिनै गीतहरूलाई गोडेलो भनिन्छ । गोडेलो गीत नेपालका पूर्वी पहाडी क्षेत्रहरूमा प्रचलित छ र रामेछापका सबै ठाउँहरूमा गोडेलो गीत गाउने गरेको पाइँदैन तर पनि केही ठाउँहरूमा यसको प्रचलन छँदैछ । मकै गोड्दा गाउने गोडेलोमा बाउसे अर्थात एकजना जान्ने मान्छेले स्थायी सुरु गर्छ र त्यसको भाकालाई सबै खेतालाहरूले गाउने गर्छन् अर्थात बाउसेले भट्याउने र खेतालाहरूले भाका दोहार्‍याउने गर्छन् । गीत गाउँदा खेतालाहरूले एकै तालमा कोदालोले भुइँमा खन्ने र एकै तालमा माथि उचाल्ने गर्छन् । रामेछापमा प्रचलित गोडेलो गीत यस्तो छ -

बैसाखै लाग्यो कोदालो बोकी — ए ऽ हो ऽ सुन हजुर
मकैको बारीमा, — सरर नीरमाया
कोइली बास्यो, चिउला लाग्यो — ए ऽ हो ऽ सुन हजुर
सालैको घारीमा । — सरर नीरमाया
पानी पर्‍यो रिमी र झिमी — ए ऽ हो ऽ सुन हजुर
असारे सिमीलाई — सरर नीरमाया

बरसै बित्यो कुररे बस्दा    ए ऽ हो सुन हजुर
निष्ठूरी तिमीलाई ।    सरर नीरमाया
खोला र खाली पलायो घाँस    ए ऽ हो ऽ सुन हजुर
बारीमा दुबीझार,    सरर नीरमाया
आँफू त भइयो खेतालो हली    ए ऽ हो ऽ सुन हजुर
दाजु छन् सुविदार ।    सरर नीरमाया ।

**४.३.४.२ असारेगीत**

असार महिनामा गाइने गीतअसारे गीत हो । असारेगीत असारको बेलामा धान तथा कोदाको रोपाइँ गर्दा गाइन्छ । असारभन्दा बाहेक साउन भदौतिर पनि धान, कोदो रोप्दा यो गीत चल्ने गर्छ । काठमाडौं उपत्यका वरिपरिका गाउँहरूमा यस्ता गीतहरूलाई रसिया गीत भनेर पनि चिनाउने गरिन्छ । रसियागीत भने बाह्रै महिना चल्ने गर्छ अर्थात रसियागीत ब्राह्रमासे गीत हुन् । असारे गीत रामेछापका धेरै जसो भू-भागमा प्रचलित छन् । जेठ महिनाको अन्तिम समयदेखि नै रामेछापका गाउँहरूमा धान रोप्न सुरु गरिन्छ । धान रोप्दा एकातिर हलो जोत्ने तथा कोदाली लिएर हिलोमा मेलो सम्याउने बाउसेहरू हुन्छन् भने अर्कातिर बीउ काढ्ने ब्याडे तथा हातमा धानको बीउ लिएर रोप्ने रोपाहार हुन्छन् । यी दुई पक्ष अर्थात बाउसे पुरुषहरू तथा रोपाहार नारीहरूका बीचमा असारे गीतको दोहोरी चल्ने गर्छ । दोहोरीका रूपमा मात्र नभई असारेगीत एकोहोरी पनि हुन्छन् । असारे गीतलाई रामेछापका विभिन्न ठाउँहरूमा ठाडो भाकाका रूपमा पनि चिनाइन्छ र रोपाइँ गीत पनि भनिन्छ । असारेगीतमा असारका रोपाइँसम्बन्धी समसामयिक प्रसङ्गहरू सामाजिक चित्रण र मायाप्रीतिका कुराहरूलाई प्रस्तुत गरिन्छ । धैरैजसो असारेगीतहरू वाद्यवादन बिना नै प्रस्तुत गरिने भए तापनि असारे बेठीमा भने दमाईहरू सहित बाजा बजाएर असारे भाकाहरू गाइन्छन् । रामेछापमा प्रचलित असारेगीतको नमुना यस प्रकार छ :-

आदीबारी छर्ने तोरी मुला रायो, आदीबारी फापर
हे मेरो हित कठैबरी नि त आदीबारी फापर,
एकोहोरो माया मैले कति गरुँ दोहोरी माया भापो र
हे मेरो हित्त कठैबरी नित दोहोरी माया भापो र ऽ ऽ ।
तिम्रो पोइको किस्ता मेरो सम्मन मिस्ता तिम्रौ काखमा गनेर
हे मेरो हरि १, २, ३, ४ गरी तिम्रै काखमा गनेर,

बिर्सेको माया देखाइदियौ झल्को रोई-रोई मरोस् भनेर

हे मेरो हित्त कठैबरी नि त रोई-रोई मरोस् भनेर ।

यसैगरी असारे गीतको भाकामा देवीदेवताको पुकारा गरेर गीत गाउने चलन पनि छ । देवी देवताको स्तुतिलाई असारे भाकामा प्रस्तुत गरिएको एउटा नमुना यस्ता छ -

धामबाट आएँ व्यर्थै दुःख पाएँ बाललीला हेर्नलाई,

किन आको हेर बुद्धि बिग्रिएर बाललीला हेर्नलाई ।

दिन र रात माया आइछ साथ झ्याम्मै मलाई घेर्नलाई,

पापी रैछ माया पारी दिई छायाँ झ्याम्मै मलाई घेर्नलाई ।

लीला हेर्न आको व्यर्थै दुःखपाको रातदिन गोता खानलाई,

कस्तो मति भछ, बुद्धि बिग्रिगछ रातदिन गोता खानलाई ।

यही घुम्नथालेँ बाटो बिर्सिहालेँ फर्की धाममा जानलाई

कृष्ण बिन्ती लेऊ न बाटो देखाइदेऊ न फर्की धाममा जानलाई ॥

### ४.३.४.३ दाइँगीत

मङ्सिर महिनामा धान काटेर खलामा थुपारी धान झारेर परालमाथि गोरुलाई घुमाउँदै गीत गाउने गरिन्छ । त्यही गीतलाई नै दाइँगीत भनिन्छ । दाइँगीत गाउँदा खलामा गोरु धपाउने मान्छे अर्थात दएँरले गीत गाउने गर्छ र अन्य व्यक्तिले उसलाई साथ दिन्छन् । रामेछापका धेरै जसो भू-भागहरूमा दाइँगीत प्रचलित छ । दाइँ गर्दा कुनै ठाउँमा धानकाटेर खलामा थुप्रो लगाई खलामा मियो गाडिन्छ र मियोमा गोरुहरू बाँधेर त्यसमाथि गोरु घुमाई धान झारिन्छ । कुनै ठाउँमा भने मान्छेले खलामा हातले नै धान झार्ने गर्छन् र बाँकी रहेको धानलाई अर्थात् हातले छिट्दा नझरेको धानलाई खलामा फिँजाई त्यसमाथि दाइँ गरिन्छ । खलाको बीचमा गाडिएको लामो अग्लो बाँस अथवा काठको किलालाई मियो भनिन्छ । मियो गाड्दा मियोको टुप्पामा केही पराल बाँधेर राखिन्छ । गोरु घुमाउने दएँरेले कुन गोरु हिड्यो, कुन गोरु हिँडेन हेर्ने र धपाउने गर्छ साथै गोरुले गोब्रायो भने त्यसलाई हातमै थापेर फाल्ने र माडिएको परालालाई बाहिर निकाली छुट्याएर राख्ने काम गर्छ । दाइँगीत गाउँदा गोरुहरूप्रति आत्मीयता प्रकट गर्दै धानको रास बढोस् र भकारी भरियोस् भन्ने कामनाका साथ गीत गाइन्छ । गोरुहरू र दएँरेहरूले मीठो खान पाउन् भन्ने

कामना पनि गरिन्छ । भूमिदेवताको पुकारा पनि दाइँगीतमा समेटिएको हुन्छ । रामेछापमा प्रचलित दाइँगीतको नमुना यस्तो छ -

हो हो हो दाइँ बरादो हो ऽ ऽ ऽ
झालेमाले, पुत्ले, पाङ्ग्रे सिंदूरे हो ऽ ऽ ऽ
तारीगाईको बाच्छो, मालीगाईको नाति
हिँड्न लाग्यो बरादो हो धान परालमाथि
रामसाली चामलको भात हर्पेको घिउ
दाइँ गरी खाउँला बरादो पारौँला दरिलो जीउ
मियोको टुप्पामा बस्यो एक क्वैली
आजका दयँरैलाई घिउका चोइली
हो ऽ ऽ ऽ ह ऽ ऽ
माल मधेशको सह ल्याइदेऊ
धानको रासी बढाई भकारी भरिदेऊ
सयमुरी झरुवा बाह्रबीस रास
चमेलीको फूल फुल्यो आँगनीमा वास
छोटाछोटा हुन लागे मङ्सिरका दिन
छिटो हिंड मर्द आए धानको भारी लिन
हो ऽ ऽ ऽ ह ऽ ऽ ।

### ४.४ रामेछापका सामान्य गीतहरू

कुनै पनि चाडपर्व र संस्करहरूबिना नै बाह्रै महिना सामान्य रूपमा गाइने गीत नै सामान्य गीतहरू हुन् । सामान्य गीतहरू स्वतन्त्र रूपमा आफ्नो मनका दुःख -सुख तथा पीर-व्यथाहरू पोखेर गाइन्छन् । बाह्रै महिना एकनास रूपमा गाइने भएकोले यस्ता सामान्य गीतहरूलाई बाह्रमासे गीत पनि भनिन्छ । यस्ता बाह्रमासे गीतहरू सदाबहार हुन्छन् । जुनसुकै बेलामा पनि समान्य गीतहरू गाइन्छन् । गाईवस्तु हेर्न जाँदा, घाँस-दाउरा लिन जाँदा, मेलापात जाँदा, भारी बोक्दा, उकाली-ओराली गर्दा तथा शुद्ध मनोरञ्जनका लागि युवा-युवती जम्मा भएर पनि सामान्य गीतहरू गाइन्छन् । रामेछापमा गाइने मुख्य-मुख्य खाल्का सामान्य तथा बाह्रमासे गीतहरूमा झ्याउरे गीत,

चुड्केगीत, रसियागीत, सँगिनीगीत, सेलोगीत, टुङ्नागीत, दोहोरीगीत तथा बालगीत र जागरणगीत पर्दछन् ।

### ४.४.१ झ्याउरे

झ्यारेगीत नेपाली जनजीवनमा सबैभन्दा बढी प्रचलित रहेको प्रसिद्ध गीत हो । नेपाली समाजमा घाँस-दाउरा जाँदा, गोठाला जाँदा र मेलापात जाँदा विभिन्न गीतहरू झ्याउरे लयमै गाइन्छन् । त्यसैले नेपाली समाजमा झ्याउरे गीतको स्थान उच्च विशिष्ट रहेको छ । नेपालका कतिपय भागमा सामान्यत : सबैखाल्का लोकगीतलाई झ्याउरे भन्ने चलन छ  र झन्डै झन्डै लोकगीतकै पर्यायका रूपमा समेत लिन सकिन्छ (पराजुली, २०५७:१५३) । झ्याउरे गीतहरूका विभिन्न भेदहरू पाइन्छन् । झ्याउरे गीतका लयहरू लामा लय र छोटा लय हुन्छन् । त्यसैले नै झ्यारे गीतको परिचयका क्रममा विभिन्न लोकसाहित्य विद्हरूले विभिन्न रूपमा परिभाषा दिएका छन् अर्थात चिनाएका छन् । झ्याउरे गीतको संरचनालाई हेर्दा सुबी शाहले ९ र १० अक्षरेलाई झ्याउरे गीत मानेका छन् भने धर्मराज थापा र हंसपुरे सुवेदी तथा चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली आदि जस्ता विद्वान्हरूले निश्चित रूपमा झ्याउरे गीतलाई छुट्याएका छैनन् । यी विद्वानहरूले ९-१० अक्षरे र १४ अक्षरे दुबैलाई झ्याउरेको उदाहरणका रूपमा देखाएका छन् । मुनामदनमा प्रयोग भएको १६ अक्षरे छन्दलाई झ्याउरे छन्द नमानेर जङ्गली छन्द र म१४ अक्षरेलाई पाखे छन्द मानेका छन् । यसैको आधारमा असारे भाका र तेर्स्रो भाकाको गीत बनाई गाउने गरेको समेत गरेका छन् । (शाह, २०५५: १३५-१४१) । झ्याउरेको नामकरणको सम्बन्धमा भने धेरै विद्वानहरूको मतैक्य पाइन्छ । झाम्रझुम्रे लुगा लगाएर र झ्याम्किरी झैं कराएर गाउने हुनाले तथा झामर लगाएर नाच्ने हुनाले, ध्यायतृ शब्दबाट ध्यायत्रै झ्याउत्रै हुँदै झ्याउरे भएको हो (पराजुली, २०५७:१५४, बन्धु, २०५८: १३२, थापा, २०४१:५९) भन्ने कुरा तुलसीमान श्रेष्ठले 'झ्याउरेगीतको बनोट र भेद' लेखमा उल्लेख गरेका छन् (श्रेष्ठ, २०६०: ३७-४१) ।

रामेछापमा पाइने झ्याउरे गीतलाई हेर्दा त्यहाँ ९ र १० अक्षरे १४ अक्षरे तथा केही अलि फरकखाल्का झ्याउरे गीतहरू पाइन्छन् । नेपालका विभिन्न इलाकामा पाइने तथा चल्ने झ्याउरेजस्तै रामेछापमा पनि झ्याउरे चल्ने गरेको छ । बनजङ्गल जाँदा घाँसदाउरा जाँदा, मेलपात जाँदा, जात्रा जाँदा तथा फुर्सदको समयमा भेला भएर झ्याउरे गीत गाउने चलन रामेछापमा पाइन्छ । रामेछापमा पाइने झ्याउरे गीतका नमुना यस्ता छन्-

१. आऊ न माया बस न काख

यो कलिलो ओठको रस चाख
भेट भइएछ यो माया साझलाई
भने जस्तो हुने भो आजलाई
आको भए पिरती पलाई
बस्ने थिइँन हृदय जलाई
म गर्दिन जीवनमा गल्ती
भविष्यलाई सम्झयाछु झल्झल्ती
मै मरे नि तिमी त हौली
घौले घरको स्यारौली औताली ।
२. ठाडै जाने उकालीमा लौरी खस्यो तोक्मा
लौरी त खस्यो तोक्मा, लौरी खस्यो तोक्मा
साइनुमा लाग्ने भन्ने छैन रक्सी खाको झोक्मा
रक्सीलाई खाको झोकमा, रक्सी खाको झोकमा
उकालीको चिसो पानी गोगन पातले पिउँला
गोगनै पातले पिउँला, गोगन पातले पिउँला
यति राम्रा लर्के जोवान तैँ मोरीलाई दिउँला
तैँ मोरीलाई दिउँला तैँ मोरीलाई दिउँला ।
खोर्सानी फल्यो लरबर घरकै करासैमा
घरकै करासैमा, घरकै करासैमा
नमरी बाँचे भेटै होला दुई चार बरसैमा
दुई चार बरसैमा, दुई चार बरसैमा ।
३. घरबारीमा फूल होला
मैले माया लगाइदिएँ तपाइँलाई भुल होला
धानको बाला छोटो छ
मै मरेर गए पनि दैलैमा फोटो छ
धानको बाला आलीमा
कस्तो माया लाइएछ हे नहुने पालीमा

झ्याउरे गीतलाई विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले चिनाएका छन् तापनि यही गीत झ्याउरे हो भन्ने निष्कर्षमा पुग्न भने सकेका छैनन् । अन्यौलमा नै छन् । रामेछापका लोकगीतहरूलाई अध्ययन गर्दा त्यहाँ प्रचलित गीतहरूमध्ये ९-१० अक्षर

संरचना भएका गीतलाई र १४ अक्षर संरचना भएका गीतलाई झ्याउरेको नाम दिएको पाइन्छ ।

### ४.४.२ रसिया

काठमाडौं उपत्यका वरिपरि तथा त्यसका नजिकका क्षेत्रहरूमा गाइने गीत रसिया गीत हो । काठमाडौं वरिपरिका काँठहरूमा गाइने भएकाले यसलाई काँठेगति पनि भनिन्छ । रसियागीत लामो लयमा लेग्रो तानेर गाइन्छ । असारमा गाउने असारे भाका पनि रसिया गीत नै हो । रसिया गीतहरू दाउरा-घाँस जाँदा, मेलापात जाँदा र जात्राका समयमा गाइन्छन् । रसियागीतहरू एक्लै पनि गाइन्छन् र दोहोरी तथा जुहारीका रूपमा पनि गाइन्छन् । रामेछापमा प्रचलित एउटा लामो भाकाको रसिया गीतको नमुना यसप्रकार छ -

हात्तीगाउँको हातो
मेच्छेगाउँको जाँतो
ठिमीको चिलिमलाई
नाकदेशको पातो
भोटाहिटीको तामा
खुल्दै आको आग्लो रातो
तीन दिन भयो पेटमा छैन तातो
बेलुका खाको एउटा रोटीको टाटो
त्यहाँ भन्दा खाको भए बिरालाको काट्टो
आलीमुनि अविजालो आलीमाथि काने
बिर्से माया बिर्सिजाने सम्झे मुटु खाने
एकै चरन भनिदेऊ  न तिम्रा पोइले लाने
कोही छैन साथमा
आज जाने रातमा
गरौं-गरौं रमाइलो ।
दूधको तर
तिमी हामी भर
गरौं गरौं रमाइलो ।

रामेछापतिर प्रचलित यो गीतलाई खुँदाली भाका पनि भनिन्छ साथै घाँस काट्न जाँदा पनि यो गीत गाइने भएकोले यसलाई घाँसेगीतको नाम पनि दिइन्छ । अगाडिका टुक्काहरूलाई छिटो-छिटो भन्दै लगिन्छ र पछाडि अन्तिममा लामो स्वरले लेग्रो तानेर यो गीत गाइन्छ ।

### ४.४.३ चुड्केगीत

छोटा छोटा लयका गीतहरूलाई मादलको तथा खैंजोडीको द्रुतलयमा गाइने गीतहरू नै चुड्के गीतहरू हुन् । चुड्के गीतहरूमा केही भजनहरू पनि पर्दछन् । चुड्के भाकामा गाइने भजनलाई चुड्के भजन भनिन्छ । झ्याउरेका छोटा लय जसलाई छिटो-छिटो गाइन्छ, त्यस्ता गीतलाई पनि चुड्के गीत नै भनिन्छ । चुड्केगीतको अक्षर संरचनालाई हेर्दा तीन पाउका अर्थात त्रिपदीमा ४ देखि ७ अक्षरसम्मका र कुनैमा झ्याउरे जस्तै ९ देखि ११ अक्षरसम्मका पाइन्छन् । रामेछापमा पाइने धार्मिक चुड्केगीत यस्तो छ -

हरहर बागमती
पाप बगाईदेऊ न
पुन्य लगाइदेऊन
हरहर बागमती ।
भन सबैले
एकै मन
गरिकन
भन सबैले ।
कैल्यै नबिर्से ।
रामराम मुखमा
यो कलियुगमा
कैल्यै नबिर्से ।

रामेछापमा गाइने ९, १० अक्षर संरचना भएको चुड्के गीत यस्तो छ -

तिम्ले पनि दुई चुल्ठी बाटेको
मैलेपनि बङ्गाली छाँटेको
जाऊँ है सँग-सँगै
जाऊँ है सँग-सँगै बैनी
तिमी म जाऊँ है सँगसँगै ।
आकाशका छ तारा छ तिर
झर्छ आँसु नहेर मतिर
जाऊँ है सँगसँगै
जाऊँ है सँगसँगै माया

तिमी म जाऊँ है सँगसागै ।

आकासका तीन तार तिनै हुन्

ज्यादीमाया लगाउने यिनै हुन्

जाऊँ है सँगसँगै

जाऊँ है सँगसँगै माया

तिमी म जाऊँ है सँगसँगै,

खोलाखाली पलायो निङ्ग्रो

पलाएन किन हो मन तिम्रो

जाऊँ है सँगसँगै

जाऊँ है सँगसँगै माया

तिमी म जाऊँ है सँगसँगै ।

**४.४.४ सँगिनी**

नारीसमुदायमा गाइने अर्थात नारीहरूको समूह मिलेर गाइने गीत नै सँगिनी गीत हो । सँगिनीगीत पुरुषहरूले नगाउने हुनाले नारीप्रधान हुन्छ । विशेषगरी सँगिनी गीत नेपालको पूर्वी पहाडी इलाकामा चल्ने गर्छ । प्रायः सँगिनीहरू मिलेर गाइने भएकोले यसको नाम सँगिनी भएको हुन सक्छ (बन्धु, २०५८:१३७) । सँगिनीगीत नारीहरूले घाँस दाउरा, मेलापात, वनजङ्गल, ढिकी-जाँतो आदि गर्दा आँसु-हाँसो र रोदनका विषयवस्तुलाई लिएर मार्मिक लयमा गाउने गर्छन । सँगिनी गीत महिलाहरूले एकल र समूह दुबै प्रकारले गाउँछन् । सँगिनीगीतमा महिलाहरूको विरहगाथा पनि प्रस्तुत हुन्छन् । यस्ता गीतहरूलाई तीजको बेला तथा रत्यौलीमा पनि प्रस्तुत गरिन्छ । पूजा तथा विभिन्नधार्मिक कार्यक्रमहरूमा पनि सँगिनी गीत गाइन्छ । रामेछापका विभिन्न क्षेत्रहरूमा पनि सँगिनी गीत प्रचलित छ । रामेछापमा गाइने सँगिनी गीतहरू प्रायः जसो तीज र रत्यौलीमा गाइन्छ । तीज र रत्यौलीमा गाइने गीतहरू एकै किसिमका हुन्छन् । नारीहरूका कथा, व्यथा र पीडाका अनुभूतिहरू यस्ता गीतहरूमा पोखिएका हुन्छन् । रामेछापमा गाइने सँगिनीगीतको नमुना यस्तो छ -

सुनको थालमा सुनकै भात खाई दूधैले धोए नि बाबा

दूधैले धोए नि,

जन्मघर जस्तो पराइघर हुन्न दरबारै भए नि बाबा

दरबारै भए नि ।

जुरुक्क उठी नि म दैलो पोत्छु पाँच घडी रातैमा बाबा

पाँचघडी रातैमा,
घाँसदाउरा खोज्न जङ्गलै जान्छु भालेको डाँकैमा बाबा
भालेको डाँकैमा ।
झिली र मिली नि बत्ती है बल्यो बेनीको मेलैमा निबाबा
बेनीको मेलैमा,
पराइको घरैमा घोटिनुपर्‍यो पढ्ने यो बेलैमा नि बाबा
पढ्नेयो बेलैमा ।
ढक र मक्क सयपत्री फुल्दा बारीको डिलैमा नि बाबा
बारीको डिलैमा,
माइतीघर सम्झी भक्कानो उठ्छ चेलीको दिलैमा नि बाबा
चेलीको दिलैमा ।

### ४.४.५ सेलो

विशेष गरेर तामाङ्ग जातिहरूले डम्फू बजाउँदै गाउने गीत सेलो हो । तामाङ्ग जातिहरूले गाउने भएकोले यस्ता गीतलाई तामाङ्ग सेलो भनिन्छ साथै डम्फूको तालमा नृत्य गर्दै गाइने हुनाले डम्फूगीत पनि भनिन्छ । सेलोगीत तामाङ्गहरूले आफ्नो स्थानीय तामाङ्ग भाषामा साथै नेपाली भाषामा गाउने गर्छन् । डम्फू तथा टुङ्ना र अन्य बाजाहरूको साथमा यो गीत गाइन्छ र वनजङ्गल, दाउराघाँस तथा भेडी चराउँदा भने यो बाजाबिना त्यतिकै गाइन्छ । विशेष गररे मध्यपहाडी भेगमा प्रचलित सेलोले रामेछापका धेरै ठाउँहरूमा आफ्नो स्थान ओगट्न सफल भएको छ । रामेछापमा तामाङ्ग बाहेकका अन्य जातिका मान्छेहरूले पनि सेलोलाई नेपाली भाषामा गाउने गर्दछन् । सेलोगीत एकल तथा दोहोरी दुबै प्रकारका हुन्छन् । दुईजनाले गाउने जुहारी होस् तथा समूहले नै गाउने जुहारी होस् सेलो सबै प्रकारले गाइन्छ । रामेछापमा प्रचलित सेलोका केही नमुना यसप्रकार छन् -

चरीको राम्रो बेसर, मरी त लानु के छ र
हार त सुन हो रानी मरी त लानु के छ र ।
मनमिल्यो हाम्रो लेकाली, घरबार जोडौं यसपाली
हार त सुन हो रानी घरबार जोडौं यसपाली ।
हिउँ खस्यो सैलुङ लेखैमा, कर्म छ भावीको लेखैमा
हार त सुन हो रानी कर्म छ भावीको लेखैमा
चरीको घरबार रूखैमा, पार्दिन ज्यानलाई दुःखैमा

हार त सुन हो रानी पार्दिन ज्यानलाई दुःखैमा ।

यस्ता सात, आठ र नौ अक्षरका छोटा चरनहरूलाई बढाएर अर्थात् दोब्बर गरेर पनि सेलो गाइन्छ -

हाम्रो त भेडी खर्कमा भेडीको राम्रो चरन
कहाँको जनम हो मैच्याङ कहाँ हाम्रो मरन ।
कुइरोले ढाक्यो खर्कमा भेडीको पाठो भ्यागर्छ
तिम्रो र हाम्रो मन मिले मैच्याङ दुनियाँले क्या गर्छ ।
सैलुङ्गेश्वरी देवीलाई कुखुरा काटी भोगदिउँला
आपाले गाली गरेमा मैच्याङ खुट्टामा समाई ढोगदिउँला ।
गाईको बाच्छो कोरली भीर चर्छ कि चर्दैन
गान्बाको छोरा साइँलो म मैच्याङ मन पर्छ कि पर्दैन ।
लेखको गुराँसेघारीमा चिमलो फुल्यो ढपक्कै
सुनचाँदीले ढाकेर मैच्याङ पार्दिन्छु तिम्लाई धपक्कै ।

छोटा-छोटा चरनहरूलाई जोड्दै जोड्दै लगेर विश्राम भने ९-१० चरनमा पुगेर लामो लय निकाली गरिने खाल्का सेलोहरू पनि पाइन्छन् । जस्तै -

उँभो त सैलुङ्ग लेखैमा -२
सैलुङ्ग डाँडा मो जाँदा -२
भेडी त गोठमा दुई टुङ्ना- २
टुङ्ना न बज्यो रिनिनी २
साइँलाले त्यसो भन्दामा
माइलाले त्यसै भन्दामा
यो वैरागी कान्छीको -२
तपाइँ ज्यानलाई नदेख्दा -२
मै वैरागी कान्छीलाई के चक्कर घुम्यो फिनिनी ।

### ४.४.६ टुङ्नागीत

लेकाली भेगमा बस्ने जातिहरूले टुङ्ना बजाउँदै गाउने गीतलाई टुङ्नागीत भनिन्छ । टुङ्ना धेरै भेडा पाल्ने ठाउँतिर प्रचलित बाजा हो । भेडी गोठालाहरूले जङ्गलतिर तथा खर्कतिर भेडी चराउन जाँदा टुङ्ना भन्ने बाजा लिएर बजाउँदै गीतहरू गाउने गर्दछन् । यस्ता गीतहरू केही सेलोसँग मिल्दाजुल्दा हुन्छन् । रामेछापका केही लेकाली तथा हिमाली भू-भागहरूमा गुरुङ्ग, सुनुवार तथा केही शेर्पाजातिहरू भेडीगोठ

राख्ने गर्छन् साथै टुङ्ना गीतहरूमा आफ्ना मनका भावनाहरू पोख्ने गर्छन् । रामेछापमा गाइने टुङ्ना गीतको नमुना यसप्रकार छ -

बर्खामा लाग्यो खोला र खाली पलायो टोटालो
घर काँ हो भनी नसोध मलाई मै भेडी गोठालो ।
टुङ्ना बज्यो टिनी र टिनी सैलुङको लेखैमा
कर्म त मेरो दुःखी नै रैछ भाग्यको लेखैमा ।
डाँडा र काँडा खस्रुको घारी भेडी त चर्दैन
दुई दिनको माया लगाउने भए भो बोल्नै पर्दैन ।
चौंरीलाई चर्ने रन र वन भेडीलाई खर्कै छ
दुःखैमा गर्छ गोठालो ज्यानले दूधखाने अर्कै छ ।
चरीमा ज्यानले गुँडैमा लायो धुपीको बोटैमा
आधीमा उमेर त्यसै नै बित्यो भेडीको गोठैमा
डम्फू लै बज्यो टुङ्ना बज्यो मुरली बजेन
यो मनले आज सहारा खोज्यो मायाले बुझेन ।

### ४.४.७ दमाईगीत

दमाईहरूले पञ्चैबाजा बजाउँदै जामा तथा शिरमा पगरी बाँधेर घरी-घरी भुइँमा बस्दै तथा घरी-घरी उठ्दै फनक्क फन्को मारेर नाच्ने गर्छन् र साथमा गीत गाउने गर्छन् । यसरी विशेष गरेर दमाईहरूले मात्र गाउने भएकोले यस्ता गीतलाई दमाईगीत भनिन्छ । रामेछापमा हुने तथा चल्ने विभिन्न पर्व तथा चाडहरूमा बाजा बजाउनका लागि दमाईहरूलाई बोलाइन्छ । दमाईहरूले पञ्चेबाजाका साथमा जामापगरी लगाएर नाच्छन् । जामा तथा पगरी र केही खानेकुरा जस्तै : -दही, रोटी आदि सगुनका रूपमा नङ्लोमा राखेर चाडपर्वको आयोजना गर्ने व्यक्ति अर्थात घरबेटीले दिन्छन् । सगुन खाएर जामा पगरी लगाएपछि दमाईहरू बाजा बजाउन सुरु गर्छन् र त्यसको साथमा नृत्य र गीतको पनि सुरुवात हुन्छ । यस्ता गीतहरू बिहे, ब्रतबन्ध तथा अन्य केही कार्यक्रमहरूमा पनि गाइन्छ । यस्ता गीतहरू दमाईहरूले गाउने भए तापनि केही दमाईभन्दा बाहेकका अन्य व्यक्तिहरू पनि दमाईको हुलमा पसेर गाउने गरेको पाइन्छ । रामेछापमा प्रचलित दमाईगीतको नमुना यस्तो छ -

'सिरी-सिरी नि बतासै लाग्यो' २ सिरिसे झ्यालैमा हजुर
'टपक्कै टिपी पो मै लाने छैन' २ मुखैको ख्यालैमा हजुर ।
'ठाडै जाने नि उकालीमा' २ दाहिने पऱ्यो वर नि हजुर

'एक्लै वनमा नि गाई चराउने' २ काँ हो बैनी घर नि हजुर ।
'उडी जाने नि पुतलीको' २ पानी माथि छायाँ हजुर
'जस्तो तिम्लाई नि भोक र तिर्खा' २ उस्तै मलाई माया हजुर ।
'उडी जाने नि पुतलीले' २ सैलुङ्ग डाँडा काट्यो नि हजुर
'तिम्रो र हाम्रो यो मायाप्रीति' २ बादलु झैँ फाट्यो नि हजुर ।
कान्छीको मायाले कलेजीमा हान्यो वान
फुल्दैछ कोपिला नटिप है हजुर ।

### ४.४.८ दोहोरीगीत / जुहारीगीत

युवा र युवती दुईजना तथा दुईसमूहका बीच सवाल जवाफ तथा वादविवाद गरी गाइने गीत दोहोरी हो । एउटाले केही कुरा सोधेर तथा प्रश्न गरेर त्यसको जवाफ अर्कोपक्षले  दिनेगर्छ । यसरी एकोहोरो रूपमा मात्र नभई दोहोरो रूपमा गाइने हुनाले यसलाई दोहोरी भनिएको हो । दोहोरीगीतहरू गाउनका लाीग विशेष चाडपर्व चाहिँदैन । जुनसुकै बेलामा पनि युवायुवतीको जमघटमा गाउन सकिन्छ । दोहोरीगीत लामो समयसम्म लगातार रूपमा गाउन सकिन्छ । दोहोरीगीतहरू विभिन्न भाका तथा लयमा गाइन्छ । रामेछापमा चल्ने दोहोरी गीतहरूमा केटा र केटीको मात्र दोहोरी नभएर केटा केटाका बीचमा पनि दोहोरी चल्ने गरेको पाइन्छ । बिहेको समयमा गाइने सिलोक जन्तीपक्षका व्यक्ति र घरगाउँलेपक्षका व्यक्तिबीच जुहारीका रूपमा चल्छ र यसरी चल्ने सिलोकको जुहारीमा दुबैपक्षमा केटाहरू नै हुने गर्छन् । यस्तो दोहोरीमा रात-रातभर दोहोरी गाइन्छ र बेहुली अन्माउँदासम्म पनि दुवैपक्षको हारजित नभईकन बेहुली लिएर जाने जन्तीहरू बेहुली अन्माएर बाटासम्म पुग्दा पनि पछाडि फर्केर बेहुलीको घरतिर हेर्दै दोहोरीमा जवाफ दिइरहेका हुन्छन् । त्यस्तै रामेछापका दमाईहरू बिहेमा जाँदा बेहुलापक्ष र बेहुलीपक्षका दमाईहरूबीच पनि दोहोरी चल्ने गर्छ । असारमा रोपाइँ गर्दा असारेभाकामा बाउसेहरू र रोपाहारबीच चल्ने दोहोरीले पनि छुट्टै रौनकता थपेको पाइन्छ । यसरी गाइने दोहोरीहरूमा युवायुवतीबीच चल्ने दोहोरीको भने विशेष महत्व रहेको पाइन्छ किनकि यसले मनोरञ्जनात्मक वातावरणमा झन् रौनकता थप्ने गर्छ । दोहोरी गीतमा मुख्यतः प्रेम प्रसङ्ग बढी मात्रामा पाइन्छ भने केही मात्रामा समसामयिक विषयवस्तुका प्रसङ्ग र दुःख सुखका भावनाहरू पाइन्छन् ।

रामेछापमा पाइने केही दोहोरी भाकाहरू यसप्रकार छन्ः-

१. केटा - बनेपा धुलिखेल हुँदै
जानुपर्‍यो आँसुले मुख धुँदै

भीरमौरीको घार २

सानु म जान्छु देवीटार सबलाई नमस्कार ।

केटी - नजाऊ माया दिन गयो ढली

पुगिँदैन देवीटार मन्थली

भीरमौरीको घार २

सानु म जान्छु देवीटार सबलाई नमस्कार ।

केटा - तिम्लाई पनि जाऊँ भन्दा हिँडिनौ

वैरागीको आत्मालाई चिनिनौ

भीरमौरीकमो घार २

सानु म जान्छु देवीटार सबलाई नमस्कार ।

केटी - मायासँग जाने मन थियो

कुन पापीले काँडेबार लाइदियो

भीरमौरीको घार २

सानु म जान्छु देवीटार सबलाई नमस्कार ।

केटा - भनिदियौ बेलैमा लाए

हामीसँग जाने मन भा भए

भीरमौरीको घार २

सानु म जान्छु देवीटार सबलाई नमस्कार ।

केटी - मायासँग मन थियो जानलाई

धौले घरमा बसेर खानलाई

भीरमौरीको घार २

सानु म जान्छु देवीटार सबलाई नमस्कार ।

२. केटा - भेटै भयो यो माया साझलाई

भने जस्तो हुने भो आजलाई

घर हाम्रो रामेछाप, दोलालघाटमा बस है जाउँला एकैसाथ ।

केटी - ओराली र उकाली धाउँदै

मर्ने हो कि छुन नि नपाउँदै

घर हाम्रो रामेछाप, दोलालघाटमा बस है जाउँला एकैसाथ ।

केटा - मै मरे नि तिमी त हौली

धौले घरको स्यारौली औताली

घर हाम्रो रामेछाप, दोलालघाटमा बस है जाउँला एकैसाथ ।

केटी - राख्छु बरु धौले घर खाली

हाम्लाई हेर फाप्दैन औताली

घर हाम्रो रामेछाप, दोलालघाटमा बस है जाउँला एकैसाथ ।

केटा - आँखा हेर्दै चाल पाएँ बानी

भेटेसम्म जे पनि लुड्याउँनी

घर हाम्रो रामेछाप, दोलालघाटमा बस है जाउँला एकैसाथ ।

केटी - कैले वारि कैले पारि

तिम्लाई जस्तो लाछैन भोकमारी

घर हाम्रो रामेछाप, दोलालघाटमा बस है जाउँला एकैसाथ ।

३. केटी - दाजु तिम्लाई भेटेको आजै हो

पहिलो चोटी बोल्न नि लाजै भो

तीते करेली, गाजल लाउँदैमा भिम्काऊ परेली ।

केटा - तिम्रो हाम्रो भेट भाको आज

बोल माया नमान लाज

तीते करेली, गाजल लाउँदैमा भिम्काऊ परेली ।

केटी - मनमा आयो पिरती पलाई

कति बस्नु हृदय जलाई

तीते करेली, गाजल लाउँदैमा भिम्काऊ परेली ।

केटा - केटीको त सहने जातै हो

भन्दै हिँड्नु नभर मात्रै हो

तीते करेली, गाजल लाउँदैमा भिम्काऊ परेली ।

केटी - आज भोलि किन हो किन

आफूभने मायालाई बिर्सिन्न

तीते करेली, गाजल लाउँदैमा भिम्काऊ परेली ।

केटा- मैलै पनि नभन्या मात्रै

तिम्रो चर्चा सुन्याछु प्रशस्तै

तीते करेली, गाजल लाउँदैमा भिम्काऊ परेली ।

केटी - साँझ परेसी बस्दैनौ घर

तिम्ले पनि बेलैमा होश गर

तीते करेली, गाजल लाउँदैमा झिम्काऊ परेली ।

केटा - सँधै-सँधै तिम्रै घर आउँछु

तिमीसँगै पिरती लगाउँछु

तीते करेली, गाजल लाउँदैमा झिम्काऊ परेली ।

**४.४.९ बालगीत**

बालकहरूले घर-आँगन तथा वन-चौरहरूमा वातावरणको प्रभाव अनुसार रमाएर उफ्रँदै गाउने गीतहरू नै बालगीत हुन् । यस्तागीतहरू बालबालिकाहरू जम्मा भएर खेल्दा, घामपानी भएर इन्द्रेनी पर्दा, कुहिरो लाग्दा, बादल लाग्दा, बढी चर्को घाम लाग्दा, हिउँ पर्दा, साँझको रमाइलो आदि जस्ता वातावरणीय प्रभावमा बालबालिकाहरूद्वारा नै गाइन्छन् । यस्ता गीतहरू बालकहरूले एक्लै पनि गाउने गर्छन र सामूहिकरूपमा पनि गाउने गर्छन । बालगीतहरूमा कुनै वाद्यवादनको प्रयोग हुँदैन । बालकहरूले अन्य व्यक्तिहरूबाट मौखिक रूपमा नै सिकेर स्वतः स्फूर्त रूपमा गाउने गर्छन् । रामेछापमा पनि यस्ता गीतहरू बालकहरूद्वारा गाइन्छन् । रामेछापमा पाइने केही बालगीतहरू यस्ता छन् -

१. ओखल दोखल

खैरे खोल

थालनाडी, घोडाचढी

पीपल पापल

दर्शन जोगी

रायो रङ्ग राजा ।

यस्तो गीत बालबालिकाहरू जम्मा भएर गोठाला जाँदा अर्थात अन्य समयमा पनि एउटा व्यक्तिको ढाडमाथि सबैले हात राख्छन् र एक व्यक्तिले औंलाले सबैको हात गन्दै गाउँछन् ।

| | |
|---|---|
| २. एक- यति -यति पानी | चाँदी दिउँला |
| समूह - घे घे रानी | दिन्न |
| यति-यति पानी | हिरा दिउँला |
| बम्बै रानी | दिन्न |
| यति-यति पानी | मोती दिउँला |
| घे घे रानी | दिन्न |
| यति-यति पानी | पैसा दिउँला |

बम्बै रानी
यति-यति पानी
चुर्लुम्मै डुब्यो
एक - त्यो पारि कागले मकै खायो
मलाई जान देउन
समूह दिन्न
सुन दिउँला

दिन्न

दिन्न
यो ढोका के को ?
सुनको
यो ढोका के को ?
चाँदीको
यो ढोका के को ?
फलामको
यो ढोका के को ?
काठको ।

उक्तगीतमा बालकहरू गोलो घेरो बनाएर हातेमालो गरेर उभिन्छन् । एकजनालाई बीचमा राख्छन् । घेरोको बीचमा बस्नेले आफ्नो खुट्टादेखि देखाउँदै 'यति-यति पानी' भन्दै शिरसम्म देखाउँछ । उसले घेराबाट बाहिर निस्कँन हातको जोर्नीमा देखाउँदै यो ढोका के को भन्दै सोध्छ र अरूले सुनको, फलामको आदि भन्दै जान्छन् र अन्तमा ऊ त्यहाँबाट ढोका फुटालेर भाग्न खोज्छ ।

३. चिं मुसी चिं
मुसीले खायो धान
काट मुसीका कान
तेरा दाजु मेरा दाजु
माछा मार्न गए
माछा मारी ल्याए
ढुङ्गामा सुकाए
चिलले लग्यो ज्या ऽऽऽ ।
४. ए बाँदर - होई
कहाँ गइस् - मावल
के खाइस् - दूध र भात
हुक्कापानी - छिली-बिली
दशैंपापी - तैं पापी
- आऊँ कि नआऊँ ?
आइज - कतातिर ?
सबैतिर ।

५. कुद् कुइरा कुद्
तेरा घरमा चोर पस्यो
डाला, नाङ्ला ठटायो
पिठो सामल कुम्ल्यायो
बूढो भैंसी लडायो
कुद् कुइरा कुद्
६. घामपानी घामपानी
स्यालको बिहे
कुकुर जन्ती
बिरालो बाहुन
बिरालाले छोएको कोही पनि नखाउन् ।
७. हेर-हेर साथी हो
कमिलाको ताँती यो
दुलाबाट निस्केर
हिंड्छ दुला माथि यो
हेर हेर साथी हो
कमिलाको ताँतीयो ।

**४.४.९.१ लल्लोरी/निँदरी**

साना-साना बालकहरूलाई सुताउँदा, खेलाउँदा तथा तेल लगाउँदा ती बच्चाहरूका आमा-बाबु तथा अन्य ठूला व्यक्तिहरूले गाउने गीत नै लल्लोरी हो । बालकहरू रुँदा तिनीहरूलाई गीत सुनाएर फुल्याउँदै काखमा थुम्थुम्याएर सुताइन्छ । त्यसैले यस्ता गीतहरूलाई निँदरी भनिन्छ । धेरै विद्वान्हरूले लल्लोरी तथा निँदरी गीतलाई श्रमगीत अन्तर्गत राखेको पाइन्छ तर बालकहरूको निम्ति गाइने र बालकहरूको मनोरञ्जन निम्ति गाइने हुनाले यसलाई बालगीत अन्तर्गत राख्नु नै उपयुक्त हुन्छ । यस्ता गीतहरू सुनेर भर्खर बोली फुट्न लागेका बालकहरूले पनि केही शब्दहरू नक्कल गरेर गाउने गर्दछन् । केही बालकहरू चकचक गरेर रुँदै आए भने तिनीहरूलाई फुल्याउनका लागि गीत सुनाउने गरिन्छ र गीत सुनेर बालक पनि खुशी हुँदै त्यही गीतलाई दोहोऱ्याउँदै गाउन थाल्छन् । रामेछापका विभिन्न ठाउँमा यस्ता गीतहरू प्रशस्त गाइन्छन् । रामेछापमा गाइने लल्लोरी गीतका केही नमुना यस्ता छन्-

१. लेकको चरो
बेँसीमा झऱ्यो
चकचके बाबुलाई
ठीक्क पऱ्यो
२. फू मन्तरकी वाचा
पुच्छर भाका माछा
म खान्छु भुटी मकै
तिम्लाई दिउँला काँचा
३. नाच न नानी नाच न
पैसा दिम्ला पाँचाना
बारुले कम्मर भाँचन
४. बुबुमाम, बुबुमाम
कल्ले खाला कुपुक्क
नानी खान्छ सुपुक्क
नुनु गर्छ नानी
काने काने कुरुरु
आइज निँद खुरुरु ।
५. काली भैंसी गोरी गाई
नक्कलीले छोरी पाई
हल्लाइदेऊ न नन्दे भाइ ।

### ४.४.१० जागरणगीत

गाउँघरका अशिक्षित व्यक्तिहरूलाई केही कुराहरूको ज्ञान दिलाउनको लागि तथा चेतना जगाउनको लागि गीतको माध्यमबाट शिक्षा दिलाउने काम गरिन्छ । त्यस्ता गीतहरूलाई नै जागरणगीत भनिन्छ । जागरण गीतहरू विभिन्न खाल्का हुन्छन् । विभिन्न विषयहरूलाई लिएर जागरण गीतहरू तयार गरिन्छन् । जागरण गीतहरू स्थानीय लयमा गाइन्छन् । यस्ता गीतहरू वाद्यवादन सहित र वाद्यविना पनि गाइन्छन् । जागरण गीतहरू शैक्षिक जागरण, स्वास्थ्यसम्बन्धी जागरण, वनजङ्गल तथा वातावरण जोगाऊँ भन्नेजस्ता विभिन्न खाल्का हुन्छन् । रामेछापमा पाइने केही जागरण गीतहरू यस्ता छन् -

१. प्रौढ शिक्षा गाउँ-गाउँमा आको छ,
चेतनाको लहरै छाको छ ।

शिक्षाको यो ज्याति बालौं सबै घर गाउँ
अन्धकारमा नबसौं हे प्रौढ पढ्न जाऊँ
दाजु-भाइ, दिदी-बैनी बुबा-आमा पनि
विकास गरौं यो गाउँको सबै साक्षर बनी
लेख्न पढ्न जानेर सरर
विकास गरौं सबै नै मिलेर ।
दुष्ट र फटाहाले झुक्याउने दिन
अब भने त्यस्तो बेला गयो छिन छिन
पर्ने छैन अब हाम्ले अरूको भर गर्न
आजैदेखि सुरु गरौं ज्ञानको ज्योति छर्न
कुरीति र कुप्रथा हटाउन
पढ्ने गरौं आत्मज्ञान बढाउन ।
प्रौढशिक्षा गाउँ गाउँमा आको छ
चेतनाको लहरै छाको छ ।

छोरीलाई पनि पढ्न पठाउनुपर्छ । छोरा र छोरी समान हुन । छोरीलाई दाउरा घाँसमात्र नपठाऊँ तथा छोरीलाई शिक्षा दिऊँ भन्नेखाल्का गीतहरू पनि गाइन्छन् -

२. हे बाबा हे आमा मलाई पनि स्कुल पठाऊ न
छोरा जस्तै मलाई पनि शिक्षित बनाऊ न
अरू ठाउँका छोरीहरू कति पढिसके
हवाइजहाज उडाउन अघि बढिसके
अवसर पाए छोराभन्दा हामी कम हुन्नौं
पराईको पाउपरी धुरु-धुरु रुन्नौं
हे बाबा हे आमा----------
घरधन्दा र दाउरा-घाँसमात्र कति गर्ने
सँधैभरि कति अब अरूको भर पर्ने
हाम्लाई पनि छोराजति अधिकार देऊ
आजैदेखि स्कुल जान्छु कलमकापी देऊ
हे बाबा हे आमा----------
दाजुभाइले गरिसके आइ.ए.बी.ए.पास
मैलेमात्र गर्नुपर्ने सँधै दाउरा-घाँस
एउटै कोखका सन्तान हामी भेदभाव किन

तयार नहोऊ बाबा-आमा यस्तो पाप लिन

हे बाबा हे आमा----------

वनजङ्गल र वातावरणलाई सँधै जोगाइ राख्नुपर्छ । वातावरण स्वच्छ रहेन भने हाम्रो जीवन नै खतरामा हुन्छ भन्ने सन्देशका गीतहरू पनि रामेछापमा गाइन्छन्-

रूख रोपौं जनजङ्गल जोगाऊँ
डाँडापाखा हरियाली बनाऊँ ।
जहाँ हुन्न रूखबुट्टा त्यहाँ पहिरो जान्छ
खाली माटो बाढी आई बगाएर लान्छ
पानीका मूल सुक्दै जान्छन् जङ्गल नभएमा
प्राण धान्न गाह्रो हुन्छ पानी नरहेमा
यस्तो कुरा सबैले बुझ्रेर
बन जोगाऊँ रूख बिरुवा रोपेर ।
रूख भए घाँस हुन्छ गाई वस्तुलाई
पशुपन्छीहरू पनि बस्छन् रमाई
फलफूल कन्दमुल अनि अन्नपात
जोगाउनुपर्छ साथी असल रूखको जात
जताततै सन्देश फैलाऊँ
सबै मिली वनजङ्गल जोगाऊँ ।

**४.४.११ निष्कर्ष**

लोक संस्कृतिले सम्पन्न रामेछाप जिल्लामा विभिन्न किसिमका लोकगीतहरू पाइन्छन् । लोकगीतलाई सामान्य र विशेष लोकगीत गरी छुट्याएर हेर्दा रामेछापका सामान्य गीतहरूमा झ्याउरे, चुड्के, रसिया, सेलो, टुङ्ना, सँगिनी, दोहोरी, दमाईगीत, बालगीत, लल्लोरी तथा जागरण गीतहरू प्रमुख रहेका छन् । यस्ता सामान्य गीतहरू प्राय : बाह्रै महिना चल्ने भएकाले बाह्रमासे गीतका रूपमा पनि चिनिन्छन् । घासँ- दाउरा जाँदा, मेलापात जाँदा तथा जात्रा जाँदा र केही अन्य जमघटमा पनि सामान्य गीतहरू गाइन्छन् । रामेछापमा गाइने विशेषगीतहरूमा धार्मिक गीत, संस्कारगीत, पर्वगीत तथा कर्मगीतहरू पर्दछन् । यस्ता गीतहरूमा पनि आरती, भजन, कीर्तन जस्ता धार्मिक गीतहरू, रत्यौली, आशिका तथा माझीको श्राद्धमा गाइने गीत जस्ता संस्कारगीतहरू, तीजका गीत, मालासिरी, भैली, देउसी, मारुनी जस्ता पर्वगीतहरू, असारे, गोडेलो, दाइँगीत जस्ता कर्म तथा श्रमगीतहरू प्रमुख गीतका रूपमा रहेका छन् । यस्ता

गीतहरूमा केही गीतहरू महिलाप्रधान रहेका छन् भने केही गीतहरू पुरुषप्रधान रहेका छन् । केही गीतहरू वाद्यवादनका साथ गाइन्छन् भने केही गीतहरू वाद्यवादनबिना नै गाइन्छन् । आरती, भजन, कीर्तन, रत्यौली, आशिका आदि जस्ता गीतहरू वादवादनसहित गाइन्छन् भने असारे गोडेलो, दाइँगीत जस्ता गीतहरू बाद्यवादबिना नै गाइन्छन् । दाईगीत, दमाईगीत, मारुनीगीत जस्ता गीतहरू पुरुषप्रधान गीत हुन् भने सँगिनी, रत्यौली जस्ता गीतहरू महिला प्रधान गीत हुन् साथै अन्य गीतहरू महिला र पुरुष दुबैले गाउँछन् । रामेछापमा पाइने गीतहरूले त्यहाँको जनजीवनलाई उमङ्ग प्रदान गरेको छ । तिनै गीतहरूले जीवनका उकाली-ओराली तथा हरेक मोडमा ग्रामीण जनजीवनलाई साथ दिएका छन् र सुख-दुःखका साथी भएका छन् । रामेछापका लोकगीतहरूले त्यहाँको सम्पूर्ण संस्कृतिलाई उजागर गरेका छन् साथै सिङ्गो संस्कृतिलाई बोकेका छन् ।

# परिच्छेद पाँच

# रामेछापका लोकगीतको विशेषता

## ५.१ रामेछापका लोकगीतमा लोकजीवनको प्रतिबिम्ब

हरेक क्षेत्रका लोकगीतहरूले त्यस क्षेत्रको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको चित्रण गरेको हुन्छ अर्थात त्यहाँको लोकजीवनको सम्पूर्ण प्रतिविम्बलाई नै बोकेको हुन्छ । रामेछापका लोकगीतहरूले पनि रामेछापमा रहेको सम्पूर्ण स्थितिको चित्रण गरेको पाइन्छ । त्यहाँको लोकजीवनको सम्पूर्ण प्रतिबिम्ब त्यहाँका लोकगीतमा झल्किएको छ । सामाजिक बनोटअनुसार तथा सामाजिकस्थितिअनुसार लोकगीत पनि फरक फरक हुने गर्दछन् । समाजमा रहेका विभिन्न जातिहरूले आफ्नो छुट्टै पहिचानलाई लोकगीत मार्फत व्यक्त गर्दछन् । त्यस्तै विभिन्न जातिका मान्छेहरूको संस्कृति पनि भिन्न भिन्न किसिमको रहेको छ । उनीहरूको आफ्नो संस्कृति र भेषभुषालाई देखाएको हुन्छ । आफ्नो-आफ्नो संस्कृतिअनुसारका गीतहरू पनि गाइन्छन् । मानिसले गर्ने सम्पूर्ण क्रियाकलापहरू लोकगीतमा व्यक्त गरिने हुनाले धर्मका प्रसङ्गहरू, संस्कारका प्रसङ्गहरू, साँझ तथा विहान दाउरा-घाँस तथा ढिकी-जाँतो गर्नुपर्ने कुराहरू, मेलापात र घरमा महिलाले गर्नुपर्ने धन्दाहरू आदिजस्ता कर्मका प्रसङ्गहरू र मानिसले लगाउने गहना र पहिरनका कुराहरू लोकगीतमा व्यक्त हुने गर्छन । मानिसले गर्ने आर्थिक कारोबार, कुनै वस्तुको मूल्यको कुरा, साहु र धनी व्यक्तिहरूका कुराहरू, गरिब र निमुखाका कुराहरू लोकगीतमा विषयवस्तु बनेर आउने गरेका पाइन्छन् । रामेछापका लोकगीतहरूमा यी सम्पूर्ण विषयवस्तुलाई समेटेर गीत गाइने गरेको पाइन्छ । त्यसैले रामेछापका लोकगीतमा लोकजीवनको पूर्ण प्रतिविम्ब रहेको छ भन्न सकिन्छ ।

### ५.१.१ सामाजिक चित्रण

समाजमा रहेका मान्छेले गाउने भएकाले लोकगीत सामाजिक हुन्छ । सामाजिक हुनु लोकगीतको प्रमुख विशेषता पनि हो । सामाजिक भएकाले लोकगीतमा समाजको चित्रण भएको हुनु पनि स्वभाविक नै हो । समाजमा रहेका मानिसहरूका बारेमा लोकगीत गाइन्छन् । मान्छेको उमेरका कुराहरू, घरपरिवारका कुराहरू, समाजले गर्ने भेदभावका कुराहरू, जातजातिका कुराहरू, मानिसहरूको लिङ्ग, उमेर र वर्णका कुराहरू लोकगीतका भाकामा समेटिएका हुन्छन् । मानिसको रहन-सहन, चेतनाको स्तर र चिन्तनप्रक्रिया आदिजस्ता कुराहरू पनि लोकगीतमा रहेका हुन्छन् । समाजमा रहेका युवा-युवतीको प्रेमप्रसङ्ग भने झन् लोकगीतको मुख्य विषयवस्तु रहेको पाइन्छ ।

रामेछापमा पाइने गीतमा सामाजिक क्रियाकलापहरूको चित्रण प्रशस्त मात्रामा रहेको पाइन्छ ।

छोरीलाई बिहे गरेर घर पठाउँदा बाबु-आमाले पीर गर्ने तथा रुने प्रचलन तथा छोरी भागेर माइतीमा आउँछु भन्दा छोरीले माइतीमा बस्नु हुँदैन आफ्नै घर गरेर खानुपर्छ भनेर सम्झाएको प्रसङ्गहरूलाई गीतमै व्यक्त गरिन्छ । जस्तो -

आधी र सगर कालो र मैलो'[२] आधै र  सगर जून छन् है

'भोलि त मलाई पठाउने भन्छन'[२] आजै र बाबा रुन्छन् है

'नरोऊ न नरोऊ हे मेरा बाबा'[२] भागीमा नासी आउँला है [२]

'भागी न नासी नआए चेली'[२] कुकुर फुकाई लाउँला है [२]

'कुकुकर फुकाई लायौ भने'[२] घरैमा गरी खाउँला है [२]

'घरैमा गरी खायौ भने'[२] घोडीको दाइजो दिउँला है [२] (रत्यौली गीत)

उक्त गीतमा छोरीलाई दाइजो दिएर पठाउने नेपाली समाजको चलनलाई पनि छलङ्ग देखाएको पाइन्छ ।

बुहारीले आफ्ना घरका सदस्यहरूसँग गर्ने व्यवहार तथा बुहारीले घरमा गर्नुपर्ने कर्तव्यलाई पनि गीतमा व्यक्त गरिन्छ । जस्तै :-

काँसकी थाल चिउरी चाँपै दूधैले भिजाउँला बरै दूधैले भिजाउँला[२]

बिहानै उठी पतक्कै नुही ससुरा रिझाउँला बरै ससुरा रिझाउँला[२]

त्यतिमा गर्दा नि भएन भने जीउ यसै भिजाउँला बरै जीउ यसै भिजाउँला । [२]

यसैगरी गीतमै सासू रिझाउने, लोग्ने रिझाउने र घरमा भएका सम्पूर्ण सदस्यलाई रिझाउने कुरा व्यक्त गरिन्छ ।

बाबुले छोरीलाई घर र केटो नहेरी गरिबघरमा दिएको र छोरीले दु:ख पाएर गरेको गुनासो गीतमा व्यक्त गरिन्छ । गाउँघरमा छोरीलाई चाँडै विवाह गरेर पठाइदिने परम्परा अझै पाइन्छ साथै छोरीले घरमै बस्नुपर्छ, माइतीमा बस्नु हुँदैन भन्ने मान्यता पनि यथावत् नै पाइन्छ ।

बाबा तिम्ले यो छोरीको ठूलो पाप लियो नि,

गरिबको झुपडीमा हुत्याइदियौ नि ।

एक्लै जाऊँ त खिम्तीखोला बाढी आयो सरर

कति बस्नु माइती सम्झी रुँदै धरर । (तीजको गीत)

समाजमा मादकपदार्थ सेवन गरेर तथा जाँड-रक्सी खाएर विकृति फैलाउने आफन्त पर्ने युवतीलाई पनि जिस्क्याउने जस्ता अनैतिक कार्यहरूको सङ्केत पनि रामेछापका लोकगीतमा पाइन्छ । जस्तैः-

ठाडै जाने उकालीमा, 'लौरी खस्यो तोक्मा' ३

साइनुमा लाग्ने भन्नेमा छैन 'रक्सी खाको झोकमा' ३ (झ्याउरे)

सामाजिक जनजीवनमा गरिने कामहरू तथा खेतीपातीका बारेमा पनि लोकगीत गाइन्छ । जस्तै :-

धानैमा काट्नु सप सपनियन गहुँ काटेर रेटेर,

गलाको पोते मङ्सिर र १६ गते जाने पाइलै मेटेर ।

जेठी गर्छे चुलो, हामी जाउँला मेलो सँग-सँगै दिनरात

राम्रो रैछ कर्म, पऱ्यौ ठूलो घरमा जुनी काटौं साथसाथ । (असारे)

त्यस्तै घर गोठमा गरिने काम तथा अन्य कामहरूको पनि लोकगीतमा वर्णन पाइन्छ । जस्तैः-

घुमै र बुन्नु बाँसैको चोयाको भोर्लाको पातैमा

म उडाइलान्छु हे च्यान्टी तिम्लाई जुनेली रातैमा

गोठाला दाइले दूधैमा दोयो भैंसीको गोठैमा,

चुपुक्क पारी म्वाइँ खाइदिऊँ कि ती लाली ओठैमा ।

समाजमा रहेका दुःखी-गरिब तथा पिछडिएका व्यक्तिहरूले गर्ने दुःखको अभिव्यक्ति पनि लोकगीतमा हुन्छ । जस्तै :-

उकालीमा टेक्ने लौरी समाउनीमा बाङ्गो

कसले देख्छ भोको-तिर्खा कसले देख्छ नाङ्गो ?

बाटैमुनि, बाटैमाथि घैया गोडेकीलाई

कसले हेर्छ कसले देख्छ पोइले छोडेकीलाई ?

बाटै मुनि धौलेघर कसले भट्याउँछ र ?

हामी जस्तो वैरागीलाई कसले पत्याउँछ र ? (झ्याउरे)

### ५.१.२ साँस्कृतिक चित्रण

लोकगीतलाई लोकसंस्कृतिको पर्यायका रूपमा पनि मान्न सकिन्छ किनभने लोकसंस्कृतिका सम्पूर्ण बिम्बहरू लोकगीतमा झल्किएका हुन्छन् । विभिन्न धार्मिक कार्यहरूमा तिनै कार्यहरूलाई आधार बनाएर भजनगीतहरू गाइन्छन् भने जन्म, मृत्यु तथा अन्य संस्कारहरूमा पनि संस्कार र त्यहाँ प्रचलित कार्यहरूको आधारमा गीत गाइन्छन् । विभिन्न जातिहरूले मनाउने छुट्टा-छुट्टै खाल्का संस्कृतिहरूलाई पनि लोकगीतले झल्काउने गर्छ । मानिसले लगाउने भेषभुषा र पहिरनलाई पनि लोकगीतका शब्दहरूले बोकेको पाइन्छ । दौरा, सुरुवाल, कोट, टोपी, चोलो, फरिया, पछ्यौरा, लुकुनी (भेडाको ऊनबाट बनाइएको कोट) जस्ता लोकजीवनमा प्रचलित पोशाकहरूको वर्णन लोकगीतमा हुन्छ । रामेछापमा प्रचलित नेपाली लोकगतिहरूले पनि त्यहाँको स्थानीय संस्कृतिलाई झल्काएका छन् ।

सैलुङ्गेश्वरी देवीलाई कुखुरा काटी भोग दिउँला

आपाले गाली गरेमा मैच्याङ् खुट्टामा समाई ढोग दिउँला

लेखको गुराँसे घारीमा चिमलो फुल्यो ढपक्कै

सुनचाँदीले ढाकेर मैच्याङ पार्दिन्छु तिम्लाई धपक्कै (सेलोगीत)

उक्त गीतमा ग्रामीण परम्परामा भएको देवीलाई कुखुरा बलि दिने चलन, बाबुले भनेको नमानी बिहे गर्दा बाबुले गाली गर्लान् भनेर पहिले नै माफी मागेर खुट्टा समाई ढोग्ने चलन साथै युवतीलाई प्रशस्त सुनचाँदीका गहना दिएर फकाई भगाइलाने चलन स्पष्टरूपमा झल्किएको छ ।

आइमाईकमो लगाउने पहिरनको बारेमा चित्रण गरेका गीतहरू पनि पाइन्छन् । जस्तै :-

मखमली चोली अनि

रेसमको सारी,

डोली चढाई लान्छु तिम्लाई

झ्यानाकुटु पारी । (रसिया)

उक्त गीतमा बिबाहको बेला गाउँघरमा लगाइने पोशाक तथा डोली चढाएर बाजा बजाई बेहुली बनाएर लैजाने प्रचलनको झल्को पाइन्छ ।

लोकगीतहरूले गाउँघरमा मनाइने विभिन्न चाडपर्व र संस्कृतिहरूलाई व्यक्त गरेका हुन्छन् । चाडपर्वहरूका नामहरू गीतमा जोडिएर आउँछन् । जस्तै :-

१. माया लगाऊँ हे नानी ठूली

चैतेदशै मानेर त्रिशुली । (झ्याउरे)

२. यसपालीको तीजमा बाबा लिन आएनन्

बिरामी पो भए कि फुर्सद पाएनन् । (तीजको गीत)

३. अक्षता सिन्दूर दहीमा मुछी जन्तीलाई छरे हुन्

यति न खेर ती मेरा भाइको स्वयम्बर गरे हुन् । (रत्यौली)

४. तिहारैमा सयपत्री फुल्यो बारी डिलैमा

माइतीघर सम्झी भक्कानो उठ्छ चेलीको दिलैमा (सँगिनी)

उक्त गीतहरूमा नेपाली समाजमा मनाइने चैतेदशैं, तीज, तिहारजस्ता चाडहरू र विवाहको स्वयम्बर जस्ता संस्कृतिलाई झल्काएको छ ।

१. भैलेनी आइन् आँगन गुन्यू चोलो मागन

हे औंसीको दिन गाईतिहारो भैलो (भैलोगीत)

२. शिवजीको मन्दिरमा कपुरका बाती

ज्योति जाग्यो झलमल दिन हो कि राति (भजन)

३. शिवजीको मन्दिरमा सय घैला पानी

'सपनीमा हरहर' [२]

चरन तिम्रो महादेव दुनियाँको रक्षे गर । (मारुनी)

प्रस्तुत गीतहरूमा क्रमशः तिहारमा गाईतिहारे औँसीको दिन भैलो मागेको कुरा गीतले नै बताएको छ । शिवजीलाई कपुर तथा बत्ती बालेर आरती गर्ने तथा शिवजीलाई घैलामा जल चढाउने नेपाली तथा हिन्दूपरम्परा र संस्कृतिलाई देखाएको छ ।

### ५.१.३ आर्थिक चित्रण

ग्रामीण जनजीवनमा प्रचलित लोकगीतहरूले त्यहाँको आर्थिक अवस्थाको पनि चित्रण गरेको हुन्छ । घर-व्यवहारमा हुने लेनदेनका कुरा, धनी र गरिबका कुरा, आफ्नो जहानबच्चा पाल्न गाह्रो भएको र ऋण लागेको कुरा, बिहेमा ऋण लागेको अर्थात

श्रीमतीलाई फरिया चोलो किन्दा ऋण लागेको कुरा र साहुको ऋणले गर्दा जोगी बन्नु पर्ने स्थिति आएको आदिजस्ता कुराहरूको वर्णन लोकगीतमा पाइन्छ । अन्य ठाउँमा जस्तै रामेछापका लोकगीतमा पनि आर्थिक चित्रण प्रशस्तै पाइन्छ ।

तिम्रो पोइको किस्ता मेरोसम्मन् मिस्ता तिम्रै काखमा गनेर

हे मेरो हरि १, २, ३, ४ गरी तिम्रै काखमा गनेर

बिर्सेको माया देखाइदियौ झल्को रोई- रोई मरोस् भनेर

हे मेरो हित, कठैबरी नि त रोई- रोई मरोस् भनेर (असारे)

उक्त गीतमा आफ्नी प्रेमिकाले बिबाह गरेर अन्तै गएकी र उसलाई आफूले दिएको रकमको किस्ताको कुरा गरिएको छ साथै दुबैतिरको किस्ता लिने चलाक युवतीको कुरा उक्त गीतमा पाइन्छ ।

आकाशका तीन तारा तीनतिर

हातको घडीबेचेर ऋणतीर

जाऊँ है सँग-सँगै ।

डाँडै काटी जाऊँ मुग्लान पारि

नपुगेमा बेचौँला घरबारी

जाऊँ है सँग-सगै । (चुड्के)

यस गीतमा गरिब भएको कारणले हातको घडी बेचेर ऋण तिर्नुपर्ने अवस्थाको वर्णन तथा मुग्लान काटेर घरबारी बेची सुख खोज्ने कुराको बारेमा स्पष्ट पारिएको छ ।

सैलुङ्गे लेकमा मो जाँदा

भोटे त कुकुर साङ्लोमा

हामीलाई लैजाने हो भने

गहनाथुपार नाङ्लोमा (सेलो)

उक्त गीतमा नाङ्लोमा गहना थुपार्न सक्ने धनी केटासँग मात्र आफूले बिहे गर्ने कुरा युवतीले बताएकी छ ।

चौरीलाई चर्ने रन र वन भेडीलाई खर्कै छ

दुःखमा गर्छ गोठालो ज्यानले दूध खाने अर्कै छ । (टुङ्ना)

यस गीतमा गरिबहरूलाई गोठालो बनाएर काम लगाउने र धनीहरूले त्यसको फाइदा लिने गरेको कुरा व्यक्त भएको छ ।

उकालीमा टेक्ने लौरी, समाउनेमा बाङ्गो हजुर

कसले देख्छ, भोको तिर्खा, कसले देख्छ नाङ्गो हजुर (दमाईगीत)

यस गीतमा गरिब व्यक्तिले आफू भोकै र नाङ्गै बसेको र आफूलाई कसैले पनि नहेर्ने गरेको कुरा व्यक्त भएको छ ।

यो मनमा पीर पऱ्यो भारी

साउको ऋणले उडायो घरबारी (झ्याउरे)

उक्त गीतमा साहुको ऋणले गर्दा घरबार बेचेर घरबारविहीन भएर बस्नु परेको कुरा व्यक्त गरिएको छ ।

## ५.२ रामेछापका लोकगीतको स्वरूप र शैली

### ५.२.१ स्वरूप

लोकगीत परम्परादेखि चल्दै आएको लोकको साझा सम्पती हो । परम्परादेखि चल्दै आए पनि यसका भाका भङ्गीमा परिवर्तन भइरहन्छन् र नयाँ स्वरूपहरू सिर्जना भइ नै रहन्छन् । लोकगीतको स्वरूप भन्नाले लोकगीतको सिङ्गो आकृतिलाई बुझिन्छ । लोकगतिको स्वरूपलाई हेर्दा ती गीतहरू कसरी बनेका छन् भन्ने कुरालाई विशेष ध्यान दिइन्छ । लोकगीतको स्वरूपलाई हेर्दा त्यसको संरचनालाई टुक्र्याएर केलाउनु पर्ने हुन्छ । विशेष गरेर संरचना पक्षमा लोकगीतका चरण (पाउ) विश्राम र अक्षरसङ्ख्यालाई छुट्याएर हेरिन्छ ।

रामेछाप जिल्लामा पाइने नेपाली लोकगीतहरूलाई हेर्दा त्यहाँका गीतहरूमा दुई चरणदेखि लिएर केही लामा-लामा अर्थात् भट्याउँदै लगेर १७-१८ चरणमा अन्तिम विश्राम लिइने खाल्का पाइन्छन् । रामेछापमा पाइने द्विपदी अर्थात दुई पाउका केही गीतहरू यस्ता छन् -

आउ न माया, बस न काख (२+२, ३+२) ९ अक्षर, विश्राम ४.५

यो कलिलो, ओठको रस चाख (२+२, ३+३) १० अक्षर, विश्राम ४.६

दुई चरणको यो झ्याउरे गीतमा पहिलो चरणमा जम्मा नौ अक्षर छन् । विश्राम ४ अक्षरमा र अन्तिम विश्राम ९ अक्षरमा छ । दोस्रो चरणमा १० अक्षर छन् र पहिलो विश्राम ४ अक्षरमा र दोस्रो विश्राम १० अक्षरमा छ । ९-१० अक्षर संरचना भएका गीत

बाहेक १४ अक्षरको संरचना भएका गीतहरूलाई पनि रामेछापमा झ्याउरे गीतको नाम दिइएको पाइन्छ । १४ अक्षर संरचना भएको उक्त गीतलाई घाँसेगीत पनि भनिन्छ । १४ अक्षरको संरचना भएको एउटा झ्याउरे गीत यस्तो छ -

ठाडो जाने, उकालीमा, लौरी खस्यो तोक्मा (२+२,२+२,२+२+२) १४

साइनो लाग्ने, भन्ने छैन, रक्सी खाको झोकमा (२+२,२+२,२+२+२) १४ अक्षर

यस गीतमा एक चरणमा १४ अक्षर रहेका छन् र ४ अक्षरमा पहिलो विश्राम छ ८ अक्षरमा दोस्रो विश्राम १४ अक्षरमा अन्तिम लामो विश्राम छ । दोस्रो चरणमा पनि पहिलो चरण जस्तै ४,८ र १४ अक्षरमा विश्राम छ

तिम्रो पोइको किस्ता, मेरो समेत मिस्ता, तिम्रै काखमा गनेर

(४+२,४+२,४+३) १९ अक्षर

बिर्सिएको माया, देखाइदियौ झल्को, रोइ रोइ मरोस् भनेर ।

असारे भाकाको यस गीतमा अक्षर संरचना १८-१९ अक्षरको छ । पहिलो चरणमा १९ अक्षर छन् । ६ अक्षरमा पहिलो विश्राम १२ अक्षरमा दोस्रो विश्राम र १९ अक्षरमा तेस्रो तथा अन्तिम विश्राम छ । दोस्रो चरणमा पनि पहिलो चरणजस्तै अक्षर संरचना र विश्राम रहेका छ । यस्ता गीतहरूमा पहिलो चरण र दोस्रो चरणलाई दोहोऱ्याएर थेगो राखी चारवटा चरणहरू बनाएर पनि गाइन्छ ।

हाम्रो त भेडी खर्कमा (३+२+३) ८ अक्षर

भेडीको राम्रो चरन (३+२+३) ८ अक्षर

कहाँको जनम हो मैच्याङ (३+२+३) ८ अक्षर

कहाँ हो हाम्रो मरन । (३+२+३) ८ अक्षर

यस सेलोगीतमा जम्मा चार चरण रहेका छन् । प्रत्येक चरणमा अक्षर सङ्ख्या ८-८ रहेको छ । विश्राम पनि ८-८ अक्षरमा नै छ । सेलोहरूमा लामा-लामा अर्थात् धेरै चरण गाएपछि अन्तिम विश्राम लिने खाल्का पनि हुन्छन् ।

सिरी-सिरी नि बतासै लाग्यो (२+३,३+२) १० अक्षर

सिरिसे झ्यालैमा हजुर (३,३+३) ९ अक्षर

टपक्कै टिपी पो मै लाने छैन (३+३,३+२) १० अक्षर

मुखैको ख्यालैमा हजुर (३,३+३) ९ अक्षर

रामेछापमा गाइने यो दमाई गीतमा चार चरण रहेका छन् । यस्ता गीतहरूमा एक चरणमा ९ देखि ११ अक्षर छन् । पहिलो र तेस्रो चरणमा क्रमश : ५.५ र ६.५ मा विश्राम छ भने दोस्रो र चौथो चरणमा ३.६ मा विश्राम छ ।

हात्ती गाउँको हातो

मेच्छे गाउँको जाँतो

ठिमीको चिलिमलाई

नाकदेशको पातो

भोटाहिटीको तामा

खुल्दै आको आग्लो रातो

तीन दिन भयो पेटमा छैन तातो

बेलुका खाको एउटा रोटीको टाटो

त्योभन्दा खाको भए बिरालाकै काट्टो

आलीमुनि अविजालो आलीमाथि काने

बिर्से माया बिर्सिजाने सम्झे मुटु खाने

एकै चरण भनिदेऊ न तिम्रो पोइले लाने

कोही छैन साथमा

आज जाने रातमा

गरौं - गरौं रमाइलो ।

दूधको तर

तिमी हामी भर

गरौं-गरौं रमाइलो ।

यस्तो लामो लयका रसिया गीतहरूमा निश्चित चरणहरू हुँदैनन् र अक्षरसङ्ख्या पनि निश्चित हुँदैनन् । यसलाई भट्याउँदै धेरै चरणहरू पनि बनाउन सकिन्छ र केही छोटोमै पनि टुङ्ग्याउन सकिन्छ ।

### ५.२.२ शैली

लोकगीतको शैली भन्नाले लोकगीत गाउने तरिकादेखि लिएर लोकगीतको आन्तरिक संरचनालाई बुझिन्छ । लोकगीतको आन्तरिक संरचनामा लयविधान भाषिकाको प्रभाव, अलङ्कारविधान, बिम्ब र प्रतीक रसानुभूति आदि पर्दछन् । स्वरूप भन्नाले बाह्य संरचनालाई बुझिन्छ भने शैलीले सम्पूर्ण पक्षलाई समेट्छ ।

#### ५.२.२.१ भाषिकाको प्रभाव

लोकगीतहरू विशेषगरी ग्रामीण सम्प्रदायमा र स्थानअनुसार विभिन्न क्षेत्रहरूमा गाइने भएकाले लोकगीतमा भाषिकाको प्रभाव रहन्छ । पूर्वी क्षेत्रमा गाइने लोकगीतहरू त्यसै क्षेत्रको भाषिका अनुसार स्थानीयलयमा गाइन्छन् भने पश्चिमतिर गाइने देउडा गीतहरू पनि पश्चिमी भाषिकामै हुन्छन् । लोकगीतहरू मानक भाषामा नभई स्थानीय भाषिकामा नै यत्रतत्र छरिन्छन् । रामेछाप जिल्ला नेपालको मध्येपहाडी भागमा पर्दछ । त्यसैले त्यहाँका गीतहरूमा पनि मध्यपहाडी भाषिकाको प्रभाव रहेको पाइन्छ । रामेछापमा स्थानीय भाषिकाको प्रभाव रहेका केही गीतहरू र तिनीहरूको मानक भाषामा हुने अर्थ यसप्रकार छ -

१. तिम्ले पनि दुई चुल्ठी बाटेको
मैले पनि बङ्गाली छाँटेको
'जाऊँ है सँग सँगै'[२] बुइनी
तिमी म जाऊँ है सँग सँगै ।
खोलाखाली पलायो निङ्ग्रो
पलाएन किन हो मन तिम्रो
जाऊँ है सँग सँगै ।
आकाशका तीन तारा तिनै हुन्
ज्यादी माया लगाउने यिनै हुन्
जाऊँ है सँग सँगै ।

यस गीतमा रहेका स्थानीय भाषिकाका शब्दहरू र तिनको मानक नेपाली भाषामाहुने अर्थ यस्तो छ -

| **स्थानीय भाषिकामा** | | **मानक नेपाली भाषामा** |
|---|---|---|
| बङ्गाली छाँट्नु | = | बाल काट्नु (कानवरिपरिको कपाल मिलाएर काट्नु) |
| तिम्ले | = | तिमीले |

बुइनी = बहिनी

निङ्ग्रो = निउँरो (उन्यूको कलिलो टुसा)

ज्यादी = धेरै

२. काँसकी थाल चिउरी चाँपै दूधैले भिजाउँला

बिहानै उठी पतक्कै नुगी ससुरा रिजाउँला ।

पतक्क नुग्नु = लरक्क परेर निहुरिनु

रिजाउनु = रिझाउनु

चिउरी = चिउरा (च्युरा)

काँसकी थाल = काँसको थाल

३. म मरे नि तिमी त हौली,

धौलेघरको स्यारौली औताली ।

स्यार्नु = स्याहार गर्नु, सम्हाल्नु

औताली = अपुताली

धौलेघर = ठूलो घर

४. जसले दिन्छ मानु,

उसको सुनको छानु ।

मानु = मानो

छानु = छानो

५. कोइली बास्यो चिउना लाग्यो

सालैको घारीमा ।

चिउला = पालुवा, मुना

६. लीला हेर्न आको, व्यर्थै दुःख पाको रातदिन गोता खानलाई

कस्तो मती भछ बुद्धि बिग्रिगछ रातदिन गोता खानलाई ।

आको = आएको

पाको = पाएको

गोता = हैरान, दुःख

भछ = भएछ

गछ = गएछ

त्यस्तै रामेछापका गीतमा पाइने अन्य शब्दहरू

खाम्ला = खाउँला

जाम् = जाऊँ

कोरली = युवावस्थाको गाईको बाच्छी

टाटो = टुक्रा (पातलो किसिमको), दाग

बरस = वर्ष

वाती = बत्ती

एकबार = एकपटक

दु-दुई = दुई -दुई

रछौ = रहेछौ

सगर = आकाश

निशिप = कर्म

भुइँसी = भैंसी

भिग = भिक्षा

रच्छे = रक्षा

महादेउ = महादेव

मट्टी = माटो

लक्षुमन = लक्ष्मण

किस्ता = भाग, हिस्सा

लेख = लेक

खर्क = भेडीगोठ राख्ने चौर (भेडा तथा गाईवस्तु खर्काउने ठाउँ)

चिमलो = सेतो गुराँस

करासो = करेसाबारी

छुयो = छोयो

पगितो = धेरै

वान = बाण

### ५.२.२.२ लयविधान

लय लोकगीतको महत्त्वपूर्ण तत्त्व हो । लयले गायक तथा श्रोतालाई गीतको भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक साहचर्य प्रदान गर्छ । लयले नै गीतको रूपमा

झल्काएर संगीतको मोहनी लाग्दो स्थितिमा पुऱ्याउँछ । त्यसैले लयलाई लोकगीतको आन्तरिक तत्त्व तथा लोकगीतको प्राण भन्न सकिन्छ । लयले लोकगीतको भावलाई बढी प्रभावकारी बनाइदिन्छ ।

लोकगीत मानव सम्प्रदायको विकाससँगै लोकसमाजमा चल्दै आएको पाइन्छ । वैदिक कालदेखि नै सामवेदका ऋचाहरूसँगै लोकगीत गाइँदै आएको पाइन्छ । त्यसैले लोकगीतको गायनमा पुराना शास्त्रीय नियमको केही स्पर्श रहेको भेटिन्छ । वेदमा उल्लेख भएका द्विपदी छन्द, त्रिपदीछन्द, चतुष्पदीछन्दजस्ता लयहरू लोकगीतमा हालसम्म प्रचलित छन् । शास्त्रीय सङ्गीतमा हुने द्रुतलय, मध्यलय र बिलम्बितलयहरू पनि लोकगीतमा चल्दै आएका छन् । रामेछापमा पनि विभिन्न लयका गीतहरू पाइन्छन् । रामेछापमा प्रचलित केही द्रुत लयका गीतहरू यस्ता छन्-

तिम्ले पनि दुई चुल्ठी बाटेको

मैले पनि बङ्गाली छाँटेको

जाऊँ है सँग सँगै

जाऊँ है सँग सँगै माया

तिमी म जाऊँ है सँग-सँगै ।

उक्त गीतलाई रामेछापमा चुड्के गीत भनिन्छ । मादललाई चट्काएर छिटो-छिटो लयमा यो गीत गाइन्छ । यसरी द्रुतलयमा गाइने गीतलाई चुड्के भाका भनिन्छ ।

खोर्सानी फल्यो लरबर घरकै करासैमा

नमरी बाँचे भेटै होला दुई चार बरसैमा ।

चौध अक्षरको संरचना भएको यो गीत झ्याउरे गीत हो । यस्ता गीतहरू मध्यलयमा गाइन्छन् ।

रामेछापमा बिलम्बित लयका गीतहरू त्यति प्रचलित छैनन् । बिलम्बित लयका गीतहरू लामो स्वर तानेर ढिलो लयमा गाइन्छन् ।

लोकगीतको लय विधानलाई हेर्दा लोकगीतको बनोट तथा संरचनालाई पनि हेर्नुपर्छ ।

१. असारे गीत

आदी कपाल काट्ने, आदी कपाल बाट्ने, आदी कपाल अल्खारे

(४+२,४+२,४+३,) १९ अक्षर, ६.६.७ विश्राम ।

अघि पनि सछ्र्यौं, पछि पनि सछ्र्यौं निकै रैछ्यौ छल्कारे ।

(४+२,४+२,४+३,) १९ अक्षर, ६.६.७ विश्राम ।

यस गीतमा १९ अक्षरको संरचना छ । दुई चरणको यस गीतमा प्रत्येक चरणमा उस्तै संरचना छ । ६.६.७ मा विश्राम रहेको छ ।

२. तीजको गीत

यसपालीको तीजमा बाबा लिन आएनन्

(४+३,४+३,) १४ अक्षर, विश्राम ७.७ ।

बिरामीको पो भए कि फुर्सद पाएनन् ।

(४+३, ५) १२ अक्षर, विश्राम ७.५

तीजको समयमा गाइने यस गीतमा दुई चरणहरू छन् । पहिलो चरणमा १४ अक्षर छन् र ७.७ मा विश्राम छ । त्यस्तै दोस्रो चरणमा १२ अक्षर छन् र ७.५ मा विश्राम छ ।

३. मालसिरी

शुम्भ, निशुम्भ, महिषासुर मर्दिनी

(२+३, ४+३) १२ अक्षर, विश्राम ५.७

भक्तजनको दुःखकष्ट हर्दिनी

(२+३, ४+३) १२ अक्षर, विश्राम ५.७

दशैंको समयमा गाइने यस मालसिरीमा दुई चरण छन् । यस्ता गीतहरूमा प्रायःस्थायी र अन्तराको अक्षर सङ्ख्या बराबरी हुने गरेको पाइन्छ । यस गीतमा पहिलो पाउमा अक्षर सङ्ख्या १२ छ र विश्राम ५.७ मा रहेको छ । दोस्रो पाउमा पनि पहिलो पाउ जस्तै अक्षरसङ्ख्या १२ र विश्राम ५.७ मै छ । तर सबै मालसिरी गीतका अक्षर सङ्ख्या एउटै हुँदैन, केवल लयले मात्रै मालसिरी गीतको छुट्टै पहिचान हुन्छ ।

४. मारुनी

पूरबैको मादले, पश्चिमैको मारुनी

(४+३, ४+३) १४ अक्षर, विश्राम ७.७

कवदिन होइजाला भेट

(२+२, २+२) ८ अक्षर, विश्राम ४.४

सत्य रहु मारुनी समयमा होइजाला भेट

(४+३, ४+३) १४ अक्षर, विश्राम ७.७

उक्त मारुनी गीतमा ३ चरण रहेका छन् । पहिलो चरणमा अक्षर सङ्ख्या १४ छ र ७.७ मा विश्राम छ । दोस्रो चरणमा अक्षरसङ्ख्या ८ छ र विश्राम ४.४ मा रहेको छ । त्यस्तै अन्तिम वा चौथो चरणमा अक्षर सङ्ख्या १४ र ७.७ मा विश्राम छ ।

५. झ्याउरे

ठाडो जाने उकालीमा लौरी खस्यो तोक्मा

(२+२, २+२, २+२+२) १४ अक्षर, विश्राम ४.४.६

साइनो लाग्ने भन्ने छैन रक्सी खाको झोकमा

(२+२, २+२, २+२+२) १४ अक्षर, विश्राम ४.४.६

रामेछाप जिल्लामा झ्याउरे भनेर चिनिने यो गीतमा दुई चरणहरू छन् र दुबै चरणमा अक्षर सङ्ख्या १४-१४ छ । विश्राम पनि दुबै चरणमा ४.४.६ मा रहेको छ ।

६. देउसी/भैलो

भन भन भाइ हो - देउसिरे

राम्ररी भन - देउसिरे

(२+२) - ३

देउसी तथा भैलो गीतमा प्रत्येक चरणमा ४ अक्षर (भट्याउने) र ३ अक्षर (सबैले ढाक्ने) हुन्छन् । देउसी र भैलो लामो रूपमा गाइन्छन् ।

### ५.२.२.३ अलङ्कार

व्यावहारिक प्रयोगमा गहना तथा आभूषणलाई अलङ्कार भनिन्छ । अलङ्कारले सौन्दर्य बढाउने काम गर्छ । साहित्यमा प्रयोग गरिएको अलङ्कार शब्द संस्कृत शब्द हो । अलङ्कार शब्द 'कृ' धातुमा **अलं** उपसर्ग र **घञ्** प्रत्यय लागेर बनेको छ । (अलं+कृ+घञ् = अलङ्कार) । संस्कृतका विद्वान्हरूले यसका दुईओटा अर्थ बताएका छन् अलङ्करोति इति अलङ्कार : अर्थात जसले सौन्दर्य बढाउँछ त्यो अलङ्कार हो । यसको दोस्रो अर्थ

'अलङ्कृयते अनेन इति अलङ्कार' अर्थात जसले सौन्दर्य बढाउनमा सहायता पुऱ्याउँछ त्यो अलङ्कार हो ।

अलङ्कार साहित्यको सौन्दर्य बढाउने तत्त्व हो । साहित्य आफैँ नै सुन्दर हुन्छ । अलङ्कारले साहित्यमा भएको सौन्दर्यतालाई अझ आकर्षक र मनोरम बनाउन सहयोग गर्छ । अलङ्कार साहित्यको गरिमा, सौन्दर्य र सामर्थ्य बढाउने त्यस्तो तत्त्व हो जसले अभिव्यक्तिलाई प्रभावकारी, चमत्कारपूर्ण र सौन्दर्यमय पार्नमा अहम् भूमिका खेल्छ । साहित्यमा मुख्यत : शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भेद रहेका छन् र ती दुई भेदका पनि विभिन्न स्वरूपहरू रहेका छन् । रामेछाप जिल्लामा पाइने लोकगीतमा पनि विभिन्न अलङ्कारहरू पाइन्छन् । शब्दालङ्कार र अर्थालङ्कार दुबै प्रकारका अलङ्कार र तिनका अन्य स्वरूपहरू रामेछापका लोकगीतमा रहेका छन् ।

१. शब्दालङ्कार

भनाइलाई प्रभावकारी र चमत्कारपूर्ण बनाउन शब्दहरूको विशिष्ट प्रयोग गरिन्छ । त्यसो गर्दा शब्दका वर्गहरू, विभिन्न शब्दहरूको संयोजन रमणीय र विशिष्ट ढङ्गले गरिन्छ । शब्दमा आश्रित हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ ।

रामेछापका लोकगीतमा पाइने शब्दालङ्कारका स्वरूपहरू निम्न प्रकार छन् -

क. अनुप्रास अलङ्कार

व्यञ्जनवर्णको पुनरावृत्ति भएर निर्माण हुने अलङ्कार अनुप्रास अलङ्कार हो । अनुप्रास (पुनरावृत्ति) को प्रक्रिया फरक-फरक हुने भएकाले अनुप्रास अलङ्कार पनि विभिन्न प्रकारका हुन्छन् ।

छेकानुप्रास

स्वरूप र क्रमका दृष्टिले एक वा अनेक व्यञ्जनवर्णको एकपटक मात्र आवृत्ति हुँदा उत्पन्न हुने अनुप्रास अलङ्कारलाई छेकानुप्रास अलङ्कार भनिन्छ ।

जस्तै

आदी कपाल काट्ने आदी कपाल बाट्ने आदी कपाल अल्खारे

अघि पनि पछ्यौं पछि पनि सछ्यौं निकै रैछ्यौ छल्कारे ।

यहाँ काट्ने र बाट्नेको 'ट्ने' र पछ्यौं र सछ्यौं को 'छ्यौ' व्यञ्जनको एकपटक आवृत्ति भएको छ ।

तिम्रो हाम्रो भेटभाको दिन

सङ्लो पानी धमिलो मन किन

यहाँ तिम्रो र हाम्रोको 'म्रो' तथा सङ्लो र धमिलोको 'लो' व्यञ्जनको एकपटक आवृत्ति भएको छ ।

वृत्यनुप्रास

एक वा अनेक व्यञ्जनवर्णहरूकमो अनेकपटक आवृत्ति हुँदा उत्पन्न हुने अलङ्कारलाई वृत्यनुप्रास अलङ्कार भनिन्छ । रामेछापका लोकगीतमा भएका केही वृत्यनुप्रास अलङ्कारहरू यस्ता छन्-

उडी जाने पुतलीको पानीमाथि पऱ्यो छायाँ

जस्तो तिम्लाई भोक तिर्खा उस्तै मलाई माया

माथिका पङ्क्तिहरूमा 'प' व्यञ्जन र 'त' व्यञ्जन वर्णको अनेक पटक आवृत्ति भएको छ ।

'सिरी-सिरी नि बतासै लाग्यो, सिरिसे झ्यालैमा हजुर'

यस पङ्क्तिमा पनि 'स' व्यञ्नको बारम्बार पुनरावृत्ति भएको छ ।

श्रुत्यनुप्रास

एउटै उच्चारण स्थानबाट उच्चरित हुने एक वा अनेक व्यञ्जनवर्णहरूको आवृत्ति हुँदा उत्पन्न हुने अनुप्रास अलङ्कारलाई श्रुत्यनुप्रास अलङ्कार भनिन्छ ।

जस्तै

तिम्लाई थियो दिदीको धेरै भर

दिदीले नि रोजि छन् पराइघर,

यहाँ माथिल्लो हरफमा एउटै उच्चारणस्थान 'दन्त्यस्थान' बाट उच्चरित व्यञ्जनवर्णहरू 'त', 'थ', 'द' 'ध' शब्दको आदिमा आएका छन् ।

लाटानुप्रास

वाच्यार्थ उही भए पनि भिन्न-भिन्न तात्पर्यलाई सङ्केत गर्ने एउटै शब्द वा सिङ्गो पङ्क्तिको आवृत्ति हुँदा उत्पन्न हुने अनुप्रास अलङ्कारलाई लाटानुप्रास अलङ्कार भनिन्छ । जस्तै लोकगीतमा यसको उदाहरण-

कस्ले खान्छ त्यो साह्रो फलामलाई
कस्ले खान्छ त्यो साह्रो फलामलाई

जाऊँ है सँगसँगै

जाऊँ है सँग-सँगै माया तिमी म जाउँ है सँग-सँगै ।

यस गीतमा सम्पूर्ण पङ्क्ति नै दोहोरिएर आएको छ । यहाँ आएको 'कस' शब्दले पहिलो पङ्क्तिमा कुन कुराले भन्ने अर्थ दिएको छ  र दोस्रो पङ्क्तिमा त्यही शब्दले 'खिया' भन्ने अर्थ दिएको छ । यस्तो अलङ्कार गीतमा कमै मात्रामा पाइन्छ ।

अन्त्यानुप्रास

कविताको प्रत्येक पङ्क्तिको अन्तमा आउने वर्णहरूका बीचको समानता हुँदा देखापर्ने अनुप्रासलाई अन्त्यानुप्रास अलङ्कार भनिन्छ । जस्तैः-

उकालीको चिसो पानी गोगन पातले पिँउला,

यति राम्रो लर्के जोवान तैँ मोरीलाई दिउँला ।

यहाँ दुबै पङ्क्तिका अन्त्यमा 'उँला/उँला' वर्णहरू छन् त्यसैले यहाँ अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । प्रायः सबैजसो गीतहरूमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग पाइन्छ अर्थात् सबै गीतहरूमा अन्त्यानुप्रास मिलेको हुन्छ ।

ख. यमक अलङ्कार

भिन्न-भिन्न अर्थलाई सङ्केत गर्ने गरी व्यञ्जन वर्णहरूको उही क्रममा आवृत्ति हुँदा उत्पन्न हुने शब्दालङ्कारलाई यमक अलङ्कार भनिन्छ । यमक अलङ्कारका केही गीतहरू यस्ता छन् -

किन लाग्यो मनमा आज तानाबाना खेल्न

सकिन खै मैले पनि तिम्रो माया भुल्न ।

यहाँ उदाहरणमा दुबै पङ्क्तिमा 'किन' व्यञ्जन वर्णहरूको भिन्न अर्थमा आवृत्ति भएको छ ।

टुङना बज्यो टिनी र टिनी सैलुङ्गको लेखैमा,

कर्म त मेरो दुःखी नै रैछ भाग्यको लेखैमा ।

यहाँका दुबै पङ्क्तिमा 'लेखैमा' व्यञ्जनवर्णहरूको आवृत्ति भएको छ । एउटा पङ्क्तिमा रहेको 'लेखैमा' शब्दले हिमाली अर्थात् उच्चपहाडी भेग भन्ने बुझाउँछ भने अर्को 'लेखैमा' शब्दले लेखिएको कुरा भन्ने बुझाउँछ ।

ग. श्लेष अलङ्कार

कुनै पङ्क्तिमा आएको एउटा शब्दले एकसाथ दुई वा दुईभन्दा बढी तात्पर्य बेध गराउँछ भने त्यस्तो शब्दालङ्कारलाई श्लेष अलङ्कार भनिन्छ । जस्तै-

जोवन गायो दाउरा घाँस टिप्दै
बैंश बित्यो रहरै नपुग्दै

यहाँ 'जोवन' शब्दले जवानी पनि बुझाउँछ र जो मान्छे वनमा गयो भन्ने पनि बुझाएको छ ।

गोठालो म न घर न थर
गोठमा बसी जीवनै गोबर ।

उक्त पङ्क्तिमा रहेको गो'बर' शब्दले एउटा अर्थ गाई-भैंसीको गोबर बताएको छ भने अर्को अर्थ जीवन नै गयो बरै भन्ने बताएको छ ।

२. अर्थालङ्कार

शब्दको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । रामेछापका लोकगीतमा पाइने अर्थालङ्कारहरू निम्न छन् -

क. उपमा अलङ्कार

समान गुण वा धर्मका आधारमा दुई वस्तु (उपमान उपमेय) का बीच सादृष्य जनाउँदा उत्पन्न हुने अर्थालङ्कारलाई उपमा अलङ्कार भनिन्छ । उपमा अलङ्कार भएका केही गीतहरू यस्ता छन् -

पातली नानी पहेँलो जीउ छ सुनैसरी कपाल

कतिमा डुल्छयौ यो वनपाखा जाऊँ हिँड सँगै नेपाल

यहाँ कपाललाई सुनसँग तुलना गरिएकोले उपमा अलङ्कार छ ।

यो घरकी आमा कस्ती छिन्
पूर्णेको जून जस्ती छिन
हे औंसकिो दिन गाई तिहारो भैलो ।

यहाँ आमालाई पूर्णेको जूनसँग तुलना गरिएकोले उपमा अलङ्कार छ ।

माटो समाइ अन्नसरी
ढुङ्गासमाई द्रव्यसरी

माथिका पङ्क्तिमा माटोलाई अन्नसँग र ढुङ्गालाई द्रव्यसँग तुलना गरिएकोले उपमा अलङ्कार छ ।

ख. रूपक अलङ्कार

उपमेयमा उपमानको अभेद सम्बन्ध देखाउँदा वा दुईका बीच समानता जनाउँदा उत्पन्न हुने अर्थालङ्कारलाई रूपक अलङ्कार भनिन्छ । यसमा फलानो नै फलानो भनेर सोझै देखाइन्छ । जस्तैः-

जस्ले दिन्छ पाथी,

उसको सुनको छाती

हे औंसीको दिन गाई तिहारो भैलो ।

यहाँ सुनको छाती भनेर सुन र छातीका बीच अभेद सम्बन्ध देखाइएको छ ।

यो मायाको मोतीको दन्त

दन्त छोडी जाँदैन मन अन्त ।

यहाँ दाँतलाई मोतीको आरोप लगाएर दाँत र मोतीका बीच अभेद सम्बन्ध देखाइएको छ ।

भेडीको गोठमा पहरा दिने कुकुरै ठूलो बाघ

झ्याउरे गीत नगाउने भए नबस यहाँ भाग ।

यहाँ ठूलो कुकुरलाई बाघको आरोप लगाइएकाले रूपक अलङ्कार छ ।

ग. अपह्नुति अलङ्कार

उपमेयको निषेध गरेर उपमानको स्थापना गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई अपह्नुति अलङ्कार भनिन्छ । जस्तै

माया तिम्रो झ-झल्को लागेको

झल्को होइन पिरती जागेको ।

यहाँ झल्को लागेकोलाई निषेध गरेर पिरती जागेको स्थापना गरिएको छ त्यसैले यहाँ अपह्नुति अलङ्कार छ ।

दुई दिनको जिन्दगी धोका हो

जीवन होइन, शीतको थोपा हो ।

यहाँ जीवनलाई निषेध गरी उपमान शीतको थोपालाई स्थापना गरिएको छ ।

घ. अतिशयोक्ति अलङ्कार

कुनै विषय (उपमेय) का बारेमा बढाइ-चढाइ गरेर रमणीय पाराले वर्णन गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई अतिशयोक्ति अलङ्कार भनिन्छ ।

माया तिम्लाई म लान्छु साथ-साथै

उडाएर रूखको पातपातै

जाउँ है सँगसँगै ।

ङ दृष्टान्त अलङ्कार

भन्न खाजेको कुरालाई बुझाउन त्यससँग मिल्ने खाल्को कुनै उदाहरण सहारा लिँदा उत्पन्न हुने अलङ्कार दृष्टान्त अलङ्कार हो । जस्तै -

आऊ न कान्छी माया गाँसौ तिमी हामी पनि

दुनियाँको नजरमा जोडी ढुकुर बनी ।

यहाँ मान्छेको जोडीलाई ढुकुरको जोडीको उदाहरण दिएर अमर प्रेम गाँस्ने कुरा व्यक्त गरिएको छ ।

च. स्वभावोक्ति अलङ्कार

कुनै पनि स्वाभाविक कुरालाई व्यक्त गरिएमा त्यस्तो अलङ्कारलाई स्वाभावोक्ति अलङ्कार भनिन्छ । जस्तै -

आकाशैभरि नौलाखे तारा यौटा छ चन्द्रमा

तन्नेरी वैंश चढेर आउँछ चौध र पन्ध्रमा

यहाँ आकाशमा हुने नौलाखे ताराहरू तथा एउटामात्र चन्द्रमा र चौध र पन्ध्र वर्षमा आउने जवानी र वैंशको स्वाभाविक कुरा पाइन्छ । त्यसैले यहाँ स्वाभावोक्ति अलङ्कार छ ।

छ. विरोधाभास अलङ्कार

एउटै कुरालाई विरोधाभास रूपमा दुइटा आरोप लगाइन्छ भने त्यो विरोधाभास अलङ्कार हुन्छ । जस्तै -

भेडीको गोठमा पहरादिने कुकुरै ठूलो बाघ

झ्याउरे गीत नगाउने भए नबस यहाँ भाग

उक्त हरफमा कुकुर र बाघ एउटैलाई आरोप लगाइएको छ । कुकुर र बाघ फरक-फरक हुनुपर्ने हो तर छैन । त्यसैले यहाँ विरोधाभास अलङ्कार छ ।

### ५.२.२.४ शब्दशक्ति

गीत, कविता तथा विभिन्न साहित्यिक विधामा प्रयोग भएका शब्दहरूले भिन्न स्थान र भिन्न परिवेशमा भिन्नभिन्न अर्थ बुझाउने गर्छन् । साहित्यमा प्रयुक्त शब्दले बुझाउने त्यस्तो अर्थलाई नै शब्दशक्ति भन्ने गरिन्छ । शब्द र अर्थबीचको सम्बन्ध नै शब्दशक्ति हो । पूर्वीय साहित्याचार्यहरूले शब्दशक्तिका तीन प्रकारहरू बताएका छन् - अभिधाशक्ति, लक्षणाशक्ति र व्यञ्जनाशक्ति ।

लोकगीतमा पनि गीतका शब्दले प्रदान गर्ने अर्थका आधारमा अभिधा, लक्षणा र व्यञ्जना शब्दशक्तिलाई छुट्याउन सकिन्छ । रामेछापका लोकगीतमा रहेका केही शब्दशक्तिका उदाहरणहरू क्रमशः यसप्रकार छन् -

अभिधा शब्दशक्ति - सोझो अर्थदिने खाल्का शब्दभएका गीतलाई अभिधा शक्ति वा अभिधार्थी भनिन्छ ।

जस्तै -

यसपालीको तीजमा बाबा लिन आएनन् ।
बिरामी पो भए कि फुर्सद पाएनन् ।

यस गीतमा तीजमा बाबा लिन नआएको कुरालाई सोझो अर्थमा व्यक्त गरिएको छ ।

आदीबारी छर्ने तोरी, मुला, रायो, आदीबारी फापर

एकोहोरो माया मैले कति गरूँ, दोहोरीमाया भापो र ।

यस गीतले बारीको आधा भागमा छर्ने तोरी, मुला, रायो तथा अर्को आधा भागमा छर्ने फापरको कुरा साथै आफ्नो माया एकोहोरोमात्र भएको कुरा व्यक्त गरेको छ । त्यसैले यस्तो गीतलाई अभिधार्थी भनिन्छ ।

लक्षणा शब्दशक्ति - कुनै शब्दले आफ्नो सोझो अर्थ नबुझाई लाक्षणिक अर्थ दिन्छ भने त्यस शब्दको अर्थलाई लाक्षणिक शक्ति भनिन्छ अर्थात लक्ष्यार्थी पनि भनिन्छ ।

जस्तै : मायासँग जाने मन थियो
कुन पापीले काँडेबार लाइदियो ।

यस गीतमा सोझो अर्थ नभएर लक्ष्यार्थ रहेको छ । यहाँ मायासँग जाने मन रहेको कुरा र जानलाई कुनै व्यक्तिले अवरोध पुऱ्याएको कुरालाई काँडेबार लाइदियो भन्ने सङ्केतद्वारा व्यक्त गरिएको छ । त्यसैले यहाँ लक्षणा शब्दशक्ति रहेको छ ।

जुरुक्क उठी नि म दैलो पोत्छु पाँचघडी रातैमा बाबा

घाँसदाउरा खोज्न जङ्गलै जान्छु भालेको डाँकैमा ।

यहाँ घाँसदाउरा खोज्न जङ्गलमा मिर्मिरे उज्यालोमा नै अर्थात बिहानीको शुरुवात्मा नै जाने कुरालाई भालेको डाँकैमा भन्ने सङ्केतद्धारा व्यक्त गरिएको छ । त्यसैले यो लक्षणा शक्ति हो ।

व्यञ्जना शब्दशक्ति

अभिधाशक्ति र लक्षणाशक्ति दुबैले स्पष्ट पार्न नसकेको अर्थ बुझाउने शब्दशक्ति व्यञ्जना शब्दशक्ति हो । अभिधाले सोझो अर्थमात्र दिन्छ । लक्षणाले सोझो अर्थमा बाधा परेपछि लाक्षणिक अर्थ बताउँछ भने व्यञ्जनाले एउटै शब्दबाट एकसाथ अनेक अर्थ बुझाउँछ ।

जस्तै : कान्छीको मायाले कलेजीमा हान्योवान

फुल्दैछ कोपिला नटिप है हजुर ।

यस गीतमा कान्छीको मायाले आफ्नो भित्री मनलाई असर पारेको अर्थात् कान्छीको माया मनभित्र गहिरो रूपमा बसेको कुरा पहिलो हरफमा छ भने दोस्रो हरफमा फुल्दो कोपिलालाई नटिप भनेर आफ्नो कलिलो मनलाई नचुँडाऊ भनिएको छ ।

यस गीतमा अन्य अर्थ पनि लाग्न सक्छन् । त्यसैले यहाँ व्यञ्जना शब्द शक्ति छ ।

आगो लायो जीवनको पाटोमा

हिँड्यो माया धुलो र माटोमा ।

यस गीतमा अभिधा अर्थले जीवनलाई आगो लगाएको र माया धुलो र माटोमा गएको कुरालाई बुझाएको छ भने व्यञ्जनाले जीवनलाई बर्बाद गरी अधोगतितिर गएको कुरालाई बताएको छ ।

कलिलो उमेर भर्खरको ठिटो, क्याराम्रो तिम्रो बानी

डिलैको भट्टी खाली नै हुन्न बस्दछौ तोङ्बा तानी ।

यस गीतमा कुनै एक युवकको सँधै भट्टीमा बसेर तोङ्बा तान्ने बानीलाई व्यङ्ग्यात्मक रूपमा नराम्रो भनिएको छ तर अभिधार्थमा राम्रो भनिएको छ ।

### ५.२.२.५ रसानुभूति

सामान्य अर्थमा भन्दा झोलपदार्थलाई रस भनिन्छ । तर साहित्यका सन्दर्भमा भने आनन्दको अवस्था प्राप्त गर्नु नै रस हो । कुनै कला, साहित्य तथा संगीतलाई बुझेर त्यसमा व्यक्त गरिएको भावनालाई आफ्नो निजी भावनामा रूपान्तरण गरेपछि रसप्राप्त हुन्छ । त्यसबेला भावकले एकप्रकारको विशिष्ट आनन्द प्राप्त गर्छ । पूर्वीय साहित्यमा रस नौ प्रकारका छन् । तिनै नौ रसका आधारमा रामेछापका लोकगीतमा भएको रसानुभूतिलाई यहाँ प्रस्तुत गरिन्छ -

१. श्रृङ्गार रस

रति स्थायीभाव भएको र मायाप्रीतीमा केन्द्रित रसलाई श्रृङ्गार रस भनिन्छ । पुरुष र स्त्रीका बीचमा उत्पन्न हुने प्रीतिभाव वा रतिभावको परिपुष्टिका रूपमा श्रृङ्गार रस रहेको हुन्छ । मिलनको प्रेम छ भने सम्भोग श्रृङ्गार हुन्छ, विछोडको प्रेम छ भने विप्रलम्भ श्रृङ्गार हुन्छ ।

क. सम्भोग वा संयोग श्रृङ्गार

नायक र नायिका बीचको प्रेममा मिलन हुन्छ र सुखद स्थिति आउँछ भने त्यो संयोग वा संभोग श्रृङ्गार हुन्छ ।

जस्तै -

१. आऊ न माया बस न काख
यो कलिलो ओठको रस चाख ।
२. गोठाला दाइले दूधैमा दोयो भैंसीको गोठैमा
चुपुक्क पारी म्वाइँ खाइदिऊँ कि ती लाली ओठैमा ।
३. हाम्रो त सैलुङ्ग, लेखमा सुनपाती धुपीको बासना
मनको धोको पुऱ्याउँला मैच्याङ काखमा आई बस न ।

ख. विप्रलम्भ वा वियोग श्रृङ्गार

नायक-नायिकाको कुनै न कुनै कारणले विछोड भएको हुन्छ । नायक-नायिकाहरू मिलनका लागि छट्पटिन्छन् । मिलन हुन नसक्दाको पीडाले तड्पिएका नायक-नायिका विरहलाग्दो उजाड परिवेशले उत्तेजित र भावुक बन्छन् भने त्यहाँ विप्रलम्भ अर्थात् वियोग श्रृङ्गार हुन्छ । जस्तै -

१. पिरतीको बिग्रियो खेती
यस्तैरैछ मायाको नियती ।

टुटेपछि मायाको ताना
हुन्नरैछ जीवनको ठेगाना ।
२. उडी जाने पुतलीले सैलुङ्ग डाँडा काट्यो
तिम्रो-हाम्रो मायाप्रीति बादलु झैं फाट्यो ।

ग. वीररस

उत्साह वीर रसको स्थायी भाव हो । नायक-नायिकामा कुनै आँटिलो काम गर्ने जोस हुन्छ । उसको जोसलाई उत्तेजित पार्न शत्रु वा चुनौतीपूर्ण कुरा हुन्छन् । त्यस्तो अवस्थामा नायक तथा नायिका उत्साहित र जोसले अगाडि बढ्छन् र त्यहाँ वीररस हुन्छ । जस्तै -

१. अष्टदश भुजा देवी दुर्गे भवानी
खड्ग चक्र औ त्रिशुल धारिणी
शुम्भ, निशुम्भ, महिष मर्दिनी ।
२. यो मायालाई म लान्छु चोरेर
अग्लो डाँडा मिसिनले फोरेर ।

३. करूणरस

करूण रसको स्थायी भाव शोक हो । आफूलाई मन पर्ने व्यक्ति वा कुराको नाश हुँदा करूणा जाग्छ, दुःख लाग्छ र हृदयमा शोक फैलन्छ । यस्तो स्थितिमा शोकग्रस्त हुन पुगेका नायकनायिकालाई देख्दा, सुन्दा वा पढ्दा भावकमा एक किसिमको दुखात्मक आनन्द सञ्चार हुन्छ । त्यसलाई करूण रस भनिन्छ । जस्तै -

१. आकाशका छ तारा छ तिर
झर्छ आँसु नहेर म तिर ।
२. सानो छँदा सुख दियौ हुर्काएर पाल्यौ नि
ठूली भएँ पराइघरमा हुत्याइ फाल्यौ नि
अर्को साल के हो - के हो ? बाँचिन्छ कि मरिन्छ ?
सम्झी ल्याउँदा भक्कानो भै छाती चिरिन्छ ।
३. सुनै र कोशी तीरै-तीर जलै र कपुर माछा
जलैभा पन्छीले गाँजी लग्यो
दाज्यै हाम्रा रामचन्द्र, हाम्री सीता रावन्नेले हरी लग्यो ।

४. रौद्ररस

रौद्र रसको स्थायी भाव क्रोध हो । शत्रु वा चुनौतीपूर्ण कुनै काम कुराले पारेको चोट वा दिएका अपमानका कारण नायकनायिकामा क्रोध जागृत हुन्छ । नायक-नायिकामा क्रोध वा रोष देखापर्छ । यस्तो देखेर भावकलाई विशिष्ट आनन्द मिल्छ । सोही आनन्द नै रौद्ररस हो । जस्तै -

चट्याङ जस्तो गर्जिने बानी

छाड्देऊ अब हे मेरी सान्नानी ।

५. अद्भुत रस

अद्भुत रसको स्थायी भाव विस्मय हो । आश्चर्यजनक वस्तु वा अनौठो व्यक्ति वा अचम्मको दृष्यले विस्मयको वा छक्क पार्ने भाव जगाउँछन् । गीतमा वर्णन भएका अनौठा कुराहरूले श्रोतालाई अचम्मित पार्छ ।

जस्तै -

१. माया तिम्लाई लान्छु म साथसाथमा

उडाएर रूखको पात-पातमा

२. पारिवनको पाखैभरि कोइली शङ्ख फुक्छ

तिम्रो हाम्रो प्रीति देख्दा आकाश पनि झुक्छ ।

३. दौडी-दौडी आउँदा, पौडी-पौडी आउँदा

पिउरी पऱ्यो रानीको केश - २

हटीदेऊ न बादलु मै हेरी आउँछु माइतीको देश ।

६. हास्य रस

हास्य रसको केन्द्रमा हाँसो रहन्छ । त्यसैले हाँस् नै यस रसको स्थायीभाव हो । हाँसो उठ्ने आकृतिको पात्र वा मूल विषयवस्तु तथा गीतबाट हास्यरस उत्पन्न हुन्छ । जस्तै -

१. केटा - दुई रूप्याँको मेथी, दुई रूप्याँको जिरो, दुई रूप्याँको सुठोरे,

जैलेसुकै हेर्छु कन्याईमात्रै रन्छ्यौ सतायो कि लुतोले ।

केटी - बाख्रालाई हाल्नु लै गोगने डाली,गाईले खाने कुर्कुरे,

तिम्लाई पनि हेर्छु सँधै बुटो धाउँछौ लाग्या छ कि तुर्तुरे ।

२. हिमालै चुली त्यो पल्लोपट्टि रूपी कलाल कोर्छ,

फट्याङ्ग्रोले हलो जोत्छ लुइँचे डल्ला फोर्छ ।

३. कालो जिउ छ पहेँलो सारीमा

भैंसी हो कि तोरीको बारीमा ।

७. भयानक रस

भयानक रसको केन्द्रमा डर हुन्छ । यसको स्थायीभाव भय हो । डरलाग्दो पात्र, वस्तु वा दृष्यले भयको भावना जगाउँछ र डरलाग्दो वातावरण सृजना गर्छ । जसले गर्दा भावकलाई आनन्द दिलाउँछ र भयानक रस उत्पन्न हुन्छ ।

जस्तै -

घाँस काट्न जाँदा त्यो पारि वनमा बाघै गर्ज्यो उफ्री,

भागौं त भने काँ जानु भागी लुकेर बसें कुप्री ।

८. विभत्स रस

विभत्स रसको केन्द्रमा घिन (घृणा) हुन्छ । घृणा यस रसको स्थायी भाव हो । कुनै घिनलाग्दो तथा फोहारी व्यक्ति वा वस्तुलाई देखाउँदा पाठक तथा भावकको मनमा घृणा उत्पन्न हुन्छ र नाक खुम्चिन्छ, अनुहार बिग्रिन्छ तथा थुक्न थाल्दछ । त्यही अवस्था नै विभत्स रसको अवस्था हो । जस्तै -

१. हिमालै चुली त्यो पल्लोपट्टि गाई त मर्‍यो लडी

टाउको र पुच्छर कुकुरले तान्यो कागले आन्द्रा चुँडी ।

२. झगडाले काढ्यो नि दोहालो

जतातत‌ै रगतको छ खोलो ।

९. शान्त रस

शान्त रसको केन्द्रमा शान्ति हुन्छ,समताभाव हुन्छ । मनमा हुने शान्ति अर्थात् लोभ, मोह, क्रोध नभएको शान्त मन यस रसको स्थायी भाव हो । धार्मिक वातावरण, दान पूजा, त्याग, तपस्याजस्ता कुराहरूले यस्तो भावलाई उत्तेजित पार्छन् । जसले गर्दा भावकमा शान्त रस उत्पन्न हुन्छ ।

जस्तै -

१. भेदभाव कति छैन म र ब्रह्म भिन्न होइन

म त हुँ एक ब्रह्म योगी ।

परमात्माले वरदान दिई मनुष्यको चोलादिए

जन्मलिन आउनै पऱ्यो नि,
जन्म दिने माता-पिता शरीर छ यो नाश
झुठो माया लाउनै पऱ्यो नि ।
२. सुन सुन मेरा प्यारा लक्ष्मण भाइ
ब्रहमतत्त्व ज्ञान बताउँछु म तिमीलाई ।
शास्त्रवेद पालन गर वर्णाश्रम धर्म
फल आशा त्यागी गर निस्काम शुभकर्म
कर्ता-भोक्ता अभिमानी नबनेर भाइ
सारा कर्महरू अर्पण गर रामलाई ।

## ५.३ निष्कर्ष

लोकगीत लोकजीवनको अमूल्य सम्पती हो । लोकगीतमा लोकजीवनका सम्पूर्ण क्रियाकलापहरू व्यक्त भएका हुन्छन् । लोकगीतहरू सामाजिक हुन्छन् । समाजमा भएका क्रियाकलापहरूको चित्रण लोकगीतमा हुन्छ । समाजमा भएका व्यक्तिहरूका हर्ष, सुखदेखि पीडा तथा पीर-व्यथाहरूको आलाप लोकगीतले समेट्छ । दुःख पाएर विदेशिनु परेका कुराहरू, साहुको ऋणले घर-बारी लिलाम भएर मुग्लान पस्नुपरेको अवस्थाका कुराहरू, सानै उमेरमा बिहे गरेर पराइघर पठाएका चेलीका गुनासोका कुराहरू, पराइघरमा बसेर चेलीले धेरै दुःख पाएका कुराहरू लोकगीतमा हुन्छन् । रामेछापका लोकगीतहरूमा पनि यस्ता सामाजिक चित्रणका कुराहरू पाइन्छन् ।

लोकले मनाउने विभिन्न चाडपर्वहरू, रीति-स्थिति, भेषभुषा, जन्मेदेखि मृत्युसंस्कारसम्मका कुराहरू, लोकजीवनमा प्रचलित विभिन्न परम्परा र संस्कृतिको चित्रण लोकगीतमा पाइन्छ । विभिन्न आर्थिक कठिनाइहरूको वर्णन, धनीवर्ग र गरिबवर्गहरूमा भएको आर्थिक असमानताले बनाएको खाडल तथा समाजमा भएको आर्थिक शोषणका कुराहरूलाई लोकलयमा समेटिएको हुन्छ । त्यसैले लोकगीतहरूले लोकजीवनका सांस्कृतिक र आर्थिक पक्षलाई उजागर गर्छ भन्न सकिन्छ । रामेछापमा मनाइने चाडपर्वका कुराहरू र आर्थिक पक्षका कुराहरूलाई त्यहाँका लोकगीतहरूले समेटेको पाइन्छ ।

रामेछाप जिल्लामा पाइने नेपाली लोकगीतहरूलाई हेर्दा त्यहाँका गीतहरू दुई चरणदेखि लामा-लामा १७-१८ चरणसम्मका पाइन्छन् । झ्याउरेगीतको स्वरूपलाई हेर्दा ९-१० अक्षरको संरचना भएका र १४ अक्षरको संरचना भएको दुबै खाल्का

पाइन्छन् । रामेछापमा विभिन्न शैलीका गीतहरू पाइन्छन् । छोटोलय, मध्यलय तथा लामो स्वरमा लेग्रोतानेर गाइने गीतहरू रामेछापका विभिन्न इलाकामा पाइन्छन् । द्विपदी, त्रिपदी, चतुष्पदी जस्ता शास्त्रीय छन्दमा आधारित गीतहरू पनि पर्याप्त पाइन्छन् ।

अलङ्कारका दृष्टिले हेर्दा पनि रामेछापका लोकगीतहरूमा प्रचुरमात्रामा शब्दालङ्कार र अर्थालङ्कारहरू पाइन्छन् । पूर्वीय साहित्यले बताएका नौ वटै रसहरूको स्पर्श पनि रामेछापका गीतहरूमा पाइन्छ । साहित्यमा हुने शब्दशक्तिका आधारमा हेर्दा पनि अभिधा, लक्षणा र व्यञ्जना शब्दशक्ति त्यहाँका गीतहरूमा पाइन्छन् ।

# परिच्छेद – छ

# उपसंहार (मूल्याङ्कनात्मक निष्कर्श)

रामेछाप भौगोलिक विविधताले भरिएको एउटा पहाडी जिल्ला हो । यहाँको भौगोलिक बनावटमा विविधता पाइन्छ साथै प्राकृतिक वनस्पतिदेखि लिएर साँस्कृतिक र जातीय विविधता पनि रामेछापमा पाइन्छ । वि.सं. २०१८ सालमा ७५ जिल्ला विभाजन पछि हालको भू-आकारमा आएको रामेछापको भौगोलिक अवस्थिति २७$^{\circ}$२८ देखि २७$^{\circ}$५० उत्तरी अक्षांश र ८५$^{\circ}$५० देखि ८६$^{\circ}$३५ पूर्वी देशान्तरमा रहेको छ । लाम्चो आकारमा पूर्वबाट पश्चिमतर्फ फैलिंदै केही भाग उत्तरतिर फैलिएको रामेछापलाई मानचित्रमा हेर्दा हलो आकारको देखिन्छ । पूर्वमा ओखलढुङ्गा र सोलुखुम्बु, दक्षिणमा सिन्धुली, पश्चिममा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक तथा उत्तरमा दोलखा र सिन्धुपाल्चोक गरी ६ वटा जिल्लाहरूसँग रामेछापको सीमाना जोडिएको छ । रामेछापमा प्रशस्तमात्रामा नदीनाला, झरना तथा तालहरू रहेका छन् । सुनकोसी, तामाकोसी, लिखु र खिम्तीखोला यहाँका प्रमुख जलाधारका रूपमा रहेका नदीहरू हुन् । जटापोखरी, पाँचपोखरी, बहुलापोखरी तथा भालेपोखरी आदि यहाँका प्रमुख पोखरी हुन् । विहानीको घाममा सुनौला देखिने नुम्बुर हिमालले रामेछापको शोभा बढाएको छ । शैलुङ्ग डाँडाले आफ्नो नामलाई रामेछापमामात्र नभएर नेपालभर चिनाएको छ ।

रामेछापको प्रशासनिक क्षेत्रअन्तर्गत स्थानीय निकायलाई विभिन्न निकायमा विभाजन गरिएको छ । हालको जिल्ला सदरमुकाम मन्थली रहेको रामेछापमा २ निर्वाचन क्षेत्र, ११ इलाका, ५५ वटा गा.वि.स. तथा ४९५ वटा वडाहरू छन् । रामेछापको सामाजिक अवस्था विविध जातिहरूको मिश्रणबाट बनेको छ । रामेछापमा बसोबास गर्ने प्रमुख जातिहरूमा बाहुन क्षत्री, नेवार, गुरुङ्ग, मगर, तामाङ्ग, शेर्पा, सुनुवार, माझी, हाइयू, कामी, दमाई, सार्की तथा बादी रहेका छन् । रामेछापको कूल साक्षरता जम्मा ४४.५४ प्रतिशत रहेको छ । यहाँ विद्यालयहरूको सङ्ख्या जम्मा ४५२ रहेको छ । ती मध्ये प्राथमिक विद्यालय ३५५ वटा, निम्नमाध्यमिक विद्यालय ४० वटा, माध्यमिक विद्यालय ४९ वटा, उच्चमाध्यमिक विद्यालय (१०+२) ८ वटा रहेका छन् । साहित्य सिर्जनाको क्षेत्रमा रामेछाप उर्वर नै देखिन्छ । रामेछापको धरातलमा प्रथम पाइला टेकेर देशका विभिन्न ठाउँमा गई साहित्य लेख्ने विभिन्न साहित्यकारहरूमध्ये प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारीदेखि गङ्गालाल श्रेष्ठ, पुष्पलाल, धरणीधर कोइराला, भरतराज मन्थलीय, जगदीश घिमिरे, नगेन्द्रराज शर्मा, पदमप्रसाद भट्टराई, भूपहरि पौडेल आदि प्रमुख रहेका छन् । लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककथा, उखान, टुक्का, गाउँखाने कथा आदि प्रमुख रहेका छन् ।

विविध प्राकृतिक र सांस्कृतिक विविधताले भरिएको रामेछाप लोकगीतका क्षेत्रमा धनी रहेको छ । नेपालका विभिन्न क्षेत्रहरूमा पाइने गीतहरूमा जस्तै रामेछापमा पाइने गीतहरूमा पनि सरलता, सहजता, मौलिकता र स्वच्छन्दता पाइन्छ । रामेछापमा मेलापात, जात्रा, चाडपर्व, धर्म-कर्म, संस्कार आदिमा गीत गाउने प्रचलन छ । यहाँका गीतहरूको प्रकृतिलाई हेर्दा र विभिन्न विद्वानहरूको लोकगीत सम्बन्धी विचारलाई तुलनात्मक रूपमा हेर्दा यहाँका गीतहरूलाई सामान्य गीत र विशेष गीत गरी दुई मुख्य रूपमा विषयात्मक वर्गीकरण गर्न सकिन्छ । रामेछापका सामान्य गीतहरूमा झ्याउरे, चुड्के, रसिया, सेलो, टुङ्ना, सँगिनी, दोहोरीगीत, बालगीत तथा जागरणगीतहरू पर्दछन् । त्यस्तै विशेष गीतहरूमा धार्मिकगीत जसअन्तर्गत आरती, भजन, कीर्तन, संस्कारगीतअन्तर्गत रत्यौली, आशिका तथा माझीको श्राद्धमा गाइने गीत, पर्वगीतअन्तर्गत तीजका गीत, मालसिरी, भैलो, देउसी, मारुनी र कर्मगीत (श्रमगीत) अन्तर्गत असारे, गोडेलो, दाइँगीत जस्ता गीतहरू वाद्यवादनबिना नै गाइन्छन् । झ्याउरे र चुड्केजस्ता गीतहरू बजासहित पनि र बाजाबिना पनि गाइन्छन् । रामेछापमा पाइने यस्ता गीतहरूले जीवनका उकाली-ओराली तथा हरेक मोडमा ग्रामीण जनजीवनलाई साथ दिएका छन् र सुख-दुःखका साथी भएका छन् । रामेछापका लोकगीतहरूले त्यहाँको सम्पूर्ण संस्कृतिलाई उजागर गरेका छन् साथै सिङ्गो संस्कृतिलाई बोकेका छन् । त्यसैले त्यहाँका गीतहरूमा त्यहाँको लोकजीवनको पूर्ण प्रतिबिम्ब पाइन्छ भन्न सकिन्छ । लोकगीतमा समाजमा भएका सम्पूर्ण क्रियाकलापहरूको चित्रण हुन्छ । समाजमा भएका व्यक्तिहरूका हर्ष-आँसु, सुख-दुःख, पीर-व्यथा तथा पीडाहरूको चित्रण पाइन्छ । समाजमा रहेका व्यक्तिहरू र तिनीहरूले भोगेका सम्पूर्ण पक्षहरू लोकगीतमा समेटिएका हुन्छन् । यस्तो चित्रण भनेको लोकगीतमा भएको सामाजिक चित्रण हो । यही सामाजिक चित्रणभित्र सांस्कृतिक र आर्थिक चित्रण पनि समेटिएर आउँछ । समाजमा हुने चाडपर्व र संस्कृतिको चित्रण लोकगीतमा पाइन्छ । धनी-गरिब र अर्थका कुराहरू पनि लोकगीतहरूमा समेटिएका पाइन्छन् ।

रामेछाप जिल्लामा पाइने नेपाली लोकगीतहरू दुई चरणदेखि लामा-लामा १७-१८ चरणसम्मका पाइन्छन् । शास्त्रीयलयमा मिल्ने खाल्का चरण र संरचनाहरू पाइन्छन् । द्विपदी, त्रिपदी, चतुष्पदी भएका गीतहरू रामेछापमा पाइन्छन् । यहाँका गीतहरूलाई रस र अलङ्कारका दृष्टिले हेर्दा त्यहाँ सबै खाल्का रस र अलङ्कारहरू पाइएका छन् । भाषा शैलीको दृष्टिमा स्थानीय भाषिकाको पूर्ण असर पाइन्छ । सामाजिक, साँस्कृतिक, भौगोलिक, भाषिक अवस्थाको रमणीयताजस्ता विविध कारणहरूले गर्दा रामेछाप लोकगीतको धनी जिल्लाको रूपमा रहेको छ ।

## परिशिष्ट 'क'

## परिशिष्ट 'ख'

यहाँ परिशिष्ट 'ख' मा रामेछाप जिल्लाका विभिन्न क्षेत्रहरूमा प्रचलित विभिन्न गीतहरू र ती गीतहरू बताउने तथा गाएर सुनाइदिने व्यक्तिहरूको नामथर, उमेर र ठेगाना प्रस्तुत गरिएको छ-

**सामान्य गीतहरू**

नाम - फाल्गुनप्रसाद सुवेदी (पुरुष)

उमेर - ७७ वर्ष

ठेगाना - मन्थली - २, सानीमदौ

**झ्याउरेगीत** (१४ **अक्षरे**)

ठाडै जाने उकालीमा लौरी खस्यो तोक्मा
साइनुमा लाग्ने भन्ने छैन रक्सी खाको झोकमा
रक्सीलाई खाको झोकमा, रक्सीलाई खाको झोकमा ।
उकालीको चिसो पानी गोगन पातले पिउँला
यति राम्रो लर्के जोवान तैं मोरीलाई दिउँला ।
खोर्सानी फल्यो लरबर घरको करासैमा
नमरी बाँचे भेटै होला दुईचार बरसैमा
दुईचार बरसैमा दुईचार बरसैमा ।

नाम - गणेश दाहाल (पुरुष)

उमेर - ३४ वर्ष

ठेगाना - खिम्ती

**झ्याउरे गीत** (९/१० **अक्षरे**)

आऊ न माया बस न काख
यो कलिलो ओठको रस चाख
भेट भइएछ यो माया साजलाई
भने जस्तो हुने भो आजलाई
आको भए पिरती पलाई
बस्ने थिइँन हृदय जलाई
म गर्दिनँ जीवनमा गल्ती
भविष्यलाई सम्भ्याछु झल्झल्ती
मै मरे नि तिमी त हौली
धौले घरको स्यारौली औताली ।

नाम - फाल्गुनप्रसाद सुवेदी (पुरुष)

उमेर - ७७ वर्ष

ठेगाना - मन्थली -२ सानीभदौ

**चुड्केगीत**

तिम्ले पनि दुई चुल्ठी बाटेको
मैले पनि बङ्गाली छाँटेको
जाऊँ है सँग-सँगै
जाऊँ है सँग-सँगै माया
तिमी म जाऊँ है सँग-सँगै ।
आकाशमा छ तारा छ तिर
झर्छ आँसु नहेर म तिर
जाऊँ है सँग-सँगै
जाऊँ है सँग-सँगै माया
तिमी म जाऊँ है सँग-सँगै ।
आकाशमा तीन तारा तिनै हुन्
ज्यादी माया लगाउने यिनै हुन्
जाऊँ है सँग-सँगै
जाऊँ है सँग-सँगै माया
तिमी म जाऊँ है सँग-सँगै
खोला खाली पलायो निङ्ग्रो
पलाएन किन हो मन तिम्रो
जाऊँ हे सँग-सँगै
जाऊँ है सँग-सँगै माया
तिमी म जाऊँ है सँग-सँगै ।

नाम- फाल्गुनप्रसाद सुवेदी (पुरुष)

उमेर- ७७ वर्ष

ठेगाना- मन्थली -२ सानीमदौ

**रसियागीत**

हात्ती गाउँको हातो
मेच्छे गाउँको जाँतो

ठिमीको चिलिमलाई
नाकदेशको पातो
भोटाहिटीको तामा खुल्दै आको आग्लो रातो
तीनदिन भयो पेटमा छैन तातो
बेलुका खाको एउटा रोटीको टाटो
त्यहाँभन्दा खाको भए बिरालाकै काट्टो
आलीमुनि अविजालो आलीमाथि काने
बिर्से माया बिर्सी जाने सम्झे मुटु खाने
एकै चरन भनिदेऊ न तिम्रा पोइले लाने
कोही छैन साथमा आज जाने रातमा
गरौं-गरौं रमाइलो ।
दूधको तर तिमीहामी भर
गरौं-गरौं रमाइलो ।

नाम - सीता खड्का (महिला)
उमेर - २३ वर्ष
ठेगाना - गुम्देल

**सँगिनीगीत**

सुनको थालमा सुनकै भात खाई दूधैले धोए नि
बाबा दूधैले धोए नि,
जन्मघर जस्तो पराइघर हुन्न दरबारै भए नि
बाबा दरबारै भए नि ।
जुरुक्क उठी नि म दैलो पोत्छु पाँचघडी रातैमा नि,
बाबा पाँघडी रातैमा,
दाउरा-घाँस खोज्न जङ्गलै हिंड्छु भालेको डाकैमा नि
बाबा भालेको डाँकैमा ।
ढक र मक्क सयपत्री फुल्दा बारीको डिलैमा नि
बाबा बारीको डिलैमा,
माइतीघर सम्झी भक्कानो फुट्छ चेलीको दिलैमा नि
बाबा चेलीको दिलैमा ।
झिली र मिली नि बत्ती है बल्यो बेनीको मेलैमा नि

बाबा बेनीको मैलैमा,

पराइको घरमा घोटिनु पऱ्यो पढ्ने यो बेलैमा नि

बाबा पढ्ने यो बेलैमा ।

नाम - कान्छी तामाङ्ग (महिला)उमेर - ४९ वर्ष

ठेगाना - फर्पु - ५ तेर्से

**सेलोगीत**

उँभो त सैलुङ्ग लेखमा - २
सैलुङ्ग डाँडा मो जाँदा - २
सैलुङ्ग लेखमा भेडीगोठ - २
भेडी त गोठमा दुई टुङ्ना - २
टुङ्ना त बज्यो रिनिनी - २
साइँलाले त्यसो भन्दामा
माइलाले त्यसै भन्दमा
मो वैरागी कान्छीको - २
तपाइँ ज्यानलाई नदेख्दा - २
मै बैरागी कान्छीलाई
के चक्कर घुम्यो फिनिनी ।

नाम - साइँला लामा (पुरुष)

उमेर - ४० वर्ष

ठेगाना - दोरम्बा - ४

हाम्रो त भेडीखर्कमा भेडीको राम्रो चरन,
कहाँको जनम हो मैच्याङ कहाँ छ हाम्रो मरन ।
कुइरोले ढाक्यो खर्कमा भेडीको पाठो भ्या गर्छ,
तिम्रो र हाम्रो मन मिले मैच्याङ दुनियाँले क्या गर्छ ।
सैलुङ्गेश्वरी देवीलाई कुखुरा काटी भोग दिउँला,
आपाले गाली गरेमा मैच्याङ् खुट्टामा समाई ढोग दिउँला ।
गाईको बाच्छो कोरली भीर चर्छ कि चर्दैन
गान्बाको छोरो साइँलो मैच्याङ मन पर्छ कि पर्दैन ।
लेखको गुराँसे घारीमा चिमलो फुल्यो ढपक्कै,
सुन चाँदीले ढाकेर मैच्याङ पार्दिन्छु तिम्लाई धपक्कै ।

नाम - पहलमान नेपाली (पुरुष)

उमेर - ६६ वर्ष

ठेगाना - नामाडी - ३

**दमाईगीत**

सिरी-सिरी नि बतासै लाग्यो - २ सिरिषे झ्यालैमा हजुर,
टपक्कै टिपी नि मै लाने छैन - २ मुखैको ख्यालैमा हजुर ।
ठाडै जाने नि उकालीमा - २ दाहिने पऱ्यो वर नि हजुर,
एक्लै वनमा नि गाई चराउने - २ काँ हो बैनी घर नि हजुर ।
उडी जाने नि पुतलीको - २ पानीमाथि छायाँ नि हजुर,
जस्तो तिम्लाई नि भोकतिर्खा - २ उस्तै मलाई माया नि हजुर
उडी जाने नि पुतलीले - २ सैलुङ्ग डाँडा काट्यो नि हजुर,
तिम्रो हाम्रो मायाप्रीति - २ बादलु झैं फाट्यो नि हजुर ।
कान्छीको मायाले कलेजीमा हान्यो वान
फुल्दैछ कोपिला नटिप है हजुर ।

नाम - प्रेम सुनुवार (पुरुष)

उमेर - ३० वर्ष

ठेगाना - बाम्ती

**टुङ्नागीत–**

बर्खामा लाग्यो खोला र खाली पलायो टोटालो,
घर काँ हो भनी नसोध मलाई मै भेडी गोठालो ।
टुङ्ना बज्यो टिनी र टिनी सैलुङ्गको लेखैमा,
कर्म त मेरो दुःखी नै रैछ भाग्यको लेखैमा ।
डाँडा र काँडा खस्रुको घारी भेडी त चर्दैन,
दुई दिनको माया लगाउने भए भो बोल्नै पर्दैन ।
चौंरीलाई चर्ने रन र वन भेडीलाई खर्कै छ,
दुःखैमा गर्छ गोठालो ज्यानले दूध खाने अर्कै छ
चरीमा ज्यानले गुँडैमा लायो धुपीको बोटैमा,
आधीमा उमेर त्यसै नै बित्यो भेडीको गोठैमा ।
डम्फू लै बज्यो टुङ्ना बज्यो मुरली बजेन,
यो मनले आज सहारा खोज्यो मायाले बुझेन ।

नाम - मोहनबहादुर तामाङ्ग (पुरुष)

उमेर - ५५ वर्ष

ठेगाना - फुलासी - ४

**सेलो**

चरीको राम्रो बेसर, मरी त लानु के छ र ?
हार त सुन हो रानी, मरी त लानु के छ र ?
मन मिल्यो हाम्रो लेखाली घरबार जोडौं यसपाली,
हार त सुन हो रानी, घरबार जोडौं यसपाली ।
चरीको घरबार रूखैमा, पार्दिन ज्यानलाई दुःखैमा,
हार त सुन हो रानी, पार्दिन ज्यानलाई दुःखैमा ।
हिउँ खस्यो सैलुङ्ग लेखैमा, कर्म छ भावीको लेखैमा,
हार त सुन हो रानी, कर्म छ भावीको लेखैमा ।
भेडीको चरन भीरैमा, कत्ति पो बस्छ्यौ पीरैमा
हार त सुन हो रानी कत्ति पो बस्छ्यौ पीरैमा ।

नाम - राजेन्द्र कार्की (पुरुष)

उमेर - २७ वर्ष

ठेगाना - नामाडी

**दोहोरी/जुवारी**

केटी- यो मायाले मन मार्‍यो पटक्कै
लाको माया छोडेर चटक्कै
केटा - तिम्लाई पनि जाऊँभन्दा हिंडिनौ
वैरागीको आत्मालाई चिनिनौ
केटी - मायासँग जाने मन थियो
कुन पापीले काँडेबार लाइदियो
केटा - भनिदियौ बेलैमा लाए
हामीसँग जाने मन भा भए
केटी - मायासँग मन थियो जानलाई
धौले घरमा बसेर खानलाई
केटा - अझै पनि के बिग्र्या छ र नि ?
पर्खिबस्छु आउनु है पर नि ।

केटी - देवीटारमा मै आउँथे तर
बिग्रेला कि सुखीको घरबार
केटा - एक मन गर नगर दोमन
दोमनले हुँदैन समन
केटी - नजरैले लाइराछ मोहनी
यसै भन्न सक्दिन तैपनि
केटा - दोमन गरे बिग्रेर जाला
एकमन गरे भविष्य सुध्रेला
केटी - बसिरहुँला एकै मन गरी
छोडी जाने मायाको भरपरी
केटा - मै सम्झेर आउँछ्यौ त नानी
छाड्देऊ है त अन्तको छ भने
केटी - आफ्नु माया फर्केर हेर्दैन
विदेशीले झन् टेर्दै-टेर्दैन
केटा - धानको बाला लर्के झैं लर्केर
आऊ है माया मै बस्छु पर्खेर
केटी - ज्यान मन्थली म धादिङबेसी
बिर्सन्छौ कि घरैमा पुगेसी
केटा - बिर्स्यो माया नभन तर
म बिर्सन्नँ हँसिलो मुहार
केटी - भन्यौ तिम्ले बिर्सन्न भनी
कुन्नि कसो भर छैन तैपनि
केटा - आऊ है माया भेट्नलाई जिरीमा
लाउँला, खाउँला, घुमौला फिरीमा
केटी - के निहुँ गरी आउनु म पियार
वल्लो दशैं न पल्लो तिहार ।

नाम - विनोद पौडेल (पुरुष)
उमेर - ?
ठेगाना - दुरागाउँ

**बालगीत**

१. यति-यति पानी - घे-घे रानी
यति-यति पानी - बम्बे रानी
यति-यति पानी - घे - घे रानी
यति-यति पानी - बम्बे रानी
यति-यति पानी - चुर्लुम्मै डुब्यो ।
त्यो पारि कागले मकै खायो
मलाई जान देऊ न - दिन्न
सुन दिउँला - दिन्न
चाँदी दिउँला - दिन्न
हिरा दिउँला - दिन्न
मोती दिउँला - दिन्न
पैसा दिउँला - दिन्न
यो ढाका के को ? - सुनको
यो ढोका के को ? - चाँदीको
यो ढोका के-को ? - फलामको
यो ढोका के को ? - काठको

२. ए ! बाँदर - होई
कहाँ गइस् - मावल
के खाइस् - दूध र भात
हुक्का पानी - छिल्ली-बिल्ली
दशैं पापी - तैं पापी
आऊँ कि नआऊँ ?
आइज
- कतातिर ?
सबैतिर

नाम - गीता सुनुवार (महिला)
उमेर - २८ वर्ष
ठेगाना - रस्नालु

**शैक्षिक जागरण गीत**

१. प्रौढशिक्षा गाउँ - गाउँमा आको छ ,
चेतनाको लहरै छाको छ ।
शिक्षाको यो ज्योति बालौं सबै घर गाउँ
अन्धकारमा नबसौं है प्रौढ पढ्न जाऊँ
दाजु-भाइ, दिदी-बैनी, बुबा-आमा पनि
विकास गरौं यो गाउँको सबै साक्षर बनी
लेख्न-पढ्न जानेर सरर
विकास गरौं सबै नै मिलेर ।
दुष्ट र फटाहाले झुक्याउने दिन
अब भने त्यस्ता दिन गए छिन-छिन
पर्ने छैन अब हाम्ले अरूको भर गर्न
आजैदेखि सुरु गरौं ज्ञानको ज्योति छर्न
कुरीति र कुप्रथा हटाउन
पढ्ने गरौं आत्मज्ञान बढाउन ।
प्रौढशिक्षा गाउँ-गाउँमा आको छ
चेतनाको लहरै छाको छ ।

२. हे बाबा हे आमा मलाई पनि स्कुल पठाऊ न,
छोराजस्तै मलाई पनि ठूलो बनाऊ न ।
अरू ठाउँका छोरीहरू कति पढिसके
हवाइजहाज उडाउन अघि बढिसके
अवसर पाए छोराभन्दा हामी कम हुन्नौं
पराईको पाउ परी धुरु-धुरु रुन्नौं
हे बाबा हे आमा ....................
घरधन्दा र दाउरा-घाँसमात्र कति गर्ने
सँधैभरि कति अब अरूको भर पर्ने
हाम्लाई पनि छोराजति अधिकार देऊ
आजैदेखि स्कुल जान्छु कलम कापी देऊ ।
हे बाबा हे आमा ....................
दाजु-भाइले गरिसके आइ.ए.,वि.ए. पास

मैलेमात्र गर्नुपर्ने सँधै दाउरा-घाँस
एउटै कोखका सन्तान हामी भेदभाव किन
तयार नहोऊ बाबा-आमा यस्तो पाप लिन ।
हे बाबा हे आमा ....................

नाम - कल्पना घिमिरे (महिला)

उमेर - २८ वर्ष

ठेगाना - वेताली

**वातावरण सम्बन्धी जागरण गीत**

रूख रापौं वनजङ्गल जोगाऊँ
डाँडा पाखा हरियाली बनाऊँ
जहाँ हुन्न रूखबुट्टा त्यहाँ पहिरो जान्छ
खाली माटो बाढी आई बगाएर लान्छ
पानीका मूल सुक्दै जान्छन् जङ्गल नभएमा
प्राण धान्न गाऱ्हो हुन्छ पानी नरहेमा
यस्तो कुरा सबैले बुझेर
वन जोगाउँ रूख विरुवा रोपेर ।
रूख भए घाँस हुन्छ गाई-वस्तुलाई
पशुपन्छीहरू पनि बस्दछन्  रमाई
फलफूल कन्दमूल अनि अन्नपात
जोगाउनुपर्छ साथी असल रूखको जात
जतातत्तै सन्देश फैलाऊँ
सबै मिली वनजङ्गल जोगाऊँ ।

विशेष गीतहरू

नाम - मोहनप्रसाद अधिकारी (पुरुष)

उमेर - ६७ वर्ष

ठेगाना - नामाडी - ३

**आरती**

१. जयगुरु गणेश जयगणनाथ
दर्शन मिलोस् करूणासाथ
'तिरी-मिरी' - २ मात्र नपार

सबतिर झिलिमिली पारी सपार
सबरोग आँधी र व्याधी हटाऊ
बिध्न भय पर पन्छाऊ ।
२. आरती गरौं प्रभु आत्मा राम तुमारे
हे हिरलोक सुख भोगी जन्म सुधारे
आरतीकी जय राधा राम-राम
शिव बिष्णु पार ब्रह्मके ।
प्रथम आरती राम-राम
पुष्पकी माला, कालीनाग नाथिलियौ कृष्ण गुवाला
आरती गरौं प्रभु आत्माराम तुमारे
हे हिरलोक सुख भोगी जन्म सुधारे
आरतीको जय राधा रामराम
शिव, विष्णु पार ब्रहमके
दोसरी आरती राम राम
देवरज्यूकी नन्दल, भक्त सुधारन कंस है फन्दन
आरती गरौं प्रभु आत्मा राम तुमारे
हे हिरलोक सुख भोगी जन्म सुधारे
आरतीकी जय राधा राम-राम
शिव विष्णु पार ब्रह्मके ।
तेसरी आरती राम-राम
त्रिभुवन मोहै, गरुड सिंहासन रामज्यूकी सोहै
आरती गरौं प्रभु आत्मा राम तुमारे
हे हिरूलोक सुख भोगी जन्म सुधारे
आरतीको जय राधा राम-राम
शिव विष्णु पार ब्रह्मके ।
चौथम आरती राम राम
चमरज्यूको पूजा, एकल रामलाई औरनई धुजा
आरती गरौं प्रभु आत्माराम तुमारे
हे हिरलोक सुख भोगी जन्म सुधारे
आरतीकी जय राधा राम राम

शिव विष्णु पारब्रह्मके
पञ्चम आरती राम राम
मङ्गलु गावै, राधा र रुक्मिनीले चमरु डोलावै
आरती गरौं प्रभु----------
षष्ठम आरती राम राम
षडुरस भावै, रामगुण देवगुण हरि-हरि गुण गावै
आरती गरौं प्रभु-------------
कपुरका पाती, बजाऊँ, प्रभु शङ्ख घण्ट चढाऊँ बेलपाती
आरती गरौ प्रभु--------------
अष्टम आरती राम राम
हो अष्टपति दाता, धन्य धन्य कोखी तम्रु कौशिला देवी माता
आरती गरौं प्रभु --------------
नवम आरती राम राम
हे नवनीति गङ्गा, हामुकन छुटाऊ प्रभु जेमकी फन्दा
आरती गरौं प्रभु ------------------
दशम आरती राम राम
हो दशरत पिता, लङ्का जिती रावन्ने मारी अजुदेमा सीता
आरती गरौं प्रभु ---------------

नाम - जगन्नाथ पुरी (पुरुष)
उमेर - ७७ वर्ष
ठेगाना - मेलुङ्ग शितली

१. कृष्णभजन

श्रीकृष्ण मेरो सब दुःख हर - २
एकबार मलाई याद गर - २
संसारको सब दुःख-कष्ट हर
मेरो बिन्ति सुनी प्रभु सवारी गर
मनुष्यहरूको प्रभु पाप हर
एकबार मलाई याद गर ।
सुख छैन रतिभर छैन यहाँ
मन रुन्छ सँधै प्रभुको यादमा

दुनियाँको छैन केही भर

एकबार मलाई याद गर ।

२. राम भजन

सुन-सुन मेरा प्यारा लक्ष्मण भाइ

ब्रह्मतत्त्व ज्ञान बताउँछु म तिमीलाई

शास्त्र, वेद पालन गर वर्णाश्रम धर्म - २

फल आशा त्यागी गर निस्काम शुभ कर्म - २

कर्ता, भोक्ता अभिमानी नबनेर भाइ

सारा कर्महरू अर्पण गर रामलाई

सुन-सुन मेरा प्यारा .....................

३. सन्यास भजन

भेदभाव कति छैन म र ब्रह्म भिन्न होइन

मत हुँ एक ब्रह्म योगी-योगी

म त हुँ एक ब्रहम योगी ।

परमात्माले वरदान दिई मनुष्यको चोलादिए

जन्म लिन आउनै पर्‍यो, हो हो जन्म लिन आउनै पर्‍यो

जन्मदिने मातापिता शरीर छ यो नास

झूठो माया लाउनै पर्‍यो हो हो झूठो माया लाउनै पर्‍यो

जन्म मेरो साँचो होइन मरन पनि मेरो छैन

म त हुँ एक ब्रह्म योगी-योगी

म त हुँ एक ब्रह्मयोगी

नाम - गोविन्दप्रसाद पौडेल (पुरुष)

उमेर - ६५ वर्ष

ठेगाना - नामाडी - ८ नागी

**चुड्के भजन**

लामो सूँड ठूलो भुँडी बडा कान भाका

पिताम्बरको धोती फेरि रेशमीको ढाका

मुसु-मुसु हाँसिवरी मजा बसिराका, नारायण

जयगुरु गणेश,

हो हो जयगुरु गणेश ऽऽऽ जय गुरु गणेश

हाम्रो बिन्ति लेऊ न, पार लगाई देऊ न
जय गुरु गणेश ।
गोपी सोह्रसय एक दिन जम्मा भए
नुहाउन भनी यमुनामा गए
चोली सारी तीरमा राखी नाङ्गै पसे जलमा
श्रीकृष्ण घुम्दैफिर्दै आछन्, त्यही थलमा
नारायण, हरि हरि,
ए जम्मा पारेर हो ऽ हो ऽ जम्मा पारेर ऽऽऽ
गोपीका सारी रूखमा राखे भारी
जम्मा पारेर ।
लुगादेऊ नन्दनवाला गरिहाल्यौ हाला
आफू गई रूखमा  बस्यौ हाम्रो यस्तो चाला
अररिन लागिगयो हाम्रो हातपाउ
सास बढी निस्कनलाई गर्न लाग्यो दाउ
नारायण, हरि-हरि
खुसी हुनुहोस्, हो ऽ हो ऽ खुसी हुनुहोस् ऽऽ
बिन्ति गर्छौं, पाउमा पर्छौं
खुसी हुनुहोस् ।

नाम - बुद्धि खड्का (पुरुष)
उमेर - ४० वर्ष
ठेगाना - गेलु

**कीर्तन**

१. हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण-कृष्ण हरे हरे
हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे ।

२. राम जप न राम जप न
जिन्दगी हो सपना, राम जप न

३. जाउँला वैकुण्ठ, जाउँला बैकुण्ठ
नाच्दै, गाउँदै, रमाउँदै जाउँला बैकुण्ठ ।

नाम - चन्द्रकुमारी खड्का (महिला)

उमेर - ७५ वर्ष

ठेगाना - नामाडी - २

**व्रतगीत**

असार मासका तुलसी - २
कति न पाते भछन् है - २
दु-दुई पाते भछन् है - २
बसी न बसी गोडौंला है
उठी न उठी चुँडौला
निर्धनीलाई धन देऊ
निसन्तानलाई छोरो देऊ
कत्तिका रछौ तुलसी है हरि-हरि ज्यू ऽऽ ।
असार मासका तुलसी - २
कति न पाते भछन् है - २
ती-तीन पाते भछन् है - २
बसी न बसी गोडौँला है
उठी न उठी चुँडौंला
निर्धनीलाई धनदेऊ
निसन्तानलाई छोरो देऊ ।
कत्तिका रछौ तुलसी है हरि-हरि ज्यू ऽऽ ।
असारमासका तुलसी - २
कति न पाते भछन् है - २
चा-चार पाते भछन् है - २
बसी न बसी गोडौँला
निर्धनीलाई धन देऊ
निसन्तानलाई छोरोदेऊ
कत्तिका रछौ तुलसी है हरि - हरि ज्यू ऽऽ ।

नाम - चन्द्रकुमारी खड्का (महिला)

उमेर - ७५ वर्ष

ठेगाना - नामाडी - २

**रत्यौली गीत**

आधी र सगर कालो र मैलो आधै र सगर जून छन् है
भोलि त मलाई पठाउने भन्छन् आजै र बुबा रुन्छन् है
नरोऊ न नरोऊ हे मेरा बाबा - २ भागी न नासी आउँला है - २
भागी न नासी नआए चेली - २ कुकुर फुकाई लाउँला है - २
कुकुर फुकाई लायौ भने - २ घरैमा गरी खाउँला है - २
घरैमा गरी खायौ भने - २ घोडीको दाइजो दिन्छु है - २
घोडीको दाइजो के गर्नु मलाई-२ निशिपै मेरो छैन है - २
आधी र सगर कालो र मैलो आधै र सगर  जून छन् है
भोलि त मलाई पठाउने भन्छन् आजै र आमा रुन्छिन् है
नरोऊ न नरोऊ हे मेरी आमा - २ भागी न नासी आउँला है - २
भागी न नासी नआए चेली - २ कुकुर फुकाई लाउँला है - २
कुकुर फुकाई लायौ भने - २ घरैमा गरी खाउँला है - २
घरैमा गरी खायौ भने - २ हात्तीको दाइजो दिउँला है - २
हात्तीको दाइजो के गर्नु मलाई -२ निशिपै मेरो छैन है - २

नाम - शान्ति घिमिरे (महिला)

उमेर - ३७ वर्ष

ठेगाना - मन्थली

**रत्यौली गीत**

१. अक्षता सिन्दूर दहीमा मुछी जन्तीलाई छरे हुन्
यति न खेर ती मेरा भाइको स्वयम्बर गरे हुन्
बरै स्वयम्बर गरे हुन् ।
सुनको कलश हातमा लिई जलैले भरे हुन्
यति न खेर ती मेरा भाइलाई कन्यादान गरे हुन्
बरै कन्यादान गरे हुन्  ।
माइती जति जगिया छोडी अर्कै ठाउँ सरे हुन्
यति न खेर ती मेरा भाइले सिन्दूरै भरे हुन्
बरै सिन्दूरै भरे हुन् ।

२. कस्तो बूढो रैछ
तरुनी जिस्क्याउने

हाम्रो सारी सित्तै फुस्काउने ।
दुलाहाकी आमा कता गइन्
ल्याउन आँगन
छाड्ने छैन यसपाला त
लुकी बस न ।
दुलाहाकी भाउजू कति बाठी
नाठोसँग लुकी-लुकी पाएकी
छोरी लाटी ।
हेर साथी हेर न
जोगी पऱ्यो सासना
नसकेर लचक्कै
बस्यो थचक्कै ।

नाम - पहलमान नेपाली (पुरुष)

उमेर - ६६ वर्ष

ठेगाना - नामाडी - ३

**आशिका**

१. बीच पलाना असुर गौरी
अधिसाको माला तैदाखा धारी वेला बिजौरी
छत्तीस परिकार ऐकन-मैकन
जेठाद्धारा तनराजाका सोह्र सिपाही
सुकीर्ति चल्यो फूल माडी वासना
बीच पलाना असुर गौरी
अधिसाको माला तैदाखाधारी बेला बिजौरी
काटी कुभिन्डो जिन्दा मासु
हरिया पात बडा दीर्घमायु
परमेश्वरी श्री राई-राई बासमती तिलकञ्चन
धर्तीको रस, ३६० धानको थर नमस्कार
मैले दिएको आशिक दुबो मौलाउँदा झैं मौलावस् ।

२. दुबो झैं मौलाइरहनु
संसारभरि फैलाइरहनु

छोरा-छोरी राम्रा होउन्
गृहस्थी यो चलाइरहनु
माटो समाई अन्नसरी
ढुङ्गा समाई द्रवसरी
अनाजले भरिपूर्ण
भइरहोस् घरभरि
राजा, देउता दाहिना हुन
यै घरमा रहोस् ल्हासाको सुन ।

नाम - ज्ञानबहादुर माझी (पुरुष)
उमेर - ४५ वर्ष
ठेगाना - चिसापानी, गाईखुरा ।

**माझीको पितरा गीत**

असला माछा कुटीकै भात
किनी खै छाड्छौ मन्थली घाट
रागसे पितरा जाइलाला ।
मन्थली घाट नै लदीपार
लाउ नै चढिकै जाइतल
रागसे पितरा जाइलाला ।
आइले बसले मुनमाछा खाइले
अखनी पितरा हकीकै जाइले ।

नाम - नरबहादुर माझी (पुरुष)
उमेर - ५५ वर्ष
ठेगाना - मन्थली

**माझीको कोशी पूजामा गाइने गीत –**

१. मन्थली घाटको तीरमा
तामाकोशीको शिरमा
जलदेवताको वास छ
हाम्लाई ठूलो आश छ ।
कोशी पूजा गरेर
डुङ्गामाथि चढेर

चोखो मायाप्रीति लाऊँ

नेपाल शहर घुम्न जाऊँ ।

२. माझीको पितर घ्याम्पा भितर

अरूको पितर छैन भितर

हिल्लिन दे भाइ चिल्लिन दे

राजाको घोडियालाई ढुकाउन दे ।

नाम - चन्द्रकुमारी खड्का (महिला)

उमेर - ७५ वर्ष

ठेगाना - नामाडी - २

**तीजको गीत**

१. जोगीको बारी सुन्तलाघारी - २ एकैमा दाना खान देऊ है - २

न दिदी मेरी न बैनी मेरी - २ के भनी खान दिन्छु है - २

छोरोमा पाए मितेरी लाउँला - २ छोरीमा पाए दिउँला है - २

ऊ परबाट को जोगी आयो - २ बाँसुरी बजाई आउँछ है - २

मुठीको भिग दिहालें चेली - २ चलिजा जोगी भन है - २

मुठीको भिग के भनी लान्छु - २ हिजोको कवल के थ्यो है - २

हे आमा तिमी पापिनी रैछौ - २ गर्भैमा बेची खाइछ्यौ है - २

जोगीको बारी निबुवा घारी - २ एकैमा दाना खान देऊ है - २

न दिदी मेरी ........................

जोगीको बारी जुनार घारी - २ एकैमा दाना खान देऊ है - २

न दिदी मेरी ...........................

जोगीको बारी भोगटे घारी - २ एकैमा दाना खान देऊ है - २

न दिदी मेरी ...............

२. काँशकी थाल चिउरी-चाँपै दूधैले भिजाउँला शिवै

दूधैले भिजाउँला,

बिहानै उठी पतक्कै नुगी - २ ससुरा रिझाउँला ।

त्यतिमा गर्दा नि भएन भने - २ जीउ यसै भिजाउँला शिवै

जीउ यसै भिजाउँला ।

काँसकीथाल चिउरी चाँपै दूधैले भिजाउँला शिवै

दूधैले भिजाउँला

बिहानै उठी पतक्कै नुगी - २ सासुलाई रिझाउँला शिवै

सासुलाई रिझाउँला

त्यतिमा गर्दा नि भएन भने - २ जीउ यसै भिजाउँला ।

शिवै जिउ यसै भिजाउँला ।

नाम - सबिना बस्नेत (महिला)

उमेर - २० वर्ष

ठेगाना - ठोसे

**तीजको गीत**

यसपालिको तीजमा बाबा लिन आएनन्

विरामी पो भए कि फुर्सद पाएनन् ।

सानो छँदा सुख दियौ हुर्काएर पाल्यौ नि

ठूली भएँ पराइघरमा हुत्याइ फाल्यो नि ।

अर्को साल, के हो के हो ? बाँचिन्छ कि मरिन्छ

सम्झी ल्याउँदा भक्कानो भै छाती चिरिन्छ ।

बाबा तिम्ले यो चेलीको ठूलो पाप लियौ नि

गरिबको झुपडीमा हुत्याइदियौ नि ।

एक्लै जाऊँ त खिम्ती खोला बाढी आयो सरर

कति बस्नु माइती सम्झी रुँदै धरर ।

नाम - कृष्ण खड्का (पुरुष)

उमेर - ४८ वर्ष

ठेगाना - नामाडी - ७

**मालसिरी**

१. जयदेवी भैरवी गोरखनाथ दर्शन देऊ भवानीय

प्रथम देवी उत्पन्न भई है जन्म लिये कैलाशये

ज्योति जगमग चहुदिशी देवी चौषष्टी योगिनी साथये ।

जयदेवी भैरवी .................

सम्पादिये है गोरखनाथको भैरवी मनाइये

बीससय भोग प्रसन्ना देवी वरदान दिये सब देशये ।

जयदेवी भैरवी .............

देवी वचन वरदान पाये है भारत सकल नेपालये

खाट सिंहासन जिती लिये है औरे लिये सब देशये ।
जयदेवी भैरवी ..........
देव बरन माथ मुकुट वदन सूर्योदय ये
तपस्या जिती प्रकट भये है तखत भये हो नेपालये ।
जय देवी भैरवी ................

२. जयदेवी कालिका अम्बिका माता असुर मारैला चण्डिका
प्रथम देवीजी कैलाश जनम अम्बिका नाम जो पाइये
चण्डिका रूपसे असुर मारिणी कालिका रूप संघारिये ।
जयदेवी कालिका ...............
त्रिभुवन मण्डल मधुकैटभ व्यापीये विष्णु रूपज गाइये
मायालु रूपसे मधुकैटभ वानये विष्णुरूप संघारिये ।
जय देवी कालिका ..............
सत्य युगमे सीताजी कहिये द्वापर युगमे दुर्पता,
त्रेता युगमे तुलसीजी कहिये कलियुगमे कालिका ।
जय देवी कालिका ...........
सुमेरु कैलाशमे देवीजी जन्मे ज्योति स्वरूप देखाइये ब्रहमा
बिष्णु आदि गणमिली दरिशन देखन जाइये ।
जयदेवी कालिका ............................
पुष्पगन्ध, अक्षतापाती, धूपदीप चढाइये
पचपन पकवान नैवेद्य भवानी भाव भक्ति लगाइये
लाल ही सिन्दूर, लाल ही चन्दन, लाल ही डम्बरु, लाल ही रूप सुहाइये ।
जयदेवी कालिका .................

नाम - कृष्ण अधिकारी (पुरुष)
उमेर - ४५ वर्ष
ठेगाना - कठजोर

**मालसिरी**

हा हा देवी माता दुर्गे भवानी
दर्शन देऊ हाम्लाई जगत प्रतिपालनी ।
शुम्भ-निशुम्भ महिष मर्दिनी
भक्तजनको दुःख कष्ट हर्दिनी ।

हा हा देवी माता ....................

अष्टदश भुजा हा हा दुर्गे भवानी,

खड्ग चक्र औ त्रिशुल धारिणी,

हामीहरू तिम्रो शरणमा पर्छौं,

शिर निहुराई चरणमा धर्छौं ।

हा हा देवीमाता ..........

हिमालय पुत्री पर्वत वासिनी,

रक्षे गर दुर्गे हे दुःख विनासिनी,

हाम्रो हृदयमा बस हे भवानी,

जल, थल, आकाश तिमी घामपानी

हा हा देवी माता ...............

नाम - सरिता कार्की (महिला)

उमेर - ३४ वर्ष

ठेगाना - चुचुरे

**भैलीगीत**

भैलेनी आइन् आँगन, गुन्यू चोलो मागन

हे औंसीको दिन गाई तिहारो भैलो ।

लेखका आलु खिन्याए, कलिला गोडा ठिन्याए

हे औंसीको दिन गाई तिहारो भैलो ।

हामी त्यसै आएनौं, बलि राजाले पठाए

हे औंसीको दिन गाई तिहारो भैलो ।

जसले दिन्छ पाथी उसको सुनको छाती

हे औंसीको दिन गाईतिहारो भैलो ।

नाम - अम्बिकाप्रसाद घिमिरे (पुरुष)

उमेर - ४३ वर्ष

ठेगाना - साँघुटार

**देउसी गीत**

| | |
|---|---|
| आ है भन भन भाइ हो | देउसी रे |
| ए राम्ररी भन | देउसी रे |
| ए वर्ष दिनको | देउसी रे |

ए ठूलो चाहाड देउसी रे
ए कालो कात्तिक देउसी रे
ए मनाउन आयौं देउसी रे
ए बलिराजको देउसी रे
ए पालादेखि देउसी रे
ए मनाउने चलन देउसी रे
ए आशिक दिऊँ त देउसी रे
ए गाईवस्तु पाल्दा देउसी रे
ए गोठैभरि देउसी रे
ए भेडाबाखा पाल्दा देउसी रे
ए खोरैभरि देउसी रे
ए परेवा पाल्दा देउसी रे
ए छानैभरि देउसी रे
ए होइ जाउन देउसी रे
ए लेखको काने देउसी रे
ए यत्तिकै जाने देउसी रे

नाम - कृष्ण खड्का (पुरुष)
उमेर - ५० वर्ष
ठेगाना - नामाडी - ७

**मारुनी**

हा ऽ हा ऽ हा ऽ हा ऽ हा ऽ
महादेउका मन्दिरमा सयघैला पानी,
सपनीमा हरहर - २
चरन तिम्रो महादेउ दुनियाँको रक्षे गर ।
मट्टी है ओछ्यान मट्टी है बिछ्यौना,
मट्टी है सिरानी - २
पुँडो सारी बस है दिन-दिन भयो विरानी ।
सिम्सिमे पानीको लुग्लुगे जाडो,
रूखमुनि झऱ्यो तप्क्यानी - २
पर्ख है भिनाजु नेपाल हेर्न जाने म पनि ।

पूर्वको मादले पश्चिमको मारुनी,
कवदिन होइजाला भेट - २
सत्यरहु मारुनी समयमा होइजाला भेट ।
दौडी र दौडी आउँदा, पौडी र पौडी आउँदा
पिउरी पऱ्यो रानीको केश - २
हटिदेऊ न बादलु म हेरी आउँछु माइतीको देश ।

नाम - माधवप्रसाद घिमिरे (पुरुष)
उमेर - ७५ वर्ष
ठेगाना - मन्थली कुँडहर

**मारुनी**

हा ऽ हा ऽ हा ऽ हा ऽ हा ऽ
सुनै र कोशी तीरै-तीर जलै र कपुर माछा
जलैभा पन्छीले गाँजिलग्यो
हाइ जलैभा पन्छीले गाँजिलग्यो
दाज्यै हाम्रा रामचन्द्र हाम्री सीता रावन्नेले हरी लग्यो - २
रानी र वनको सेरो र फेरो बादलुको घेरो
सिमसिमे पऱ्यो पानी
हाइ सिमसिमे पऱ्यो पानी
भाइ हाम्रा लक्षुमन आज एक्लै कहाँ गइन् सीता रानी - २ ।
फूलै र फूल्यो जाई र बेली मुखियाको बारी
मगमग चल्यो वासना
हाइ मगमग चल्यो वासना
सुन मेरी मारुनै बत्तीस दन्त खोली हाँसन - २

नाम - रवीन्द्र आले (पुरुष)
उमेर - ३० वर्ष
ठेगाना - तिल्पुङ

**गोडेलो**

बैसाखै लाग्यो कोदालो बोकी — ए ऽ हो ऽ सुन हजुर
मकैको बारीमा, — सरर नीर माया
कोइली बास्यो चिउला लाग्यो — ए ऽ हो ऽ सुन हजुर

सालैको घारीमा । सरर नीरमाया
पानी र पऱ्यो रिमी र झिमी ए ऽ हो ऽ सुन हजुर
असारे सिमीलाई सरर नीरमाया
बरसै बित्यो कुरेर बस्दा ए ऽ हो ऽ सुन हजुर
निठूरी तिमीलाई । सरर नीरमाया
खोला र खाली पलायो घाँस ए ऽ हो ऽ सुनहजुर
बारीमा दुबीझार, सरर नीरमाया
आफू त भइयो खेतालो हली ए ऽ हो ऽ सुनहजुर
दाजु छन् सुविदार । सरर नीरमाया

नाम - फाल्गुनप्रसाद सुवेदी (पुरुष)

उमेर - ७७ वर्ष

ठेगाना - मन्थली - सानीभदौ

**असारेगीत**

१. आदी बारी छर्ने तोरी मुला रायो आदी बारी फापर
हे मेरो हित्त कठैबरी नि त आदी बारी फापर
एकोहोरो माया मैले कति गरूँ दोहोरी माया भापो र
तिम्रो र हाम्रो हेर कति राम्रो दोहोरी माया भापो र ।
तिम्रो पोइको किस्ता मेरो समेत मिस्ता तिम्रै काखमा गनेर
हे मेरो हरि १,२,३,४ गरी तिम्रै काखमा गनेर
बिर्सेको माया देखाइदियौ झल्को रोई-रोई मरोस् भनेर
हे मेरो हित्त कठैबरी नित रोई-रोई मरोस् भनेर ।
आदी कपाल काट्ने आदी कपाल बाट्ने आदी कपाल अल्खारे
अघि पनि सछ्र्यौ पछि पनि सछ्र्यौ निकै रैछ्यौ छल्कारे ।

२. धामबाट आए व्यर्थै दुःख पाएँ बाललीला हेर्नलाई
किन आको हेर बुद्धि बिग्रिएर बाललीला हेर्नलाई
दिन र रात माया आइछ साथ झ्याम्मै मलाई घेर्नलाई
पापीरैछ माया पारिदिई छायाँ झ्याम्मै मलाई घेर्नलाई
लीला हेर्न आको व्यर्थै दुःख पाको रातदिन गोता खानलाई
कस्तो मती भछ बुद्धि बिग्रिएछ रातदिन गोता खानलाई
यहीं घुम्न थालें बाटो बिर्सिहालें फर्की धाममा जानलाई

कृष्ण बिन्ति लेऊ न बाटो देखाइदेऊ न फर्की धाममा जानलाई

नाम - गणेश अधिकारी (पुरुष)

उमेर - ५६ वर्ष

ठेगाना - कठजोर

**दाइँगीत**

हो हो हो दाइँ बरादो हो ऽऽ
झाले, माले, पुत्ले, पाङ्ग्रे सिँदूरे हो ऽऽ
तारीगाईको बाच्छो मालीगाईको नाति
हिड्न लाग्यो बरादो हो धान परालमाथि
रामसाली चामलको भात हर्पेको घिउ
दाइँगरी खाउँला बरादो पारौंला दरिलो जीउ
मियोको टुप्पामा बस्यो एक कोइली
आजका दएँरैलाई घिउका चोइली
हो ऽऽऽ ह ऽऽऽ
माल मधेशको सह ल्याइदेऊ
धानको रासी बढाई भकारी भरिदेऊ
सयमुरी झरुवा बाह्रबीस रास
चमेलीको फूल फुल्यो आँगनीमा वास
छोटा-छोटा हुन लागे मङ्सिरका दिन
छिटो हिँड मर्द आए धानको भारी लिन
हो ऽऽ ह ऽऽ ।

## सन्दर्भग्रन्थसूची

### क. सन्दर्भ पुस्तक–सूची


अनिल, सन्तराम, (सन् १९७५), **कन्नोजी लोकसाहित्य,** दिल्लीः अभिनव प्रकाशन ।

................., (सन् १९५०), **डिक्सनरी अफ फोकलर,** भाग २ ।

थापा, धर्मराज (२०३०), **गण्डकीको सुसेली,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र त्रिवि ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५७), **लक्ष्मी निबन्ध सङ्ग्रह,** काठमाडौँ : साझा प्रकाशन ।

पन्त, कालीभक्त (२०५८), **हाम्रो सांस्कृतिक इतिहास,** स्याङ्जा : प्रकाशन लेखक स्वयं ।

पराजुली, कृष्णप्रसाद (२०२७), **नेपाली लोकगीतको आलोक** काठमाडौँ : विणाप्रकाशन ।

पराजुली, ठाकुर, (२०४६), **नेपाली साहित्यको परिक्रमा,** काठमाडौंः विद्याप्रकाशन ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०४०) **बृहद नेपाली शब्दकोश** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., थापाथली ।

रिमाल, प्रदीप, (२०२८), **कर्णाली लोकसंस्कृति,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी ।

लोहनी, लक्ष्मण (२०१३), **रोदीघर,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

................., (२०२०), **हिन्दी साहित्यकोश भाग १,** वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

( ? ), **इन्साइक्लो पोडिया ब्रिटेनिया खण्ड ९**

शर्मा, वसन्तकुमार (२०५७), **नेपाली शब्दसागर,** काठमाडौँ : भाभा पुस्तक भण्डार, चाबहिल ।

सम, बालकृष्ण (२०३६), **मुटुको व्यथा दो.सं.,** काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०२७), **नेपाली लोकगीतको आलोक,** "नेपाली राष्ट्रिय लोकगीत ( मन्तव्य), काठमाडौँ : वीणाप्रकाशन प्रा.लि ।

--------------, (२०३२), **सिंहावलोकन दो.सं.,** काठमाडौँ : साझा प्रकाशन ।

**ख. शोधपत्रहरूको सूची**

नेपाल, खिलनाथ (२०६१), **संखुवासभामा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** एम.ए. शोधपत्र त्रि.वि. ।

पन्त, दामोदर (२०३८), **नेपाली लोकगीतको सन्दर्भमा धर्मराज थापाको योगदान,** एम.ए. शोधपत्र, त्रि.वि. ।

पौड्याल, राजेन्द्रप्रसाद (२०४३), **कमलाखोँचका लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण** एम.ए. शोधपत्र, त्रि.वि. ।

सिंह, डम्बरबहादुर, (२०५८), **दैलेखका लोकगीतको अध्ययन र विश्लेषण,** एम.ए. शोधपत्र, त्रि.वि. ।

**ग. सन्दर्भ पत्रिका–सूची**

घिमिरे, कृष्णप्रसाद "लोकगीतको परिभाषा र वर्गीकरण" **कुञ्जिनी,** (साहित्यिक समालोचना विशेषाङ्क) (काठमाडौँ : वर्ष ५, अङ्क ३, २०५४) पृ. ८८ ।

**रामेछाप नागरिक बडापत्र,** (जिल्ला विकास समिति रामेछाप २०६०) पृ. १ ।

श्रेष्ठ, तुलसीमान, "झ्याउरे गीतको बनोट र भेद" **ह्युम्यानिटिज एण्ड सोसियल साइन्स जर्नल,** (झल्युम २, नं. २, २०६०) पृ. ३७ ।

-------------, "कौरा नृत्यको विश्लेषण" उन्मेष, (अङ्क ८, २०६१) पृष्ठ ७५ ।